महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदन २०८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
सातौँ वार्षिक प्रतिवेदन
२०८२

मधेश प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८

पत्र सङ्ख्या : २०८१।८२

च.नं.: १०४

महालेखा परीक्षकको कार्यालय
नेपाल

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

नेपालको संविधानको धारा २४१ बमोजिम मधेश प्रदेशको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक

२०८२ साल वैशाख ३१ गते, बुधवार
नेपाल सम्वत् ११४५

फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणमा राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराहरूको सारांश**	९
खण्ड १	**मन्त्रालय र निकायगत बेहोरा**	
	१. प्रदेश सभा सचिवालय	१५
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१८
	३. गृह सञ्चार तथा कानुन मन्त्रालय	२३
	४. अर्थ मन्त्रालय	२८
	५. खेलकुद तथा समाजकल्याण मन्त्रालय	४०
	६. शिक्षा तथा संस्कृति मन्त्रालय	४३
	७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	५१
	८. भौतिक पूर्वाधार विकास मन्त्रालय	५८
	९. ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय	६५
	१०. वन तथा वातावरण मन्त्रालय	७०
	११. उद्योग, वार्णिज्य तथा पर्यटन मन्त्रालय	७५
	१२. श्रम तथा यातायात मन्त्रालय	७९
	१३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	८३
	१४. प्रदेश नीति तथा योजना आयोग	८८
	१५. प्रदेश लोक सेवा आयोग	९२
	१६. मुख्य न्याधिवक्ताको कार्यालय	९४
खण्ड २	**स्थानीय तह**	९७
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति**	१०३
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधारहरु**	१०५
	अनुसूचीहरु	१११

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना, २०८१, वार्षिक लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका, २०८१, सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्वन गरिएका असल अन्तर्राष्ट्रिय अभ्याससमेतको आधारमा मधेश प्रदेशका निकाय तथा कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन, राजस्व, धरौटी, र अन्य कोष तथा बक्यौतासमेत लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको सातौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदनमा एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणमा देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ।

यस वर्ष सूचकका आधारमा जोखिम विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ। लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरीवेक्षण, गुणस्तर आश्वस्तता पुनरावलोकन, भर्चुअल बैठक मार्फत सरोकारवालासँग छलफल, टोल फ्रि नम्बर र इमेलमार्फत गुनासो सुनुवाइ, एफ.एम. रेडियो र कार्यालयको वेवसाइटमार्फत सूचना प्रसारण र प्राप्ति, लेखापरीक्षणको प्रवेश र समापन बैठक, प्रतिक्रियाबाट फर्स्यौट नभएका विषयमा लेखा उत्तरदायी अधिकृत र मन्त्रीलाई जानकारी गराइ सकेको छ। त्यसैगरी, सम्परीक्षणको लागि अनुरोध भई आएको बेरुजु र प्रारम्भिक प्रतिवेदनका प्राप्त भएका सबै जवाफ सम्बोधन गरिएको छ। प्रदेश सभाको सार्वजनिक लेखा समिति र प्रदेश सरकारका पदाधिकारीहरूसँग अन्तरक्रिया गरी प्राप्त सुझावहरू समेत कार्यान्वयन गर्ने प्रयास गरिएको छ।

यो वर्ष प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश सरकारका मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा समिति र अन्य संस्थासमेत १५९ निकायको रु.४६ अर्ब ५ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न भई रु.१ अर्ब १६ करोड ३८ लाख २ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु २.५३ प्रतिशत रहेको छ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवम् वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासन लगायतका विषय लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा सङ्घीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा वृद्धि हुँदै गएको, उत्पादनशील क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनोट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भइरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने

कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भइरहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न नसकेको, ठेक्का सम्झौता विपरीत पटकपटक म्याद थप गरेको, उपलब्ध साधन स्रोतले नखाम्ने गरी योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको, निर्माण कार्यको गुणस्तर नियन्त्रण तथा परीक्षण कमजोर रहेको, ठेक्का सम्झौताहरूको कार्यान्वयन प्रभावकारी नभएको अवस्था छ। आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचान बेगर सामान खरिद भएको तर उपयोग हुन सकेको देखिँदैन।

लेखापरीक्षणबाट औंल्याइएका बेहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका बेहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। लेखापरीक्षणका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गत सार्वजनिक लेखा समितिमा छलफल गरी सोउपर कारबाही हुनुपर्नेमा विगतका केही प्रतिवेदनहरू सार्वजनिक लेखा समितिमा छलफल हुन बाँकी रहेको छ। लेखापरीक्षण प्रतिवेदन कार्यान्यवयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, लेखापरीक्षण गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, मन्त्रीज्यूहरू, उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र** - यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत १५९ (बक्यौता १ समेत) निकायको २०८०।८१ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १२० निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ३९ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट

लेखापरीक्षण गरिएको छ। विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत् लेखापरीक्षण गरिएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका बेहोरा उपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ। नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १४ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद-२ मा लेखापरीक्षणबाट देखिएका बेरुजु रकमको विवरण, परिच्छेद-३ मा लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, परिच्छेद-४ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र परिच्छेद-५ मा भविष्यमा गर्नुपर्ने सुधारहरू उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल / अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(पूर्वाधार विकास लेखापरीक्षण विभाग)

पत्र संख्याः २०८१।८२

चलानी नम्बरः ४६

मितिः२०८२।१।२८

श्री प्रदेश सचिव,
अर्थ मन्त्रालय, मधेश प्रदेश,
जनकपुरधाम, धनुषा ।

विषयः एकीकृत वित्तीय विवरणमा राय।

१. **कैफियत सहितको राय** - हामीले मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति भुक्तानीको वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण, त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको प्रदेश सरकारको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको रायव्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.१ अर्ब १६ करोड ३८ लाख २ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१० करोड ७६ लाख ९ हजार, नियमित गर्नुपर्ने रु.८६ करोड १ लाख ७९ हजार र पेस्की बाँकी रु.१९ करोड ६० लाख १४ हजार रहेको छ।

२.२. प्रदेश सरकार र मातहतको रु.३ अर्ब ४५ करोड ६६ लाख स्थिर सम्पत्ति रहेको खुलासा गरेको छ। ती सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको देखिएन।

२.३. प्रदेश सरकारको लागि रु.२ अर्ब ५८ करोड ८७ लाख सर्शत अनुदान, रु.९८ करोड ३९ लाख समपुरक अनुदान र रु.१ अर्ब ५७ करोड ५२ लाख विशेष अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म खर्च हुन नसकी रु.१ अर्ब ७७ करोड ४२ लाख बचत रहेको छ। उक्त रकम सङ्घीय सञ्चितकोषमा फिर्ता भएको छ।

२.४. राजस्व बाँडफाँट अन्तर्गत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनको अन्तशुल्क, प्राकृतिक स्रोतको रोयल्टी वापतको रकमको विवरण आर्थिक वर्षको अन्त्यसम्म पनि प्राप्त भएको छैन।

२.५. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको वित्तीय समानीकरण, सर्शत, समपुरक र विशेष अनुदानमध्ये २०८१ आषाढ मसान्तसम्म सम्बन्धित स्थानीय तहमा खर्च नभई बाँकी रहेको रकमको यथार्थ विवरण प्राप्त भएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले लेखापरीक्षण गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य बेहोरा** - प्रचलित कानुनको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था तथा सेवा प्रवाहलगायतका अन्य बेहोराहरू यसै प्रतिवेदन साथ संलग्न गरिएको छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकार र मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ। मन्त्रालयका लेखाउत्तरदायी अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको परीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततामा उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजीजन्य वा अन्य गलित पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजीजन्य वा अन्य गल्तीका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
उप-महालेखापरीक्षक
उप-महालेखा परीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकायको विवरण	संख्या	रकम
१.	सरकारी कार्यालय	१४२	४१०४७९४८
२.	अन्य संस्था र समिति (बक्यौता १ समेत)	१७	४९५२५५९
	जम्मा	**१५९**	**४६०००५०७**

यो वर्ष प्रदेश मातहत सरकारी निकाय १४२ को रु.४१ अर्ब ४ करोड ७९ लाख ४८ हजार र समिति तथा अन्य संस्था १७ को रु.४ अर्ब ९५ करोड २५ लाख ५९ हजार समेत रु.४६ अर्ब ५ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची -१ (क) र ३** मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष १४२ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य तर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

क्र.सं.	कारोबार	रकम
१	विनियोजन खर्च	२३३६१५४८
२	राजस्व	१४४०८३७६
३	धरौटी	२१३५६३२
४	अन्य (विविध)	११४२३९२
	जम्मा	**४१०४७९४८**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण **अनुसूची-२ र १३** मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष १७ अन्य संस्था र समितिको रु.४ अर्ब ९५ करोड २५ लाख ५९ हजारको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण **अनुसूची-३** र ४ मा उल्लेख छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ।

१.३. **लेखापरीक्षण बक्यौता -** यो वर्ष पूर्वाधार विकास कार्यालय, बाराले विनियोजनतर्फ रु.१ अर्ब १८ करोड ३३ लाख ८२ हजार, राजस्वतर्फ रु.१ लाख ४९ हजार र धरौटी रु.३ करोड ६० लाख ८५ हजारसमेत रु.१ अर्ब २१ करोड ९६ लाख १६ हजारको लेखापरीक्षण नगराएको कारण लेखापरीक्षण बक्यौता रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-२(क)** मा उल्लेख छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को प्रदेश सरकारको बजेट अनुमान र यथार्थ खर्च (सङ्घीय कार्यालयमा भएको खर्च समेत) निम्नानुसार छः

(रु.हजारमा)

क्र. सं.	शीर्षक/क्षेत्र	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को		
				संशोधित बजेट अनुमान	यथार्थ खर्च	खर्च प्रतिशत
१	चालु (वित्तीय हस्तान्तरण समेत)	१०३३६०४५	१०६७०३३९	१८५३८८५८	९२५५६१९	४९.९३
२	पुँजीगत	११९२४४३५	१६१९९५३१	२५५७५७७४	१५२८९३११	५९.७८
	जम्मा	**२२२६०४८०**	**२६८६९८७०**	**४४११४६३२**	**२४५४४९३०**	**५५.६४**

२.२. **निकायगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चको निकायगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं	निकाय	अन्तिम बजेट			यथार्थ खर्च			
		चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	प्रतिशत
१.	प्रदेश सभा	३७०२८५	४४०००	४१४२८५	३१२१७६	५६९४	३१७८७०	७६.७३
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको मन्त्रालय	४६३४६८	९४३४२	५५७८१०	१३५२५३	१५१७८	१५०४३१	२६.९७
३.	गृह सञ्चार तथा कानुन मन्त्रालय	३६६७१८	४५८६७४	८२५३९२	२१४२०८	१७९१८२	३९३३९०	४७.६६
४.	अर्थ मन्त्रालय	३०५२०३	३१९३१	३३७१३४	९८६९६	२१४४४	१२०१३९	३५.६४
५.	शिक्षा तथा संस्कृति मन्त्रालय	२१७२९७८	१८८१६८१	४०५४६५९	१३४२१९७	१११११७४४	२४५३९४१	६०.५२
६.	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	३८०९६०३	१८६३८७५	५६७३४७८	२७१४५१८	१०७२०८०	३७८६५९८	६६.७४
७.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१०८१४६०	१२५०२५७९	१३५८४०३९	५२९९४५	७६०३७३७	८१३३६८२	५९.८८
८.	उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय	१४८६५७१	४९३८०६५	६४२४६३६	६८९६२०	३१३९६८३	३८२९३०३	५९.६०
९.	वन तथा वातावरण मन्त्रालय	१०७१८६३	७८०६८७	१८५२५५०	७१३४९२	६२१३२३	१३३४८१४	७२.०५
१०.	उद्योग,पर्यटन, तथा वन मन्त्रालय	२८०३३४	१३८६२७८	१६६६६१२	१९०१९२	८३६००७	१०२६१९९	६१.५७
११.	श्रम तथा यातायात मन्त्रलाय	७६२५१८	२५९६६७	१०२२१८५	२३३७२६	६७८४१	३०१५६७	२९.५०
१२.	भूमि व्यवस्था,कृषि तथ सहकारी मन्त्रालय	१३७३५६०	१२५४९६७	२६२८५२७	५७६५३०	६००३८०	११७६९१०	४४.७७
१३.	प्रदेश नीति तथा योजना आयोग	१०००००	१००००	११००००	१९९३८	२३२३	२२२६२	२०.२४
१४.	प्रदेश लोकसेवा आयोग	९८२९७	२७९१९	१२६२१६	५७४०८	१०६५९	६८०६७	५३.९३
१५.	मुख्य न्यायिवक्ताको मन्त्रालय	३२६८७	४४००	३७०८७	१९७७९	२०३६	२१८१६	५८.८२
१६.	स्थानीय तहलाई हस्तान्तरण	१८९३३०४	०	१८९३३०४	१४०७९४१	०	१४०७९४१	७४.३६
	जम्मा	**१५६६८४९**	**२५५३९०६५**	**४१२०७९१४**	**९२५५६१९**	**१५२८९३११**	**२४५४४९३०**	**५९.५६**

द्रष्टव्यः खेलकुद तथा समाजकल्याण मन्त्रालयको बजेट तथा खर्च शिक्षा तथा संस्कृति मन्त्रालयमा समावेश छ।

२.३. **स्रोतगत खर्च** - प्रदेश सरकारको वित्तीय प्रतिवेदनअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को प्रदेश सरकारको स्रोतगत अनुमान प्राप्ति र खर्चको विवरण निम्नानुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	स्रोत	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च			
				स्रोतगत अनुमान	यथार्थ प्राप्ति	खर्च	खर्च प्रतिशत
१	**नेपाल सरकारबाट प्राप्त अनुदान**	**९३३१९३०**	**१०८४७३१३**	**१३४५३५००**	**११६२०२०९**	**७५३६८१६**	**६४.८६**
१.१	समानीकरण अनुदान	४६०८९७४	६१७२९६४	७४१५०००	६४७२२३२	४१६३०७६	६४.३२
१.२	सशर्त अनुदान	४४१४४९६	४२४२३९८	४५६८५००	२५८८७५५	२६५४१८८	१०२.५३
१.३	समपुरक अनुदन	८०७६१	२८३०७२	९८०००००	९८३९६९	४५५८७४	४६.३३
१.४	विशेष अनुदान	२२७६९९	१४८८७९	४९०००००	१५७५२५३	२६३६७८	१६.७४
२	**आन्तरिक ऋण**	**०**		**२०००००० **	**०**	**०**	**०**
३	**प्रदेश सरकारको राजस्व (मौज्दात समेत)**	**१२९२८५५०**	**१६०२२५५७**	**२८६६११३२**	**२६९८८९६०**	**१७००८११३**	**६३.०१**
	जम्मा	**२२२६०४८०**	**२६८६९८७०**	**४४११४६३२**	**३८६०९१६९**	**२४५४४९३०**	**६३.५७**

यो वर्ष विनियोजनतर्फ सङ्घीय सरकारको अनुदानबाट रु.७ अर्ब ५३ करोड ६८ लाख १६ हजार खर्च भएको छ। कुल खर्चमध्ये सङ्घीय सरकारको अनुदानबाट ३०.७१ प्रतिशत र प्रदेश सरकारको राजस्व र गत वर्षको मौज्दातबाट ६९.२९ प्रतिशत खर्च गरेको छ। प्रदेश राजस्वमा वृद्धि गरी सङ्घीय अनुदानमाथिको निर्भरता कम गर्दै जानुपर्दछ।

२.४. **राजस्व असुली -** प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार प्रदेश सरकारको राजस्वको स्रोत अनुसार २०७८।७९ र २०७९।८० को यथार्थ असुली तथा २०८०।८१ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

क्र. सं.	शीर्षक	२०७८।७९को यथार्थ असुली	२०७९।८० को यथार्थ असुली	२०८०।८१ को राजस्व		
				अनुमान	असुली	असुली प्रतिशत
१	कर राजस्व	११६६४४५६	११६१५५८९	१४३६०४४९	१२८२२८२३	८९.२९
२	गैर कर राजस्व	३५८५३८८	२०५४५८७	१३९९५५३	१५८५५५३	११३.२९
	जम्मा	**१५२४९८४४**	**१३६७०१७६**	**१५७६०००२**	**१४४०८३७६**	**९१.४२**

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ५.४० प्रतिशतले बढेको देखिन्छ। उल्लिखित विवरणअनुसार यो वर्षको कुल राजस्व असुली लक्ष्य (अनुदान बाहेक) रु.१५ अर्ब ७६ करोड २ हजार रहेकोमा रु.१४ अर्ब ४० करोड ८३ लाख ७६ हजार असुली भई लक्ष्यको तुलनामा ९१.४२ प्रतिशत असुल भएको देखिन्छ। लक्ष्य अनुसार राजस्व असुलीको लागि मन्त्रालयको भूमिका थप प्रभावकारी बनाउनुपर्दछ। यस सम्बन्धी विवरण **अनुसूची-८** मा समावेश छ।

३. **वित्तीय हस्तान्तरण -** प्रदेश सरकारको वित्तीय प्रतिवेदनअनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरण स्थिति निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	अनुदान	वार्षिक बजेट	हस्तान्तरण	प्रतिशत
१	समानीकरण	११८०८०४	११७०१२९	९९.१०
२	समपुरक	२८४०००	५१७५९	१८.२३
३	विशेष	४२८५००	१८६०५३	४३.४२
	जम्मा	**१८९३३०४**	**१४०७९४१**	**७४.३६**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष १३६ स्थानीय तहलाई रु.१ अर्ब ४० करोड ७९ लाख ४१ हजार हस्तान्तरण गरेको छ। स्थानीय तहबाट वास्तविक खर्च र प्रदेश सरकारलाई खर्च नभई फिर्ता गर्नुपर्ने समपुरक र विशेष अनुदान रकम यकिन गरेको छैन। यो वर्ष हस्तान्तरित अनुदानमध्ये समानीकरण अनुदानको रकम सबै भन्दा बढी कुल हस्तान्तरित रकमको ८३.११ प्रतिशत रहेको छ। प्रदेश सरकारले यो वर्ष सशर्त अनुदान प्रदान गरेको छैन।

४. **अन्तर सरकारी अख्तियारी -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य आफ्नै निकाय मार्फत कार्यान्वयन गर्ने गरी विनियोजित रकम सङ्घीय सरकारका निकाय मार्फत सञ्चालन गर्न प्रदेश प्रहरी कार्यालयलाई रु.११ करोड ९८ लाख निकासा दिएको छ। यस सम्बन्धी विवरण **अनुसूची-१२** मा समावेश छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **लेखापरीक्षण वर्षको बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यस सम्बन्धी कानुनमा प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोविलाईजेशन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष (२०८०।८१) प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.१ अर्ब १६ करोड ३८ लाख २ हजार रहेको छ। पेस्की बाँकीमा लगति पेस्की मात्र समावेश छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**१०५४२७७**	**१०९५२५**	**११६३८०२**	**१००**
१. असुल गर्नुपर्ने	**९६६४८**	**१०९६१**	**१०७६०९**	**९.२५**
२. नियमित गर्नुपर्ने	**७६२४७१**	**९७७०८**	**८६०१७९**	**७३.९१**
• अनियमित भएको	१४७२३१	२७०५५	**१७४२८६**	२४.९७
• प्रमाण कागजात पेस नभएको	६१५२४०	७०६५३	**६८५८९३**	५८.९४
३. **पेस्की**	**१९५१५८**	**८५६**	**१९६०१४**	**१६.८४**

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९ र १०** मा उल्लेख छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु** - यो वर्ष प्रदेश मन्त्रालय, समिति र अन्य संस्था समेत १५९ निकायको रु.४६ अर्ब ५ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। जसमा रु.१ अर्ब १६ करोड ३८ लाख २ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अंकको २.५३ प्रतिशत हुन आउछ।

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	सरकारी कार्यालय	१४२	४१०४७९४८	१०५४२७७	२.५७
२.	अन्य संस्था र समिति	१७	४९५२५५९	१०९५२५	२.२१
	जम्मा	**१५९**	**४६०००५०७**	**११६३८०२**	**२.५३**

३. **हालसम्मको बाँकी बेरुजु -** प्रदेश सरकारी कार्यालय तथा अन्य संस्था र समितितर्फ गत वर्षसम्म रु.८ अर्ब ३१ करोड ८ लाख ५८ हजार बेरुजु रहेकोमा यो वर्ष रु. २८ करोड १२ लाख ८८ हजार

सम्परीक्षण भएको छ। सम्परीक्षणबाट थप भएको रु.१ करोड १ लाख ८७ हजार समेत गत वर्षसम्मको रु. ८ अर्ब ३ करोड ९७ लाख ५७ हजार बाँकी रहेकोमा यो वर्ष रु.१ अर्ब १६ करोड ३८ लाख २ हजार थप भई जम्मा बेरुजु रु.९ अर्ब २० करोड ३५ लाख ५९ हजार कायम भएको छ। यस सम्बन्धी विवरण **अनुसूची-११** मा रहेको छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	सम्परीक्षण	सम्परीक्षणबाट थप	गतवर्षसम्मको बाँकी	यो वर्षको थप	अघावधिक बेरुजु
१	प्रदेश सरकारी निकायको बेरुजु	७४६६४९८	११७८७७	१०१८७	७३५८८०८	१०५४२७७	८४१३०८५
२	समिति तथा अन्य संस्थाको बेरुजु	८४४३६०	१६३४११	०	६८०९४९	१०९५२५	७९०४७४
	जम्मा	**८३१०८५८**	**२८१२८८**	**१०१८७**	**८०३९७५७**	**११६३८०२**	**९२०३५५९**

४. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

४.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३४ मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। औंल्याइएको बेरुजु ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। सोही व्यवस्थाबमोजिमको प्रकृया पुरा गर्दा समेत २०८०।८१ को रु.१ अर्ब १६ करोड ३८ लाख २ हजार बेरुजु फर्स्यौंट नभएकोले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१५** मा समावेश गरिएको छ।

४.२. प्रदेश मातहत १४२ सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १२१ कार्यालयमा रु. १ अर्ब ५ करोड ४२ लाख ७७ हजार बेरुजु देखिएको छ। यस सम्बन्धी विवरण **अनुसूची-१** मा रहेको छ।

४.३. समिति तथा अन्य संस्था १७ (वक्यौता १ समेत) को लेखापरीक्षण गरेकोमा रु.१० करोड ९५ लाख २५ हजार बेरुजु देखिएको छ।

४.४. प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समिति समेतको यो वर्ष रकमगत आधारमा बढी बेरुजु भएका ५ मन्त्रालय/निकाय निम्नानुसार छन्ः

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय / निकायको नाम	लेखापरीक्षण अङ्क	बेरुजु रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	जम्मा	पेस्की	कुल बेरुजुमा मन्त्रालयको प्रतिशत	ले.प. अङ्कको तुलनामा बेरुजु प्रतिशत
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	७९८५३१६	४७४३२२	७७९८१	२६६७७९	३४४७६०	१३०७८३	४०.७५	५.९९
२	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,	७६६३४००	१४८१९०	१२६०२	१३०९६४	१४३५६६	४६२४	१२.७३	१.९३
३	वन तथा वातावरण मन्त्रालय,	१८२०६७७	१३४७०५	११३९७	१२३३०८	१३४७०५	०	११.५७	७.४
४	शिक्षा तथा संस्कृति मन्त्रालय	३३५८४६६	१२६०४७	१४७८	१२४५६९	१२६०४७	०	१०.८३	६.९२
५	उर्जा. सिँचाई तथा खानेपानी मन्त्रालय	४३९२४०७	८०७९८	२४८२	४१८१६	४४२९८	३६९०४	६.९४	१.८४
६	अन्य मन्त्रालय तथा निकाय	२०७८०२४१	१९९७४०	१६७०	१७२७४२	१७४४१२	२३७०३	१७.१८	०.९६
	जम्मा	**४६०००५०७**	**११६३८०२**	**१०७६१०**	**८६०१७८**	**९६७७८८**	**१९६०१४**	**१००**	

कुल बेरुजुमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको सबैभन्दा बढी ४०.७५ प्रतिशत र मुख्य न्यायाधिवक्ता कार्यालय तथा प्रदेश नीति तथा योजना आयोगको लगति बेरुजु रहेको छैन।

४.५. यो वर्ष प्रदेश मातहत १४२ सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा २१ कार्यालयको बेरुजु देखिएको छैन। समिति तथा अन्य संस्था १२ मा लगति बेरुजु देखिएको छ।

४.६. यो वर्ष प्रदेश मातहत १२१ सरकारी कार्यालयको २ हजार ७५३ दफा बेरुजु देखिएकोमा १०६ दफा प्रतिकृयाबाट फर्स्यौंट भई १ हजार ६३८ दफा सैद्धान्तिक र १ हजार ९ दफा लगति बेरुजु कायम भएको छ।

४.७. प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.२ अर्ब ६५ करोड २ लाख ९५ हजार बाँकी रहेकोमा यो वर्ष रु.६ करोड २४ लाख ७३ हजार फर्स्यौंट र रु.१९ करोड ५१ लाख ५८ हजार थप भई रु.२ अर्ब ७८ करोड २९ लाख ८० हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

४.८. समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रु.४ करोड १३ लाख ५५ हजार बाँकी रहेकोमा यो वर्ष रु.२७ लाख ३ हजार फर्स्यौंट र रु.८ लाख ५६ हजार थप भई कुल पेस्की रु.३ करोड ९५ लाख ८ हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

४.९. सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणको क्रममा रु.३२ लाख ६३ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.१० लाख २२ हजार र सम्परीक्षणको क्रममा रु.३ करोड ९५ लाख ९ हजार समेत रु. ४ करोड ३७ लाख ९४ हजार असुल भएको छ। यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ।

४.१०. यो वर्ष सरकारी कार्यालय १० मा रु.३ लाख ५९ हजार र अन्य संस्था तथा समितिका ३ मा रु.२ लाख ८१ हजारसमेत रु. ६ लाख ४० हजार अग्रिम कर कट्टी नगरेको बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट फर्स्यौंट भई रु. ६ लाख २४ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ।

४.११. प्रदेश सरकारी कार्यालय, समिति र अन्य संस्थाको ७ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२०७४।७५	६९४३९५	१६४६०९	२३.७०	५७५०९	८.२८
दोस्रो २०७७	२०७५।७६	२५७३१४२६	१८२५३९९	७.०९	१२७२७०६	४.९४
तेस्रो २०७८	२०७६।७७	३१९८६२२८	१८०५९१८	५.६४	१४१५८८०	४.४३
चौथो २०७९	२०७७।७८	३९२८८५५८	२१३०५७३	५.४२	१७८८४७७	४.५५
पाँचौ २०७९	२०७८।७९	४३१०७३७६	११६३३०९	२.७०	९७००६७	२.२५
छैटौ २०८१	२०७९।८०	४७९५२१३२	१८५४२४२	३.८८	१४०५६७४	२.९३
सातौ २०८२	२०८०।८१	४६०००५०७	११६३८०२	२.५३	९६७७८८	२.१०

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **कानुन निर्माण -** गृह सञ्चार तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारले हालसम्म ६६ ऐन, १९ नियमावली तथा १६ कार्यविधि र निर्देशिका तयार गरेको छ।

२. **विधेयक पारित** - प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को परिच्छेद १५ को नियम ९९ देखि १२८ सम्म विधेयक व्यवस्थापन सम्बन्धी कार्यविधि रहेको छ। यस वर्ष सभाको ३७ बैठक बसी दर्ता भएका ४ मध्ये ३ विधेयक पारित भई प्रमाणीकरण भएका छन्। प्रदेश सभाको पहिलो कार्यकालमा ५५ विधेयक पारित भएको समेत २०८१ पौषसम्म ६६ विधेयक पारित भई प्रमाणीकरण भएका छन्।

३. **प्रशासनिक संरचना पुनरावलोकन -** प्रदेश मन्त्रिपरिषद्को २०८०।४।२९ को बैठकले प्रदेश सरकार अन्तर्गतका निर्देशनालय, समिति, बोर्ड, आयोग र अन्य कार्यालयहरू मध्ये कामको हिसाबले आवश्यक सङ्गठनहरूको विषयमा अध्ययन गरी सिफारिस गर्न प्रमुख सचिवको संयोजकत्वमा गठित साङ्गठनिक संरचना पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०८० ग्रहण गर्ने निर्णय गरेको छ। कार्यदलको प्रतिवेदनमा प्रदेशमा कायम रहेको १३४ संरचना मध्ये ६९ निरन्तरता, ३१ नयाँ थप र बाँकी खारेज गरी १०० निकाय कायम गर्न सिफारिस गरेको छ। प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ।

४. **दरबन्दी र पदपूर्ति -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख र व्यवस्थापनको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट हुने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश अन्तर्गत ४ हजार १०१ दरबन्दी रहेकोमा १ हजार ६५९ पदपूर्ति भई २ हजार ४४२ पद रिक्त रहेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणअनुसार यस वर्ष कर्मचारीको तलब भत्ता लगायत पारिश्रमिकमा रु.१ अर्ब ७८ करोड ६२ लाख खर्च भएको देखिन्छ। उक्त खर्च प्रदेश सरकारको यस वर्षको आय (वित्तीय हस्तान्तरण समेत) रु.२६ अर्ब २ करोड ८५ लाखको ६.८६ प्रतिशत रहेको देखिन्छ।

५. **कार्यक्रम कार्यान्वयन -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यान्वयन गर्ने गरी स्वीकृत भएको वार्षिक कार्यक्रम मध्ये लेखा तथा जिन्सी व्यवस्थापन सम्बन्धी तालिम, नेतृत्व विकास सम्बन्धी तालिम, विद्यालयमा कानुन सचेतना कार्यक्रम, स्थानीय तहको कानुन तर्जुमा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम, प्रदेश निजामती किताबखाना सुदृढीकरण, प्रादेशिक योजना कार्यक्रमको स्थलगत अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यको समीक्षा गोष्ठी लगायत १७ कार्यक्रमको लागि रु.३ करोड ९६ लाख ९८ हजार बजेट व्यवस्था भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएको पाइएन। वार्षिक लक्ष्य अनुसारका कार्यक्रम सञ्चालन हुनुपर्दछ।

६. **अर्थ विविध -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा विनियोजन ऐन अनुसार खर्च गर्ने रकम एकपटक बाँडफाँट गरिसकेपछि पटकपटक बाडँफाँट गर्न नपाइने व्यवस्था छ। अर्थ मन्त्रालयको अर्थ विविध शीर्षकमा चालु खर्चतर्फ रु.३ अर्ब ७३ करोड ५७ लाख ४३ हजार र पुँजीगत खर्चतर्फ रु.१ अर्ब ५० करोड समेत रु.५ अर्ब २३ करोड ५७ लाख ४३ हजार अर्थात् बजेटको ११.८७ प्रतिशत विनियोजन गरेको देखियो। अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयमा चालु खर्चतर्फ रु.१ अर्ब ७ करोड ६८ लाख ९७ हजार र पुँजीगत खर्चतर्फ रु.१ अर्ब ४८ करोड २५ लाख ४१ हजार

रकमान्तर गरी जम्मा रु.२ अर्ब ५५ करोड ९४ लाख ३८ हजार खर्च गरेको छ। शीर्षकगत विनियोजन नगरी अर्थ विविधबाट रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

७. **राजस्व प्राप्ति -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय प्रतिवेदनअनुसार प्रदेशको विगत ३ वर्षको कर राजस्व र गैरकर राजस्व (विविध समेत) को असुलीको अवस्था देहाय अनुसार रहेको छः

(रु.हजारमा)

आर्थिक वर्ष	कर राजस्व	अन्य राजस्व (विविध समेत)	जम्मा	वृद्धिदर
२०७८।७९	११६६४४५६	३५८५३८८	१५२४९८४४	-
२०७९।८०	११६१५५८९	२०५४५८७	१३६७०१७६	(१०.३०)
२०८०।८१	१२८२२८२३	१५८५५५३	१४४०८३७६	५.४०

तालिका अनुसार २०७८।७९ को तुलनामा २०७९।८० मा राजस्व असुली १०.३० प्रतिशतले घटेकोमा यसवर्ष अघिल्लो वर्षभन्दा ५.४० प्रतिशतले वृद्धि भएको छ।

८. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै एक बजेट उपशीर्षकमा रकम नपुग भएमा अर्को बजेट उपशीर्षकमा तोकिएको सीमाभित्र सम्बन्धित मन्त्रालयको सचिवले र अन्यको हकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष सुरु बजेट रु.४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार बजेट स्वीकृत भएकोमा २०८१ असार महिनामा स्थानीय तहमा रु.१० लाख र ८ मन्त्रालयमा रु.१० करोड २ लाख ५३ हजार रकमान्तर गरेको देखियो।

९. **स्थानीय तह वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

अनुदानको प्रकार	वार्षिक बजेट	हस्तान्तरण	हस्तान्तरण प्रतिशत
समानीकरण अनुदान	११८०८०४	११७०१२९	९९.१०
समपुरक अनुदान	२८४०००	५१७५९	१८.२३
विशेष अनुदान	४२८५००	१८६०५३	४३.४२
सशर्त अनुदान	यस वर्ष प्रदेश सरकारबाट विनियोजन नभएको।		
जम्मा	**१८९३३०४**	**१४०७९४१**	**७४.३६**

प्रदेशका १३६ स्थानीय तहलाई २०८०।८१ मा वित्तीय हस्तान्तरणको रुपमा रु.१ अर्ब ८९ करोड ३३ लाख ४ हजार विनियोजन गरेकोमा ७४.३६ प्रतिशत निकासा भएको छ। यसवर्ष प्रदेश सरकारले सशर्त अनुदान प्रदान गरेको छैन।

१०. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयहरूले २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेका छैनन्। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

११. **दिगो विकासको लक्ष्य** - दिगो विकास लक्ष्य (२०१६-२०३०) अन्तर्गत गरिबी निवारण, भोकमरीको अन्त्य, स्वस्थ्य जीवन, शिक्षाको सुनिश्चितता, लैङ्गिक समानता, जलवायु परिवर्तनको न्यूनीकरण

लगायतका १७ प्रमुख लक्ष्यमा १६९ परिमाणात्मक लक्ष्य सहित विभिन्न अनुगमन सूचकहरूको निर्धारण गरेको छ। प्रदेश सरकारले उक्त लक्ष्य आन्तरिकीकरण गर्ने सिलसिलामा मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) मा दिगो विकास लक्ष्यको प्रमुख लक्ष्यमा २०८०।८१ मा रु.३८ अर्ब ४२ करोड २३ लाख खर्च प्रक्षेपण गरेको छ। यसरी प्रक्षेपण भएको बजेटबाट दिगो विकासका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक अनुसार प्रादेशिकतहमा भएको कार्यको मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छैन। आवधिकरुपमा दिगो विकास लक्ष्यको मूल्याङ्कन गर्नुपर्दछ।

१२. **विषयगत समिति गठन र कार्यक्षेत्र** - प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४६ मा विभिन्न कार्य क्षेत्र अनुसार कार्य गर्ने गरी ७ विषयगत समिति गठन गर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १५१ मा आफ्नो कार्य क्षेत्र भित्र रही प्रत्येक विषयगत समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ। उक्त व्यवस्था अनुसार गठन भएका समितिहरूको २०७९ पौष १५ (प्रदेश सभाको दोस्रो कार्यकाल सुरु) देखि २०८१ पौष मसान्तसम्मको कार्यसम्पादन अवस्था निम्नानुसार रहेको छः

क्र.सं.	समितिको नाम	कार्यक्षेत्र	बैठक संख्या	निर्णय संख्या
१	कृषि तथा भूमि व्यवस्थापन समिति	भूमि व्यवस्था, कृषि तथा सहकारी, पशु सुकुम्बासी, जग्गा व्यवस्थापन र गुठी व्यवस्थापन सम्बन्धी	४०	५०
२	प्रदेश मामिला समिति	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, सञ्चार तथा कानुन	१८	४६
३	सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा सम्बन्धी, महालेखापरीक्षकको प्रतिवेदन	२७	२७
४	विकास समिति	भौतिक पूर्वाधार, ऊर्जा र सिँचाइ खानेपानी सम्बन्धी	१४	१३
५	महिला बालबालिका तथा सामाजिक न्याय समिति	शिक्षा, संस्कृति, स्वास्थ्य, महिला बालबालिका जेष्ठ नागरिक र श्रम तथा रोजगार तथा सामाजिक विकास सम्बन्धी	४१	८९
६	अर्थ तथा योजना समिति	अर्थ मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग	२१	४०
७	प्राकृतिक स्रोत तथा वातावरण समिति	उद्योग, वाणिज्य तथा पर्यटन, वन तथा वातावरण मन्त्रालय	२६	४३

विषयगत समितिबाट भएका निर्णय एवं निर्देशनको पालना भएको सुनिश्चित गर्नुपर्दछ।

१३. **वार्षिक प्रतिवेदन** - प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १५१(५) मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी सार्वजनिक लेखा समितिले आवश्यक निर्देशन दिनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष ६ वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा समितिले ती प्रतिवेदन उपर छलफल सुरु गरेको छ। लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी समितिको निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

१४. **प्रदेश समन्वय परिषद्** - सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ मा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। यो वर्ष २०८०।४।१९ मा परिषद्को चौथो बैठक बसेको छ। उक्त बैठकले जिल्ला भित्रका स्थानीय तहहरूबीच समन्वय गर्ने, विकास निर्माण सम्बन्धी काममा सन्तुलनका लागि अनुगमन गर्ने, सङ्घीय र प्रादेशिक कार्यालयबीच समन्वय कायम गर्न प्रदेश कानुन बमोजिम अन्य कार्य गर्न प्रदेश सरकारले आवश्यक पहल गर्ने, प्रदेश सरकारबाट स्थानीय तहमा कार्यान्वयन हुने आयोजना छनोट गर्दा एवं बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश र स्थानीय तहले एक अर्काको परिपुरकको रुपमा रही परियोजनाको गुणस्तर सुनिश्चित गर्ने, प्रदेश सरकार र स्थानीय तहबीच सहकार्यलाई मजवुत गर्ने लगायतका निर्णयहरू गरेको देखिन्छ। बैठकको निर्णयहरू कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

१५. **प्रदेश विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५(२) र प्रदेश आर्थिक ऐन,२०८० को दफा ३(३) मा प्रदेश विभाज्य कोषमा जम्मा भएको सवारी साधन करको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश विभाज्य कोषमा सवारी साधन कर रु.२ अर्ब ३७ करोड ९९ लाख ४६ हजार सङ्कलन भएकोमा रु.२ अर्ब २० करोड ४४ लाख ८१ हजारको बाँडफाँट भएको र रु.१७ करोड ५४ लाख ६५ हजार बाँडफाँट हुन बाँकी देखिन्छ। उक्त रकम बाँडफाँट गर्नुपर्दछ।

१६. **स्थानीय तहबाट राजस्व बाडँफाँट** - प्रदेश आर्थिक ऐन, २०८० को दफा ४ मा मनोरञ्जन कर, दफा ५ मा विज्ञापन कर र दफा ८ मा ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क स्थानीय तहले सङ्कलन गर्ने र सङ्कलित रकमको ४० प्रतिशत मासिकरुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छः

१६.१. स्थानीय तहबाट २०८०।८१ मा विज्ञापन कर रु.१ लाख ६६ हजार र दहत्तर बहत्तर शुल्क रु.२ करोड ११ लाख ९८ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ। अर्थ मन्त्रालयले कानुनमा भएको व्यवस्था अनुसार सबै स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुनुपर्ने कर र शुल्क रकम प्रदेश सञ्चित कोषमा दाखिला भएको सम्बन्धमा यकिन गर्नुपर्दछ।

१६.२. अर्थ मन्त्रालयले यस वर्ष नदीजन्य पदार्थ बिक्री शुल्क बाँडफाँट वापत रु.२० करोड ५५ लाख ८३ हजार राजस्व प्रक्षेपण गरेकोमा रु.२ करोड ११ लाख ९८ हजार प्राप्त भएको छ। यो रकम २०७९।८० को आम्दानीको तुलनामा ८५.६६ प्रतिशतले घटेको छ।

१६.३. अर्थ मन्त्रालयले यस वर्ष विज्ञापन कर वापत रु.१ लाख ५६ हजार राजस्व प्रक्षेपण गरेकोमा रु.१ लाख ६६ हजार स्थानीय तहबाट संकलन भई प्रदेश संचित कोषमा दाखिला भएको छ। गत वर्ष रु.६ लाख ३५ हजार आम्दानी भएकोमा यो वर्ष ७३.८५ प्रतिशतले घटी आम्दानी भएको छ।

स्थानीय तहबाट राजस्व बाँडफाँट भई प्राप्त हुने रकमको अनुगमन हुनुपर्दछ।

१७. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० को अनुसूची-२ मा प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार यस प्रदेश अन्तर्गत भवन संरचनामा रु.१० करोड ३५ लाख ११ हजार, मेसिनरी उपकरणमा रु.३ अर्ब १९ करोड ३४ लाख ९९ हजार, अन्य स्थिर सम्पत्तिमा रु.१५ करोड ९५ लाख ९० हजार समेत रु.३ अर्ब ४५ करोड ६६ लाखको सम्पत्ति रहेको छ। प्रदेश अन्तर्गतका सबै कार्यालयको सार्वजनिक सम्पत्तिको यथार्थ र अद्यावधिक विवरण प्रणालीमा आवद्ध गर्नुपर्दछ।

१८. **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। यो वर्ष खेलकुद तथा समाज कल्याण मन्त्रालयले रु.५ करोड १४ लाख ९ हजार, शिक्षा तथा संस्कृति मन्त्रालयले रु.७ करोड ७५ लाख ४५ हजार र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले रु.१० करोड ८९ लाख ७४ हजार समेत रु.२३ करोड ७९ लाख २८ हजार भुक्तानी गरेकोमा कानुनी व्यवस्था बमोजिम भुक्तानी दिनको

बाँकीको विवरण प्रमाणित गरेको देखिएन। कानुन बमोजिम भुक्तानी बाँकीको विवरण प्रमाणित गरेर मात्र विगतको खर्च भुक्तानी हुनुपर्दछ।

यसैगरी प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार आगामी वर्षको लागि रु.४ करोड ३० लाख ६ हजार भुक्तानी दिन बाँकी रहेको छ। विनियोजित बजेट फ्रिज हुने तर काम भएको रकम भुक्तानी हुन नसक्दा अनावश्यक दायित्व सिर्जना भएको देखिन्छ। सम्पन्न भैसकको कामको भुक्तानी सम्बन्धित आर्थिक वर्षमै हुने व्यवस्था मिलाउनु पर्दछ।

१९. **सहिद परिवार अनुदान -** प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्य अनुसार मधेशी सहिद प्रतिष्ठान निर्देशक समितिको २०८१।२।२२ को निर्णयले यस वर्ष मधेश आन्दोलनका ६२ सहिद घर परिवारलाई रु.३ लाखको दरले र १ जिउँदो सहिदलाई रु.३ लाखसमेत रु.१ करोड ८९ लाख र आन्दोलनका १०२ घाईतेलाई विभिन्न दरले रु.१ करोड ६५ लाख समेत रु.३ करोड ५४ लाख अनुदान वितरण भएको छ। यस्तो अनुदान गत वर्ष रु.६ करोड ११ लाख २५ हजार र सो भन्दा अघिल्लो वर्ष रु.३ करोड ३७ लाख ९० हजार वितरण गरेको छ।

२०. **विपन्न उपचार सहायता** – जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को बुँदा नं. ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रबन्ध गरिएको तथा बुँदा नं. ४ मा यस्तो सेवा लिने प्रक्रिया बारेमा व्यवस्था छ। उक्त निर्देशिकाको बुँदा नं. ३(४) मा आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचारको सहुलियत उपलब्ध गराउन सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्षको संयोजकत्वमा रहेको समितिले सिफारिस गर्ने र बुँदा नं.३(५) मा उपचारका लागि सिफारिस गरी पठाएका बिरामीहरूको विवरण विद्युतीय प्रविधिमा समेत लगत अभिलेख राख्नुपर्ने व्यवस्था छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस वर्ष बजेट व्यवस्था गरी १ हजार विपन्नलाई प्रति व्यक्ति रु.१ लाखको दरले रु.१० करोड खर्च गरेकोमा लाभग्राहीको विवरण सार्वजनिक गरेको छैन।

२१. **त्रैमासिक खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ मा कार्यालयले वार्षिक कार्यक्रमको आधारमा रकम खर्च गर्न सक्ने व्यवस्था छ। त्यसरी खर्च गर्दा मासिक र त्रैमासिक बजेट बाँडफाँट र वार्षिक खरिद योजना बनाई खर्च गर्नुपर्दछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरणअनुसार प्रदेश सरकारको २०८०।८१ को त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय अनुसार रहेको छः

(रु.हजारमा)

शीर्षक	कुल खर्च	त्रैमासिक खर्च रकम				असार महिना
		प्रथम	दोस्रो	तेस्रो	चौथो	
पुँजीगत खर्च	१५२८९३११	३८३२८३	१०७५६७८	२६२३२४४	११२०७१०४	५६४९४७९
प्रतिशत	१००	२.५१	७.०४	१७.१६	७३.३०	३६.९५

यो वर्ष चौथो त्रैमासिकमा ७३.३० प्रतिशत खर्च भएकोमा असार महिनामा ३६.९५ प्रतिशत खर्च भएको देखिन्छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च व्यवस्थापन गर्नुपर्दछ।

२२. **आवास कार्यक्रम** - प्रदेश सरकारले सञ्चालन गरेको आवास कार्यक्रम सम्बन्धमा निम्नानुसार देखिएको छः

२२.१. प्रदेश भित्रका असहाय र विपन्न एकल महिला, आर्थिक रुपले विपन्न व्यक्ति लगायत घरवारविहीनलाई आवास व्यवस्था गर्ने उद्देश्यले महेन्द्र नारायण निधि विपन्न योजना कार्यान्वयन कार्यविधि, २०७८ अनुसार पूर्वाधार विकास कार्यालय मार्फत यो कार्यक्रम सञ्चालन हुँदै आएको छ। प्रति घर तीन किस्तामा रु.५ लाख ६० हजार अनुदान दिई आवास निर्माण गर्ने गरी कार्यक्रम सञ्चालन भएको देखिन्छ। कार्यक्रम सञ्चालन गर्ने ७ कार्यालयले यो वर्ष रु.५ करोड २६ लाख ८ हजार खर्च गरेका छन्। कार्यक्रम अन्तर्गत सञ्चालित ३ हजार १३ आवास एकाइमध्ये २ हजार ५३ सम्पन्न र ९६० अधुरा अवस्थामा रहेका छन्।

२२.२. आर्थिक रुपले विपन्न, लोपोन्मुख, दलित, सीमान्तकृत जाति र समुदायका मानिसलाई आवास व्यवस्था गर्ने उद्देश्यले जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ अनुसार पूर्वाधार विकास कार्यालय मार्फत जनता आवास कार्यक्रम सञ्चालन हुँदै आएको छ। प्रति घर वापत तीन किस्तामा रु.३ लाख ५० हजार अनुदान दिई आवास निर्माण गर्ने गरी कार्यक्रम सञ्चालन भएको देखिन्छ। कार्यक्रम सञ्चालन गर्ने ७ कार्यालयले यो वर्ष रु.२ करोड ६६ लाख ३५ हजार खर्च गरेका छन्। कार्यक्रम अन्तर्गत सञ्चालित ६ हजार ८९८ आवास एकाइमध्ये ४ हजार ७९६ सम्पन्न र २ हजार १०२ अधुरा अवस्थामा रहेका छन्।

समयमा निर्माण सम्पन्न नहुँदा लाभग्राहीहरू आवास सुविधाबाट वञ्चित हुनुपरेको अवस्था छ। समयमै निर्माण सम्पन्न हुने व्यवस्था मिलाई लक्षित समूहलाई आवास सुविधा उपलब्ध गराउनु पर्दछ।

२३. **कन्टिन्जेन्सी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीको व्यवस्था रहेको छ। यो वर्ष भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत ७ कार्यालयले रु.१७ करोड ५ लाख ८६ हजार र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय मातहत १० कार्यलयले रु.४ करोड ७३ लाख ७१ हजार समेत रु.२१ करोड ७९ लाख ५७ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। आयोजनागत खर्च स्पष्ट हुनेगरी अभिलेख खाता राख्नु पर्नेमा एकमुष्ट रुपमा खर्च गरेका छन्। कन्टिन्जेन्सीलाई व्यवस्थित गरी खर्च गर्नुपर्दछ।

खण्ड

१

मन्त्रालय र निकायगत बेहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश सभा गठन भएको छ। प्रदेश सभामा १०७ सदस्य निर्वाचित हुने व्यवस्था छ। नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई प्रदेश सभाको काम कारबाही सञ्चालन र व्यवस्थापन हुँदै आएको छ।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष प्रदेश सभा सचिवालयको निम्नानुसार रु.३२ करोड ३० लाख ५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३१७८७०	४८७	४०१४	६३४	३२३००५

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	२४३०१३	२४५५१३	२२८७९७	९३.१९
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१७३	१७३	७१	४१.०४
२२१०० सेवा महसुल	४४०८	४४०८	३६६७	८३.१९
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२५४०६	२६९८१	२५५३५	९४.६४
२२३०० कार्यालय सामान तथा सेवाहरू	१५५००	१७०५०	१४५२९	८५.२१
२२४०० सेवा तथा परामर्श खर्च	२०९५५	२०९५५	१८१६३	८६.६८
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	३५२५०	२९६२५	६८६८	२३.१८
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१४४८०	१४४८०	४७५१	३२.८१
२२७०० विविध खर्च	९५००	९५००	८२९६	८७.३३
२७२०० सामाजिक सहायता	१५००	१५००	१५००	१००.००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१००	१००	०	०.००
चालु जम्मा	**३७०२८५**	**३७०२८५**	**३१२१७७**	**८४.३१**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४४०००	४४०००	५६९३	१२.९४
पुँजीगत जम्मा	**४४०००**	**४४०००**	**५६९३**	**१२.९४**
कुल जम्मा	**४१४२८५**	**४१४२८५**	**३१७८७०**	**७६.७३**

उल्लिखित विवरणअनुसार चालुतर्फ ८४.३१ प्रतिशत, पुँजीगततर्फ १२.९४ प्रतिशत र समग्रमा ७६.७३ प्रतिशत खर्च भएको देखिन्छ।

३. **कार्य सम्पादन** - प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को परिच्छेद १५ को नियम ९९ देखि १२८ सम्म विधेयक व्यवस्थापन सम्बन्धी कार्यविधि रहेको छ। यस वर्ष सभाको ३७ बैठक बसी दर्ता भएका ४ मध्ये ३ विधेयक पारित भएका छन्। प्रदेश सभाको पहिलो कार्यकालमा ५५ विधेयक पारित भएको समेत २०८१ पौषसम्म ६६ विधेयक पारित भई प्रमाणीकरण भएका छन्।

४. **समिति गठन र कार्यक्षेत्र** - प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४६ मा विभिन्न कार्य क्षेत्र अनुसार कार्य गर्ने गरी ७ विषयगत समिति गठन गर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १५१ मा आफ्नो कार्य क्षेत्रभित्र रही प्रत्येक विषयगत समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ। उक्त व्यवस्था अनुसार गठन भएका समितिहरूको २०७९ पौष १५ (दोस्रो कार्यकाल सुरु) देखि २०८१ पौष मसान्तसम्मको कार्यसम्पादन अवस्था निम्नानुसार रहेको छ।

क्र. सं.	समितिको नाम	कार्यक्षेत्र	बैठक संख्या	निर्णय संख्या
१	कृषि तथा भूमि व्यवस्थापन समिति	भूमि व्यवस्था, कृषि तथा सहकारी, पशु सुकुम्वासी, जग्गा व्यवस्थापन र गुठी व्यवस्थापन सम्बन्धी	४०	५०
२	प्रदेश मामिला समिति	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, सञ्चार तथा कानुन	१८	४६
३	सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा सम्बन्धी, महालेखापरीक्षकको प्रतिवेदन	२७	२७
४	विकास समिति	भौतिक पूर्वाधार, ऊर्जा र सिँचाइ खानेपानी सम्बन्धी	१४	१३
५	महिला बालबालिका तथा सामाजिक न्याय समिति	शिक्षा, संस्कृति, स्वास्थ्य, महिला बालबालिका जेष्ठ नागरिक र श्रम तथा रोजगार तथा सामाजिक विकास सम्बन्धी	४१	८९
६	अर्थ तथा योजना समिति	अर्थ मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग	२१	४०
७	प्राकृतिक स्रोत तथा वातावरण समिति	उद्योग, वाणिज्य तथा पर्यटन, वन तथा वातावरण मन्त्रालय	२६	४३

विषयगत समितिबाट भएका निर्णय एवं निर्देशनको पालना भएको सुनिश्चित गर्नुपर्दछ।

५. **वार्षिक प्रतिवेदन** - प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १५१(५) मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी सार्वजनिक लेखा समितिले आवश्यक निर्देशन दिनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष ६ वटा प्रतिवेदन पेस गरेकोमा समितिले ती प्रतिवेदन उपर छलफल सुरु भएको छ। लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी समितिको निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

६. **निजी सचिवालय -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो कार्यकालको लागि पदाधिकारी तथा सदस्यहरूले अनुसूची-२ बमोजिमको निजी सचिवालय र कर्मचारीहरू राख्न पाउने व्यवस्था छ। सो व्यवस्था अनुसार प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, मुख्य सचेतक, राजनैतिक दलको नेता, विपक्षी दलको मुख्य सचेतक, समितिका सभापति, राजनैतिक दलको सचेतक र संसद सदस्य समेतको निजी सचिवालयमा कार्यरत सहसचिव १, उपसचिव ६, शाखा अधिकृत ९६ र अन्य ४३ समेत १४६ कर्मचारी नियुक्त गरी पारिश्रमिक वापत रु.४ करोड १६ लाख ३२ हजार खर्च भएको छ।

७. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत नियमित रुपमा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार सचिवालयमा रु.२० करोड ६१ लाख ३२ हजार मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्निचर लगायत २० प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। सचिवालयले आफ्नो स्वामित्वमा रहेका सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक भएको सुनिश्चित गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

८. **सुविधाको स्वघोषणा** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २१ मा सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनित भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तिभरण वा यस ऐन बमोजिमको सुविधामध्ये निजले इच्छाएको एउटा मात्र सुविधा पाउने व्यवस्था उल्लेख छ। ऐनको उपरोक्त प्रावधान अनुसार कुनै पनि सदस्यले निवृत्तिभरण नलिएको स्वघोषणा गरेको देखिएन।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा विशेष समिति गठन र समितिको निर्णय कार्यान्वयन, सल्लाहकारको योग्यता र सुविधा, सार्वजनिक लेखा समितिमा छलफल सम्बन्धमा सुझाव दिएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - सचिवालयको यो वर्ष रु.१ करोड ९८ लाख ५० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१० लाख ७८ हजार फर्स्यौट भई रु.१ करोड ८७ लाख ७२ हजार बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश मन्त्रिपरिषद् सम्बन्धी कार्य,
- प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेशको अधिकार अन्तर्गत विषयगत नीति तर्जुमाका लागि मन्त्रालयलाई निर्देशन, स्वीकृति, कार्यान्वयन,
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन,
- विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति र तर्जुमा भएको विधेयक मस्यौदाको स्वीकृति, अध्यादेश जारीका लागि सिफारिस र प्रत्यायोजित विधायन मन्त्रिपरिषद्बाट जारी गर्ने,
- शासकीय सुधार, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रदेश निजामती सेवाको सुधार,
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति तथा कानुन तर्जुमा एवम् कार्यान्वयन,
- कर्मचारीहरूको अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन,
- नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी सन्धी सम्झौताहरूको अभिलेख व्यवस्थापन र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** – यो वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहत समेत २ कार्यालयको निम्नानुसार रु.६४ करोड ७६ लाख ३८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१५०४३२	३५४०	५२०६०	४४१६०६	६४७६३८

यो वर्ष समिति तथा अन्य संस्थातर्फ १ प्रशिक्षण केन्द्रको रु.१० करोड १७ लाख १७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	१०३४०८	१०९७४६	५११६७	४६.६२
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	७५०	७५०	१४९	१९.८७

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२१०० सेवा महसुल	१४६२६	२०३२६	१४२१६	६९.९४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३७३३८	३९२६८	१७४२९	४४.३८
२२३०० कार्यालय सामान तथा सेवाहरू	२२८२०	२५८३०	१११६१	४३.२१
२२४०० सेवा तथा परामर्श खर्च	२९०४७	२८९६७	१२६२८	४३.५९
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	२१०३७५	२१०३७५	२०७७१	९.८७
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१५९७६	१६००१	३५७१	२२.३२
२२७०० विविध खर्च	११७०५	११७०५	३९२१	३३.५०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५००	५००	२४०	४८.००
चालु जम्मा	**४४६५४५**	**४६३४६८**	**१३५२५३**	**२९.१८**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	९४३४२	९४३४२	१५१७९	१६.०९
पुँजीगत जम्मा	**९४३४२**	**९४३४२**	**१५१७९**	**१६.०९**
कुल जम्मा	**५४०८८७**	**५५७८१०**	**१५०४३२**	**२६.९७**

उल्लिखित विवरणअनुसार चालुतर्फ २९.१८ प्रतिशत, पुँजीगततर्फ १६.०९ प्रतिशत र समग्रमा २६.९७ प्रतिशत खर्च भएको देखिन्छ।

३. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलब्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।०८१ देखि २०८२।०८३ को लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। मध्यमकालीन खर्च संरचना अनुसार २०८०।०८१ मा यस कार्यालयको लागि रु.५४ करोड ८ लाख ८७ हजार खर्च प्रक्षेपण गरेकोमा रकमान्तरबाट थप समेत रु.५५ करोड ७८ लाख १० हजार विनियोजन भई रु.१५ करोड ४ लाख ३२ हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भए तापनि विनियोजनको २६.९७ प्रतिशत खर्च भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न भएको देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

४. **कार्यक्रम कार्यान्वयन -** यस कार्यालयले कार्यान्वयन गर्ने गरी स्वीकृत भएको लेखा तथा जिन्सी व्यवस्थापन सम्बन्धी तालिम, नेतृत्व विकास सम्बन्धी तालिम, विद्यालयमा कानुन सचेतना कार्यक्रम, स्थानीय तहको कानुन तर्जुमा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम, प्रदेश निजामती किताबखाना सुदृढीकरण, समीक्षा गोष्ठी लगायत १७ कार्यक्रमको लागि रु.३ करोड ९६ लाख ९८ हजार बजेट व्यवस्था भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएको पाइएन। वार्षिक लक्ष्य अनुसारका कार्यक्रम सञ्चालन हुनुपर्दछ।

५. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।०८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

६. **वित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७

दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

७. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.१३ करोड ९९ लाख ७३ हजार मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्निचर लगायत विभिन्न २६ प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। कार्यालयले मातहत कार्यालय समेतको सम्पत्तिको विवरणको लगत अद्यावधिक गरी उचित संरक्षणको व्यवस्था गर्नुपर्दछ।

८. **प्रशासनिक संरचना पुनरावलोकन -** प्रदेश मन्त्रिपरिषद्को २०८०।४।२९ को बैठकले प्रदेश सरकार अन्तर्गतका निर्देशनालय, समिति, बोर्ड, आयोग र अन्य कार्यालयहरू मध्ये कामको हिसाबले आवश्यक सङ्गठनहरूको विषयमा अध्ययन गरी सिफारिस गर्न प्रमुख सचिवको संयोजकत्वमा गठित साङ्गठनिक संरचना पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०८० ग्रहण गर्ने निर्णय गरेको छ। कार्यदलको प्रतिवेदनमा प्रदेशमा कायम रहेको १३४ संरचनामध्ये ६९ निरन्तरता, ३१ नयाँ थप र बाँकी खारेज गरी १०० निकाय कायम गर्न सिफारिस गरेको छ। प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ।

९. **दरबन्दी र पदपूर्ति -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख र व्यवस्थापनको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट हुने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश अन्तर्गत ४ हजार १०१ दरबन्दी रहेकोमा १ हजार ६५९ पदपूर्ति भई २ हजार ४४२ पद रिक्त रहेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणअनुसार यस वर्ष कर्मचारीको तलब भत्ता लगायत पारिश्रमिकमा रु.१ अर्ब ७८ करोड ६२ लाख खर्च भएको देखिन्छ। उक्त खर्च प्रदेश सरकारको यस वर्षको आय (वित्तीय हस्तान्तरण समेत) रु.२६ अर्ब २ करोड ८५ लाखको ६.८६ प्रतिशत रहेको देखिन्छ।

१०. **कर्मचारी काज -** प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा २६ बमोजिम प्रदेश निजामती कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय, सचिवालय, आयोग, विभाग वा कार्यालयबाट अन्य स्थानमा एक वर्षमा बढीमा तीन महिनासम्म काजमा खटाउन सकिने उल्लेख छ। कार्यालयबाट प्राप्त विवरणअनुसार यस वर्ष विभिन्न कार्यालयमा कार्यरत विभिन्न सेवा समूहका २९ कर्मचारीहरूलाई अर्को व्यवस्था नभएसम्मको लागि काजमा खटाएको छ।

११. **व्यवस्थापन परीक्षण** - प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ११६ मा प्रदेश लोकसेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरू बाहेक मुख्यमन्त्री तथा मन्त्रिपरिष्दको कार्यालयले प्रदेश सरकारका विभिन्न निकायहरूमा कार्यरत प्रदेश निजामती कर्मचारीहरूले प्रचलित कानुन तथा अन्य प्रशासनिक नियम र कार्यविधि पालना गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२० दिनभित्र व्यवस्थापन परीक्षणको प्रतिवेदन प्रदेश सरकार समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कार्यालयले कुनैपनि निकायको व्यवस्थापन परीक्षण गरेको छैन। कानुन बमोजिम व्यवस्थापन परीक्षण गर्नुपर्दछ।

१२. **प्रदेश समन्वय परिषद्** - सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ मा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। यो वर्ष २०८०।४।१९ मा परिषद्को चौथो बैठक बसेको छ। उक्त बैठकले जिल्ला भित्रका स्थानीय तहहरूबीच समन्वय गर्ने, विकास निर्माण सम्बन्धी काममा सन्तुलनका लागि अनुगमन गर्ने, सङ्घीय र

प्रादेशिक कार्यालयबीच समन्वय कायम गर्न प्रदेश कानुन बमोजिम अन्य कार्य गर्न प्रदेश सरकारले आवश्यक पहल गर्ने, प्रदेश सरकारबाट स्थानीय तहमा कार्यान्वयन हुने आयोजना छनोट गर्दा एवं बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश र स्थानीय तहले एक अर्काको परिपुरकको रुपमा रही परियोजनाको गुणस्तर सुनिश्चित गर्ने, प्रदेश सरकार र स्थानीय तहबीच सहकार्यलाई मजवुत गर्ने लगायतका निर्णयहरू गरेको देखिन्छ। बैठकको निर्णयहरू कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

१३. **निर्णय कार्यान्वयन -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० मा प्रदेश मन्त्रिपरिषदको निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने जिम्मेवारी यस कार्यालयलाई तोकिएको छ। यो वर्ष मन्त्रिपरिषद्को २४ पटक बैठक बसी विभिन्न १३४ निर्णय गरेकोमा निर्णय कार्यान्वयनको अभिलेख राखेको देखिएन। निर्णय कार्यान्वयनको अभिलेख राखी समीक्षा गर्नुपर्दछ।

१४. **मौज्दात हस्तान्तरण -** प्रदेश सरकारबाट निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयमा रहेका मुख्यमन्त्री राहत कोष, विविध खाता, मुख्यमन्त्री बेटी पढाउँ बेटी बचाउँ, मुख्यमन्त्री स्वच्छता अभियान र युनिसेफ कार्यक्रममा गत विगतदेखि रु.४४ करोड १४ लाख ५५ हजार निष्कृय मौज्दात रहेको छ। उल्लिखित मध्ये मन्त्रालयहरूमा हस्तान्तरण भएका कार्यक्रमसँग सम्बन्धित कोष हस्तान्तरण नभएको सम्बन्धमा गत वर्षको प्रतिवेदनमा औँल्याएकोमा स्थिति यथावत रहेको छ।

प्रदेश जनलोकपाल आयोग

१५. **आयोगको गठन** - प्रदेश सरकारले प्रदेश जनलोकपाल ऐन, २०७७ अनुसार यो आयोग गठन गरेको छ। आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनियमितता तथा भ्रष्टाचार सम्बन्धमा विस्तृत छानबिन गरी त्यसबाट भ्रष्टाचार गरेको देखिन आएमा राय सहितको प्रतिवेदन साथ सक्कल फाईल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने व्यवस्था छ। आयोगको लागि यस वर्ष रु.४ करोड ९० लाख ११ हजार बजेट विनियोजन भएकोमा रु.९७ लाख २७ हजार खर्च भएको छ।

१६. **उजुरी दर्ता र फर्स्यौट** - आयोगबाट प्राप्त विवरणअनुसार चालु वर्षका १० र गत वर्षको जिम्मेवारी ३२ समेत ४२ उजुरी टुंगो लगाउन बाँकी छ। विषयगत रुपमा चालु वर्षको अनियमित तथा भ्रष्टाचारको ३, विज्ञापन गरेर परीक्षा नलिएको १, कर्मचारी सरुवामा चलखेल तथा अनियमितता गरेको १, सरकारी रकम हिनामिना १, कानुन विपरीत विद्यालय भवन निर्माण २, विना इजाजत औषधि पसल खोल्न दिएको १, गलत तरिकाबाट शिक्षक नियुक्ति १ रहेको छ।

समिति तथा अन्य संस्था

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र

प्रदेश सरकार र स्थानीय तहको क्षमता विकास तथा सशक्तीकरण गर्ने, सार्वजनिक पदाधिकारी तथा कर्मचारीको क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गर्ने, प्रदेश तथा स्थानीय शासन सम्बन्धी अध्ययन एवं अनुसन्धान गरी प्राज्ञिक रुपमा प्रभावकारी भूमिका निर्वाह गर्ने उद्देश्यले केन्द्रको स्थापना भएको छ। यस वर्ष केन्द्रको लागि रु.२५ करोड ९६ लाख ३५ हजार बजेट विनियोजन भएकोमा रु.५ करोड ४ लाख १८ हजार खर्च भएको छ।

१७. **कार्यक्रम कार्यान्वयन** - केन्द्रको वार्षिक कार्यक्रममा समावेश जिन्सी शाखामा कार्यरत कर्मचारीहरूको लागि पाम्स सम्बन्धी तालिम, स्थानीय तहमा आन्तरिक नियन्त्रण प्रणालीको बारे अभिमुखीकरण,

नवनियुक्त कर्मचारीको लागि सेवा प्रवेश तालिम लगायत २० विभिन्न कार्यक्रमको लागि रु.८ करोड २५ लाख बजेट व्यवस्था भएकोमा कार्यक्रम कार्यान्वयन भएको छैन। वार्षिक लक्ष्य अनुसारका कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ।

१८. **मौज्दात हस्तान्तरण -** केन्द्रको स्व-आर्जन कोषको आय-व्यय विवरणअनुसार साविक ग्रामीण विकास प्रशिक्षण केन्द्रको नाममा रु.७५ लाख ११ हजार मौज्दात रहेको छ। ग्रामीण विकास प्रशिक्षण केन्द्र खारेज भै प्रदेश अन्तर्गत यस केन्द्र स्थापना भएकोमा साविक केन्द्रको नाममा रहेको मौज्दात यस केन्द्रमा हस्तान्तरण भएको छैन। यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत छ।

१९. **लक्ष्य तथा प्रगति -** केन्द्रले प्रदेशस्तरका कर्मचारीको सेवाकालीन तालिम, स्थानीय तहको क्षमता विकास योजना, राजस्व सुधार कार्ययोजना, आवधिक योजना निर्माणसम्बन्धी कार्यशाला, वातावरणीय मूल्याङ्कन सम्बन्धी तालिम लगायत १५ तालिमका लागि ४४ पटकको लक्ष्य निर्धारण गरेकोमा विभिन्न तालिम ३० पटक सञ्चालन गरी जनप्रतिनिधि ११६ र कर्मचारी १ हजार ७१५ गरी १ हजार ८३१ लाई तालिम प्रदान गरेको छ। लक्ष्यको तुलनामा ६८.१८ प्रतिशत कार्यक्रम सञ्चालन गरेको देखिँदा तालिम सञ्चालनको कार्यतालिका निर्माण गरी प्रगति हासिल गर्नुपर्दछ।

२०. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद कार्य खुला बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ। केन्द्रले विभिन्न निर्माण व्यवसायीसँग रु.५५ लाख ७८ हजार खर्च गरी केन्द्र परिसरमा ग्यारेज, पर्खाल एवं बगैचा निर्माण लगायतका कार्य गरेको र विभिन्न ४ आपूर्तिकर्तासँग रु.२६ लाख ८४ हजारका मेसिनरी सामानहरू खरिद गरेकोसमेत रु.८२ लाख ६२ हजारको कार्य सोझै खरिद गरेको छ। समान प्रकृतिको खरिदको एउटै प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा प्रशासनिक संरचना पुनरावलोकन, दरबन्दी र पदपूर्ति, कार्यक्रम कार्यान्वयन, प्रदेश समन्वय परिषद्, लगायतका सम्वन्धमा सुझाउ दिएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष कार्यालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ यो वर्ष सैद्धान्तिक बेरुजु मात्र देखिएको छ। यससम्मबन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

  - समिति र अन्य संस्थातर्फ यो वर्ष रु.७५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फर्स्यौंट नगराएकोले सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

गृह, सञ्चार तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य,
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गा वा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन,
- प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, इजाजत र नवीकरण,
- अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
- विपद् व्यवस्थापन,
- मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
- प्रदेशस्तरमा तारयुक्त र तारराहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण,
- श्रमजीवि सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन,
- चलचित्र निर्माण, सिनेमा हल सञ्चालन तथा प्रदर्शन अनुमति,
- प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन, नियम र गठन आदेशको तर्जुमा सुधार,
- न्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा सहयोग र सहजीकरण।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालयको निम्नानुसार रु.६२ करोड ८९ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३९३३९०	२८५७	२३५१४	२०९२१४	६२८९७५

यो वर्ष समिति तथा अन्य संस्थातर्फ ३ निकायको रु.३ करोड ४३ लाख ९३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	३६९३०	३८०३०	१९३१३	५०.७८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२५०	२५०	४६	१८.४०

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२१०० सेवा महसुल	२६५०	४१५०	१८७२	४५.११
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१४१८०	१६२५८	११५७०	७१.१६
२२३०० कार्यालय सामान तथा सेवाहरू	७११०	११७१०	५११३	४३.६६
२२४०० सेवा तथा परामर्श खर्च	६१५०	६१५०	३७८६	६१.५६
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	८५२००	१५७२००	५५४७२	३५.२९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२९५०	२९५०	२१०६	७१.३९
२२७०० विविध खर्च	३५००	६४००	२८२३	४४.११
२६४०० सामाजिक सेवा अनुदान	१२५००	११३८२०	१११११८२	९७.६८
२७२०० सामाजिक सहायता	६०००	६०००	९२५	१५.४२
२८१०० सम्पत्ति सम्बन्धी खर्च	२६००	२६००	०	-
२८९०० भैपरी आउने चालु खर्च	१२००	१२००	०	-
चालु जम्मा	**१८१२२०**	**३६६७१८**	**२१४२०८**	**५८.४१**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२९७१७४	३७७९७४	१७९१८२	४७.४१
३१४०० प्राकृतिक सम्पत्ति	१५००००	८०२००	०	-
३१५०० भैपरी आउने पुँजीगत	५००	५००	०	-
पुँजीगत जम्मा	**४४७६७४**	**४५८६७४**	**१७९१८२**	**३९.०७**
कुल जम्मा	**६२८८९४**	**८२५३९२**	**३९३३९०**	**४७.६६**

उल्लिखित विवरणअनुसार चालुतर्फ ५८.४१ प्रतिशत, पुँजीगततर्फ ३९.०७ प्रतिशत र समग्रमा ४७.६६ प्रतिशत खर्च गरेको छ।

३. **कानुन निर्माण** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारले ६६ ऐन, १९ नियमावली तथा १६ कार्यविधि र निर्देशिका तयार गरेको छ।

४. **आवधिक योजना** - प्रदेश सरकारको पहिलो आवधिक योजना (२०७६।७७-२०८०।८१) मा २०८०।८१ सम्ममा जनसंख्या प्रतिशतका आधारमा शान्ति सुरक्षाको अनुभूति गरेको जनसङ्ख्या ६५ बाट ९५, सुरक्षा निकायमा प्रविधिको प्रयोग ४० बाट ९०, इन्टरनेट, टेलिफोन, मोवाईल लगायत प्रविधिको प्रयोग ७५ बाट ९५ र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग ५ बाट ३० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्तिको स्थिति समीक्षा गर्नुपर्नेमा २०७९।८० को स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको भए तापनि यस मन्त्रालयसँग सम्बन्धित लक्ष्य अनुसारको प्रगति मापन उल्लेख गरी समीक्षा गरेको छैन। आवधिक योजनाले तय गरेका लक्ष्य प्राप्तिको मूल्याङ्कन गर्नुपर्दछ।

५. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलब्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।८१ देखि २०८२।८३ को लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। सो अनुसार २०८०।८१ मा यस मन्त्रालयको लागि रु.६२ करोड ८८ लाख ९४ हजार खर्च प्रक्षेपण गरेकोमा रकमान्तर थप समेत रु.८२ करोड ५३ लाख ९२ हजार कायम विनियोजन भई रु.३९ करोड ३३ लाख ९० हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भए तापनि विनियोजनको ४७.६६ प्रतिशत खर्च भएको

कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

६. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा यस मन्त्रालयसँग सम्बन्धित लागु औषध ओसार पसार तथा दुर्व्यसन रोकथाम तथा नियन्त्रण, विपद् जोखिम न्युनीकरण, विज्ञापन तथा सूचनाहरूलाई व्यवस्थित गर्न प्रदेशकै सञ्चार माध्यमहरूबाट प्रकाशन एवं प्रशारण नीति, एकद्वार सूचना प्रणाली, प्रदेशमा रहेका सञ्चार माध्यम र सामुदायिक रेडियोको सवलीकरण र संस्थागत विकास, प्रदेश मुद्रण छापाखाना लगायतका कार्य भएको देखिएन। वार्षिक नीति तथा कार्यक्रममा समावेश कार्यक्रमहरू वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट कार्यान्वयन** - मन्त्रालयले २०८०।८१ को बजेटमा यस मन्त्रालयलाई सुरक्षित बेटी अभियान, बाल हिंसा, महिला हिंसा विरुद्धका कार्यक्रम, लोककल्याणकारी विज्ञापन कार्यक्रम र सञ्चार क्षेत्रको संस्थागत विकास लगायतका समग्र क्रियाकलाप सञ्चालन गर्न रु.६९ करोड ९५ लाख ९२ हजार विनियोजन भएकोमा रु.२६ करोड ८७ लाख २८ हजार (३८.४१ प्रतिशत) खर्च भएको छ।

८. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

९. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

१०. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार मन्त्रालय अन्तर्गत रु.१३ करोड २८ लाख ९४ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायत विभिन्न २१ प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। मन्त्रालयले मातहत कार्यालय समेतको सम्पत्तिको विवरणको लगत अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

११. **आश्रित परिवार अनुदान** - प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार मधेशी सहिद प्रतिष्ठान निर्देशक समितिको २०८१।२।२२ को निर्णयले यस वर्ष मधेश आन्दोलनका ६२ सहिद घर परिवारलाई रु.३ लाखको दरले र १ जिउँदो सहिदलाई रु.३ लाखसमेत रु.१ करोड ८९ लाख र आन्दोलनका १०२ घाईतेलाई विभिन्न दरले रु.१ करोड ६५ लाख समेत रु.३ करोड ५४ लाख अनुदान वितरण भएको छ। गत वर्ष मन्त्रालयबाट रु.६ करोड ११ लाख २५ हजार र सो भन्दा अघिल्लो वर्ष रु.३ करोड ३७ लाख ९० हजार वितरण गरेको छ।

१२. **सङ्घीय कार्यालयको खर्च -** विनियोजन ऐन, २०८० को दफा ५(४) मा प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले सङ्घीय प्रहरी कार्यालयहरूमा भवन निर्माण र सामग्री खरिद गर्नका लागि विभिन्न निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार रु.३ करोड ४ लाख ५१ हजार, राष्ट्रिय अनुसन्धान कार्यालयको लागि ३० मोटरसाइकल, १० डेस्कटप, १० प्रिन्टर र ५ मनिटर खरिद गरी रु.८५ लाख ४४ हजार भुक्तानी दिएको छ। खरिद भएका मोटरसाइकल मध्ये २५ हस्तान्तरण गरी ५ थान मन्त्रालयमै मौज्दात रहेका छन्।

प्रदेश विपद् पीडित उद्दार तथा राहत कोष

प्रदेश विपद् पीडित उद्दार राहत सम्बन्धी कार्यबिधि तथा मापदण्ड, २०७५ अनुसार आगलागी, दुर्घटना, बाढी लगातयका विपद्बाट मृतक तथा पीडित घरपरिवारलाई राहत तथा उद्दार सामग्री वितरणको लागि कोषको स्थापना भएको छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छः

१३. **कोषको वित्तीय विवरण -** कोषले उपलब्ध गराएको विवरणअनुसार कोषको आय-व्यय देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

आय	रकम	व्यय	रकम
गत वर्षको जिम्मेवारी	१६६८८८	खर्च	४१२३७
		बाँकी मौज्दात	१२५६५१
जम्मा	**१६६८८८**	**जम्मा**	**१६६८८८**

१४. **कम्वल वितरण -** मन्त्रालयले विपद्को समयमा हुने सम्भावित जोखिम व्यवस्थापनको लागि सरकारी निकायबाट २० हजार कम्बल खरिद गरी यस कोषबाट रु.२ करोड ५० लाख भुक्तानी गरेको छ। यसरी खरिद भएको कम्वलमध्ये जिल्ला प्रशासन कार्यालय, सप्तरी र बारालाई ३/३ हजार एवं सिराहा, धनुषा, सर्लाही र रौतहटलाई २/२ हजारका दरले रु.१ करोड ७५ लाख मूल्यको १४ हजार कम्बल शीतलहर तथा आगलागीबाट मृत्यु भएका परिवारलाई वितरण गरी भरपाई पेस गर्ने गरी पठाएकोमा ती कार्यालयहरूबाट कम्बल वितरण गरेको भरपाई प्राप्त नभएको स्थिति छ।

समिति तथा अन्य संस्था

चलचित्र तथा लोक सञ्चार बोर्ड

चलचित्र लगायत प्रदेश भित्रका लोक संस्कृतिमा आधारित श्रव्य दृश्य सम्बन्धी लोकसञ्चारका विविध पक्षलाइ विकास, विस्तार र नियमन गर्न प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ बमोजिम स्वायत्त संस्थाको रुपमा बोर्ड गठन भई सञ्चालनमा रहेको छ।

१५. **वित्तीय स्थिति -** बोर्डको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

आय	रकम	व्यय	रकम
गत वर्षको जिम्मेवारी	२५६२६	प्रत्यक्षा खर्च	३५०
		सञ्चालन खर्च	४५९८
		कर्मचारी खर्च	७१२
		बाँकी मौज्दात	१९९६६
जम्मा	**२५६२६**	**जम्मा**	२५६२६

१६. **कार्य व्यवस्थापन -** प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ ले चलचित्र निर्माणको इजाजत, निर्माण, प्रदर्शन अनुमति, वितरण व्यवस्थित तथा सो सगँ सम्बन्धित भौतिक पूर्वाधार निर्माण गरी रेखदेख तथा सञ्चालन लगायतका गतिविधि नियमन गर्ने जिम्मेवारी बोर्डलाई तोकेको छ। तोकिएको उद्देश्य अनुसार बोर्डले नियमित रुपले कार्यसम्पादन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा सङ्घीय कार्यालयको खर्च, सवारी साधन खरिद एवं हस्तान्तरण, बजेट कार्यान्वयन, रकमान्तर लगायतका विषयमा सुझाव दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ यो वर्ष रु.४ करोड ७४ लाख ४५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ। सो मध्ये रु.१ लाख ५६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।
  - समिति र अन्य संस्थातर्फ यो वर्ष सैद्धान्तिक बेरुजु मात्र देखिएको छ। यससम्मबन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

अर्थ मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश पुरक अनुमान तथा पेस्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- प्रदेश विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँट र उपयोग,
- सङ्घीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन,
- राजस्व चुहावट नियन्त्रण,
- सङ्घ र स्थानीय तहसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
- प्रदेश तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन,
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्धन तथा विस्तार,
- प्रदेशस्तरका सार्वजनिक संस्थान, बैङ्क तथा वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन र सुधार,
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहत समेतका ५ कार्यालयको निम्नानुसार रु.१२ अर्ब ४५ करोड ९२ लाख ६४ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१५२८०८०	१०८९५४७०	८९२६	२६७८८	१२४५९२६४

उल्लिखित विनियोजन खर्चमा अर्थ विविध तथा स्थानीय तहलाई हस्तान्तरण भएको रकम समावेश गरिएको छ। राजस्व रकममा वित्तीय हस्तान्तरण समेत समावेश रहेको छ।

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	७८४२९	७८४२९	३६८४०	४६.९७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	६५८	६५८	१२३	१८.६९
२२१०० सेवा महसुल	५३७६	५५७६	३५५२	६३.७०
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१८६८३	२४५८३	१६३०६	६६.३३
२२३०० कार्यालय सामान तथा सेवाहरू	११०२८	१३०२८	१२४५८	९५.६२
२२४०० सेवा तथा परामर्श खर्च	१६९९४	१७२२६	१२५८९	७३.०८

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१५६७४६	१४८८४६	६१६९	४.१४
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	७६६०	७५६०	३७०१	४८.९६
२२७०० विविध खर्च	४३५०	४५००	२९४५	६५.४४
२८१०० सम्पत्ति सम्बन्धी खर्च	४७९७	४७९७	४०१२	८३.६४
चालु जम्मा	**३०४७२१**	**३०५२०३**	**९८६९४**	**३२.३४**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	३१९३१	३१९३१	२१४४४	६७.१६
पुँजीगत जम्मा	**३१९३१**	**३१९३१**	**२१४४४**	**६७.१६**
कुल जम्मा	**३३६६५२**	**३३७१३४**	**१२०१३८**	**३५.६४**

उल्लिखित विवरणअनुसार चालुतर्फ ३२.३४ प्रतिशत, पुँजीगततर्फ ६७.१६ प्रतिशत र समग्रमा ३५.६४ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भएको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० सम्मको स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र सं	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८० को लक्ष्य	२०७९।८० को प्रगति
१	आर्थिक वृद्धिदर	प्रतिशत	६.५३	१०	१.९
३	आय असमानता सूचकाङ्क	प्रतिशत	२९.५	२७.५	२८.२
४	औसत आयु	वर्ष	७०.४	७२.५	७२.९
५	कुल ग्रार्हस्थ्य उत्पादन	रु.अर्बमा	४८८	६१५	७०५
६	साक्षरता दर	प्रतिशत	४९.५	९६	६३.५

प्रदेशले लिएको कुल ग्रार्हस्थ्य उत्पादन लक्ष्य अनुसार प्रगति भएको अवस्था छ भने आर्थिक वृद्धिदरतर्फ निकै कमजोर अवस्था रहेको छ। साक्षरताको सूचक समेत लक्ष्य अनुसार प्रगति भएको छैन। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रममा आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलव्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।८१ देखि २०८२।८३ को लागि त्रिवर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। सो अनुसार २०८०।८१ मा यस मन्त्रालयको लागि रु.३३ करोड ६६ लाख खर्च प्रक्षेपण गरेकोमा रकमान्तर थप समेत रु.३३ करोड ७१ लाख विनियोजन भई रु.१२ करोड १ लाख खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भएतापनि विनियोजनको ३५.६४ प्रतिशत खर्च भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू मध्ये मधेश कृषि विश्व विद्यालय अन्तर्गत बारा जिल्लामा भेटनरी कलेज एण्ड रिसर्च सेन्टर स्थापना गर्ने, प्रदेशको सहकारी अभियानलाई व्यवस्थित गर्न प्रादेशिक सहकारी प्रवर्धन

नीति तर्जुमाका साथै आवश्यक साङ्गठनिक संरचना खडा गर्ने, निजी सहकारी सार्वजनिक तथा गैरसरकारी क्षेत्रको समन्वयमा प्रत्येक जिल्लामा कम्तीमा एउटा नमूना एकीकृत जैविक फर्म विकास गर्ने लगायतका विषयहरूलाई वार्षिक बजेटले सम्बोधन गरेको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू कार्यान्वयन हुनुपर्दछ।

६. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा प्रदेशको आफ्नै वित्तीय संस्था "मधेश विकास बैङ्क" स्थापना गर्न रु.१० करोड, मधेश सहिद लोकमार्ग (पर्सा-सप्तरी) का लागि रु.४ करोड, आवासीय कन्या विद्यालय निर्माणमा रु.३० करोड, प्रदेशको उद्योग व्यापार क्षेत्रमा लगानी वातावरणका लागि लगानी सम्मेलन गर्न रु.२ करोड र प्रादेशिक लगानी सेवा केन्द्र व्यवस्थापन गर्न रु.२५ लाख बजेट व्यवस्था भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **मार्गदर्शनको पालना -** मन्त्रालयले २०८०।८१ को बजेट कार्यान्वयनका लागि जारी गरेको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा पुँजीगत खर्च जेठ १५ भित्र गरिसक्ने, मंसिर मसान्तभित्र ठेक्का लगाइसक्नुपर्ने र माघ मसान्त पछि कुनै ठेक्का सम्झौता नगरिने, ठेक्का बन्दोबस्तको प्रक्रियाद्वारा सम्झौता भईसकेपछि बचत भएको रकम फिर्ता गर्नुपर्ने तथा आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र सम्बन्धित प्रदेश लेखा इकाईमा पेस गर्ने व्यवस्था रहेकोमा सोको पालना भएको देखिएन। मन्त्रालयले बजेट कार्यान्वयन मार्गदर्शनको पालना सुनिश्चित गर्नुपर्दछ।

८. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।०८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

९. **वित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

१०. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० को अनुसूची-२ मा प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सम्पत्तिको एकीकृत प्रतिवेदनमा यस प्रदेश अन्तर्गत भवन संरचनामा रु.१० करोड ३५ लाख ११ हजार, मेसिनरी उपकरणमा रु.३ अर्ब १९ करोड ३४ लाख ९९ हजार, अन्य स्थिर सम्पत्तिमा रु.१५ करोड ९५ लाख ९० हजार समेत रु.३ अर्ब ४५ करोड ६६ लाखको सम्पत्ति रहेको छ। प्रदेश अन्तर्गतका सबै कार्यालयको सार्वजनिक सम्पत्तिको यथार्थ र अद्यावधिक विवरण प्रणालीमा आवद्ध गर्नुपर्दछ।

११. **स्रोतगत अनुमान र खर्च -** प्रदेश सरकारको २०८०।८१ को वित्तीय प्रतिवेदन अनुसार स्रोतगत अनुमान, प्राप्ति र खर्चको विवरण निम्नानुसार रहेको छः

(रु.हजारमा)

स्रोत	अनुमान	प्राप्ति	खर्च	प्राप्तिको तुलनामा खर्च प्रतिशत
नेपाल सरकारबाट प्राप्त अनुदान	**१३४५३५००**	**११६२०२०९**	**७५३६८१६**	**६४.८६**
• समानीकरण अनुदान	७४१५०००	६४७२२३२	४१६३०७६	६४.३२
• सशर्त अनुदान	४५६८५००	२५८८७५५	२६५४१८८	१०२.५३
• समपुरक अनुदन	९८०००००	९८३९६९	४५५८७४	४६.३३
• विशेष अनुदान	४९०००००	१५७५२५३	२६३६७८	१६.७४
आन्तरिक ऋण	**२०००००० **	**०**	**०**	**०**
प्रदेश सरकारको राजस्व (मौज्दात समेत)	**२८६६११३२**	**२६९८८९६०**	**१७००८११३**	**६३.०१**
जम्मा	**४४११४६३२**	**३८६०९१६९**	**२४५४४९३०**	**६३.५७**

यो वर्ष सङ्घीय सरकारबाट वित्तीय हस्तान्तरणतर्फ अनुमानको ८६.३७ प्रतिशत प्राप्त भएकोमा प्राप्त रकममध्ये ६४.८६ प्रतिशत खर्च भएको छ। अनुमानित बजेटमा आन्तरिक ऋण रु.२ अर्ब उठाउने प्रक्षेपण गरिएतापनि उक्त ऋण लिएको देखिएन। राजस्व प्रक्षेपणको तुलनामा ९४.१६ प्रतिशत प्राप्ति देखिएकोमा प्राप्त रकममध्ये ६३.०१ प्रतिशत खर्च मौज्दात समेत भएको छ। स्रोतगत रुपमा कुल खर्चमध्ये सङ्घीय सरकारको अनुदानबाट ३०.७१ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ६९.२९ प्रतिशत खर्च भएको छ।

१२. **राजस्व प्राप्ति -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय प्रतिवेदनअनुसार प्रदेशको विगत ३ वर्षको कर राजस्व र गैरकर राजस्व (विविध समेत) को असुलीको अवस्था देहाय अनुसार रहेको छः

(रु.हजारमा)

आर्थिक वर्ष	कर राजस्व	अन्य राजस्व (विविध समेत)	जम्मा	वृद्धिदर
२०७८।७९	११६६४४५६	३५८५३८८	१५२४९८४४	-
२०७९।८०	११६१५५८९	२०५४५८७	१३६७०१७६	(१०.३०)
२०८०।८१	१२८२२८२३	१५८५५५३	१४४०८३७६	५.४०

उल्लिखित तालिका अनुसार अघिल्लो वर्षको तुलनामा २०७९।८० मा राजस्व असुली १०.३० प्रतिशतले घटेकोमा २०८०।८१ मा ५.४० प्रतिशतले वृद्धि भएको छ।

१३. **राजस्वको स्रोतगत स्थिति -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षमा प्रदेश सरकारले सङ्कलन गरेको राजस्वको स्रोतगत स्थिति देहाय अनुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	राजस्व शीर्षक	२०७८।७९	२०७९।८०	वृद्धिदर(२०७८।७९ तुलनामा, प्रतिशत)	२०८०।८१	वृद्धिदर(२०७९।८० तुलनामा, प्रतिशत)
१.	मूल्य अभिवृद्धि कर	७६७८१४९	६१०६२६३	(२०.४७)	७२५३८३६	१८.७९
२.	अन्तःशुल्क	२४८६७१५	२४३२०१५	(२.२०)	२३९७१३६	(१.४३)
३.	वन रोयल्टी	२१५४८	२२३४०	३.६८	१४४०४०	५४४.७६
४.	घर जग्गा रजिस्ट्रेशन दस्तुर	१४९९५९३	१८७१०७२	२४.७७	१७३२०६०	(७.४३)
५.	दहत्तर बहत्तर आय	१४७२८	१४७८४८	९०३.८६	३२६५५	(७७.९१)
६.	सवारी साधन कर (बाँडफाँट अघि)	२१०६७५६	२००९३३०	(४.६२)	२३९९३७४	१९.४१
७.	चालक अनुमतिपत्र दस्तुर	७१६५५६	६९०८७८	(३.५८)	७७६९५७	१२.४६
८.	व्यवसाय रजिष्ट्रेशन दस्तुर	११६३७६	१०१७९०	(१२.५३)	७४७८३	(२६.५३)

उल्लिखित तालिका अनुसार २०७८।७९ को तुलनामा २०७९।८० मा घरजग्गा रजिस्ट्रेशनमा २४.७७ प्रतिशत र दहत्तर बहत्तर आयमा ९०३.८६ प्रतिशतले वृद्धि भएकोमा

२०८०।८१ मा उक्त शीर्षकमा अघिल्लो वर्षको तुलनामा क्रमशः ७.४३ प्रतिशत र ७७.९१ प्रतिशतले कमी आएको छ। सङ्घीय सरकारबाट बाँडफाँट भई प्राप्त भएको मूल्य अभिवृद्धि कर २०८०।८१ मा १८.८० प्रतिशत वृद्धि भएको छ। सवारी साधन कर १९.४१ प्रतिशत र चालक अनुमति पत्र दस्तुर आय वापत १२.४६ प्रतिशतले वृद्धि भएकोमा व्यवसाय रजिष्ट्रेशन दस्तुरमा २६.५३ प्रतिशतले घटी आय भएको छ। लक्ष्य अनुसार राजस्व प्राप्त हुन नसकेको सम्बन्धमा समीक्षा गरी राजस्व सङ्कलन प्रभावकारी बनाउनुपर्दछ।

१४. **सङ्घीय वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सशर्त, विशेष, समानीकरण र समपुरक अनुदानको अनुमान, प्राप्ति र खर्चको अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	बजेट	प्राप्ति	खर्च	फिर्ता गर्नु पर्ने	फिर्ता गरेको
समानीकरण अनुदान	७४१५०००	६४७२२३२	४१६३०७६	-	२१०२७६४
सशर्त अनुदान	४५६८५००	२५८८७५५	२६५४१८८	(६५४३३)	
समपुरक अनुदन	९८०००००	९८३९६९	४५५८७४	५२८०९५	
विशेष अनुदान	४९००००	१५७५२५३	२६३६७८	१३११५७५	
जम्मा अनुदान प्राप्त	**१३४५३५००**	**११६२०२०९**	**७५३६८१६**	**१७७४२३७**	**२१०२७६४**

सशर्त अनुदान रु.२ अर्ब ५८ करोड ८७ लाख ५५ हजार प्राप्त भएकोमा रु.२ अर्ब ६५ करोड ४१ लाख ८८ हजार अर्थात् प्राप्तिभन्दा रु.६ करोड ५४ लाख ३३ हजारले बढी खर्च गरेको छ। उक्त बढी खर्चको सम्बन्धमा मन्त्रालयले यकिन गरी हिसाब मिलान गर्नुपर्दछ। वर्षान्तमा फिर्ता गर्नुपर्ने अनुदान रु.१ अर्ब ७७ करोड ४२ लाख ३७ हजार रहेकोमा रु.२ अर्ब १० करोड २७ लाख ६४ हजार फिर्ता गरेको छ।

१५. **बजेट विनियोजन र खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको विगत ५ वर्षको बजेट विनियोजन र वास्तविक खर्चको स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

आर्थिक वर्ष	कायम बजेट	वास्तविक खर्च	प्रतिशत
२०८०।८१	४४११४६३२	२४५४४९३०	५५.६४
२०७९।८०	४७०२५०५३	२६८६९८७०	५७.१४
२०७८।७९	३४८८७८००	२२२६०४००	६३.८१
२०७७।७८	३४४४३४००	२२५४५६००	६५.४६
२०७६।७७	४४१४२७००	१७९५१४००	४०.६७

विगत ५ वर्षको अवधिमा विनियोजित बजेटको तुलनामा औसतमा ५६.५४ प्रतिशत खर्च रहेकोमा यस वर्ष ५५.६४ प्रतिशत खर्च रहेको छ। विनियोजन दक्षता र खर्च क्षमता वृद्धि गर्दै बजेट कार्यान्वयन प्रभावकारी हुनुपर्दछ।

१६. **त्रैमासिक खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ मा कार्यालयले वार्षिक कार्यक्रमको आधारमा रकम खर्च गर्न सक्ने व्यवस्था छ। त्यसरी खर्च गर्दा मासिक र त्रैमासिक बजेट बाँडफाँट र वार्षिक खरिद योजना बनाई खर्च गर्नुपर्दछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलव्ध गराएको

विवरणअनुसार प्रदेश सरकारको २०८०।८१ को त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय अनुसार रहेको छः

(रु.हजारमा)

शीर्षक	कुल खर्च	त्रैमासिक खर्च रकम				असार महिना
		प्रथम	दोस्रो	तेस्रो	चौथो	
पुँजीगत खर्च	१५२८९३११	३८३२८३	१०७५६७८	२६२३२४४	११२०७१०४	५६४९४७९
प्रतिशत	१००	२.५०	७.०४	१७.१६	७३.३०	३६.९५

यो वर्ष चौथो त्रैमासिकमा ७३.३० प्रतिशत खर्च भएकोमा असार महिनामा ३६.९५ प्रतिशत खर्च भएको देखिन्छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च व्यवस्थापन गर्नुपर्दछ।

१७. **स्थानीय तह वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

अनुदानको प्रकार	वार्षिक बजेट	हस्तान्तरण	हस्तान्तरण प्रतिशत
समानीकरण अनुदान	११८०८०४	११७०१२९	९९.१०
समपुरक अनुदान	२८४०००	५१७५९	१८.२३
विशेष अनुदान	४२८५००	१८६०५३	४३.४२
सशर्त अनुदान	यस वर्ष प्रदेश सरकारबाट विनियोजन नभएको।		
जम्मा	**१८९३३०४**	**१४०७९४१**	**७४.३६**

प्रदेशका १३६ स्थानीय तहलाई २०८०।८१ मा वित्तीय हस्तान्तरणमा रु.१ अर्ब ८९ करोड ३३ लाख ४ हजार विनियोजन गरेको मध्ये वित्तीय समानीकरण अनुदान रु.१ अर्ब १७ करोड १ लाख २९ हजार, बिशेष अनुदान रु.१८ करोड ६० लाख ५३ हजार र समपूरक अनुदान रु.५ करोड १७ लाख ५९ हजार समेत रु.१ अर्ब ४० करोड ७९ लाख ४१ हजार (बजेटको ७४.३६ प्रतिशत) निकासा गरेको छ। प्रदेश सरकारले यसवर्ष सशर्त अनुदान प्रदान गरेको छैन।

१८. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै एक बजेट उपशीर्षकमा रकम नपुग भएमा अर्को बजेट तोकिएको सीमाभित्र सम्बन्धित मन्त्रालयको सचिवले र अन्यको हकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष सुरु बजेट रु.४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार बजेट स्वीकृत भएकोमा २०८१ असार महिनामा स्थानीय तहमा रु.१० लाख र ८ मन्त्रालयमा रु.१० करोड २ लाख ५३ हजार रकमान्तर गरेको छ।

१९. **अन्तर-सरकारी अख्तियारी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २६ मा प्रदेशलाई प्राप्त हुने सबै रकम सञ्चित कोषमा दाखिला हुनुपर्ने र दफा २७ मा सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यो वर्ष सङ्घीय सरकारबाट सोझै कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा मार्फत प्रादेशिक मन्त्रालय र कार्यालयलाई निकासा गरी रु.३ करोड ६१ लाख ६३ हजार खर्च गरेको छ। कानुनी व्यवस्था अनुरुप सबै किसिमको अनुदान प्रदेश सञ्चितकोष मार्फत परिचालन गर्नुपर्दछ।

२०. **सङ्घीय कार्यालय मार्फत खर्च -** विनियोजन ऐन, २०८० को दफा ५(४) मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय गर्न सक्ने व्यवस्था छ। प्रदेश अन्तर्गतको गृह, सञ्चार तथा कानुन मन्त्रालयमा विनियोजित रकममध्ये सङ्घीय कार्यालयको रुपमा रहेको प्रदेश प्रहरी कार्यालयमार्फत यस वर्ष रु.११ करोड ९८ लाख खर्च भएको छ। कानुन बमोजिम सम्बन्धित निकायबाट स्वीकृति लिई खर्च गर्नुपर्दछ।

२१. **राजस्व छुट -** प्रदेश आर्थिक ऐन, २०८० को दफा १२ मा प्रदेश सरकारले कानुन बमोजिम लगाएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्णरुपमा छुट दिन सक्ने र यसरी छुट दिएको सुविधाको विवरण प्रत्येक वर्ष मन्त्रालयले प्रदेश सभामा पेस गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छः

२१.१. जलविद्युत उद्योग, व्यवसायिक तरकारी तथा पशुपालन, सामुहिक खेती योजना लगायतका प्रयोजनका लागि खरिद गरिने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशतसम्म छुट हुने र त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा शुल्क असुल र जरिवाना समेतको व्यवस्था उल्लेख छ। मन्त्रालयले यसरी दिइएको छुटको एकीकृत विवरण तयार गरेको छैन। उद्देश्य अनुरुप छुट सुविधा उपयोगिताको अनुगमन गर्नुपर्दछ।

२१.२. प्रदेश आर्थिक ऐन, २०८० को दफा १४ मा प्रदेशभित्र दर्ता भएका सवारी साधनको नवीकरण नगराएका सवारी धनीले २०८० चैत्र मसान्तभित्र सवारी साधन कर एकमुष्ट बुझाएमा सो अवधिको शतप्रतिशत जरिवाना छुट हुने उल्लेख छ। यो वर्ष विशेष छुटको उपयोग लिनेको अभिलेख मन्त्रालयले राखेको देखिएन। ऐनको अनुसूचीमा विभिन्न सेवाको दस्तुर, शुल्क र करको दरमा छुट हुने उल्लेख रहेकोमा यो वर्ष छुट दिएको रकमको क्षेत्रगत तथा एकीकृत विवरण तयार गरेको छैन। प्रदेश सरकारबाट कर, राजस्व तथा शुल्कमा छुट प्रदान गरेको सम्बन्धमा मूल्याङ्कन हुनुपर्दछ।

२२. **मुख्यमन्त्री स्वच्छता अभियान -** प्रदेश आर्थिक ऐन, २०८० को अनुसूची १(३) मा मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमको लागि प्रदेशभित्र पारित हुने लिखतमा रजिस्ट्रेशन लिखतको थैली अङ्कको शुन्य दशमलव पाँच प्रतिशत शुल्क प्रदेश सञ्चित कोषमा जम्मा गरिने उल्लेख छ। सो रकम मुख्यमन्त्री स्वच्छता अभियान कोष स्थापना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ अनुसार मुख्यमन्त्री स्वच्छता अभियानमा परिचालन हुने व्यवस्था छ। मन्त्रालयले यो वर्ष सो कार्यक्रम वापत सङ्कलन भएको रकमको अभिलेख राखेको छैन। मन्त्रालयले घर जग्गा रजिष्ट्रेशन दस्तुरमा एकमुष्ट रु.१ अर्ब ६२ करोड ३९ लाख आम्दानी देखाएको छ। भूमि व्यवस्था तथा अभिलेख विभागको प्रतिवेदन अनुसार यस वर्ष मुख्यमन्त्री स्वच्छता अभियान वापतको रु.१७ करोड २० लाख ८७ हजार रकम सङ्कलन भएको छ। मन्त्रालयले राजस्व असुलीको शीर्षकगत विवरण तयार गर्नुपर्दछ।

२३. **विशेष व्यवस्था -** प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ मा विगतका आर्थिक वर्षहरूमा कार्य सम्पन्न भई भुक्तानी दिन बाँकी रहेको योजना तथा कार्यक्रमहरूको हकमा कार्य सम्पन्नको आधारमा भुक्तानी दिने गरी विशेष व्यवस्था गरेको छ। सोको आधारमा प्रदेश सरकारद्वारा कार्य सम्पन्न गराईएका योजना कार्यक्रमहरूमध्ये भुक्तानी हुन बाँकी रहेका योजनाहरूको उच्चस्तरीय संसदीय छानबिन विशेष समिति २०७९ द्वारा तयार गरिएको छुट योजना भुक्तानीको प्रतिवेदन अनुसार देहायका मन्त्रालय मार्फत भुक्तानी भएको छ।

(रु.हजारमा)

क्र.सं.	निकाय	रकम
१.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	४४९८७
२.	भौतिक विकास मन्त्रालय	१४०४२
३.	खेलकुद तथा समाजकल्याण मन्त्रालय	५१४०९
	जम्मा	**११०४३८**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। तोकिए बमोजिम गत वर्षको भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरी छानबिन समितिको सिफारिसको आधारमा यो वर्ष रु.११ करोड ४ लाख ३८ हजार भुक्तानी भएको छ। कानुनी प्रावधान अनुसार भुक्तानी हुनुपर्दछ।

२४. **अर्थ विविध -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा विनियोजन ऐन अनुसार खर्च गर्ने रकम एक पटक बाँडफाँट गरिसकेपछि पटकपटक बाडँफाँट गर्न नपाइने व्यवस्था छ। मन्त्रालयको अर्थ विविध शीर्षकमा चालु खर्चतर्फ रु.३ अर्ब ७३ करोड ५७ लाख ४३ हजार र पुँजीगत खर्चतर्फ रु.१ अर्ब ५० करोड समेत रु.५ अर्ब २३ करोड ५७ लाख ४३ हजार अर्थात् बजेटको ११.८७ प्रतिशत विनियोजन गरेको देखियो। अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयमा चालु खर्चतर्फ रु.१ अर्ब ७ करोड ६८ लाख ९७ हजार र पुँजीगत खर्चतर्फ रु.१ अर्ब ४८ करोड २५ लाख ४१ हजार रकमान्तर गरी जम्मा रु.२ अर्ब ५५ करोड ९४ लाख ३८ हजार खर्च गरेको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

२५. **प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। कार्यालयले पेस गरेको २०८०।८१ को प्रदेश सरकारको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन अनुसार प्रदेश सञ्चित कोषको अवस्था देहायअनुसार रहेको छः

प्रदेश सरकारको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन/आर्थिक वर्ष २०८०।८१

(रु.हजारमा)

आर्थिक संकेत	विवरण	आर्थिक वर्ष २०८०।८१	आर्थिक वर्ष २०७९।८०
१	**प्राप्ति**		
	राजस्व अनुदान र अन्य प्राप्ति	**२६०२८५८६**	**२७२३१५२८**
११०००	कर राजस्व	१२८२२८२३	११४७०१४३
१४०००	अन्य राजस्व	१२७९०५३	११६५७३७
१३०००	अनुदान	११६२०२०९	१३७२९१३६
	अन्य प्राप्ति	**३०६५०२**	**८६६५११**
१५०००	बेरुजु निकासा फिर्ता र अनुदान फिर्ता	३०६५०२	८६६५११
क	**कुल जम्मा प्राप्ति**	**२६०२८५८६**	**२७२३१५२८**
२.१	**चालु खर्च**	**९२५५६२०**	**१०६७०३३९**
२१०००	पारिश्रमिक/ सुविधा खर्च	२०८७२५१	२००८६९८
२२०००	मालसामान तथा सेवाको उपभोग खर्च	३३६७८२४	३१८२९०४
२५०००	सहायता खर्च	३४९	१००१३५
२६०००	अनुदान खर्च	३२५६०७४	४७५७५८०
२७०००	सामाजिक सुरक्षा खर्च	४९०५३७	५७४८९४
२८०००	अन्य	५३५८५	४६१२९
३१०००	**पुँजीगत खर्च**	**१५२८९३११**	**१६१९९५३१**
३११००	**स्थिर सम्पति प्राप्ति खर्च**	**१५२८९३११**	**१६१९९५३१**
३१११०	भवन तथा संरचना	२०३३३७५	३०१५८६६
३१११२०	सवारी साधन तथा मेसिनरी औजार	५९८३८८	१८३४०२१
३११३०-४०	अन्य पुँजीगत खर्च	९२७६	८२८१
३११५०	सार्वजनिक निर्माण	१२३९६४५५	१०९४०५९९
३११७०	पुँजीगत सुधार खर्च	२५१८१७	४००७६४
ख	**कुल जम्मा भुक्तानी**	**२४५४४९३०**	**२६८६९८७१**
ग	**वचत/कमि (ग=क-ख)**	**१४८३६५५**	**३६१६५७**
घ	**धरौटी लगायतका अन्य कोषको मौज्दातको थप/घट**	**४४००६२**	**११६९४०**
ङ	**यस आ.व.को नगद तथा बैङ्क मौज्दात**	**१९२३७१७**	**४७८५९७**
च	**गत आ.व.को नगद तथा बैङ्क मौज्दात**	**१४४२१५९४**	**१६१४०६९६**
छ	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**	**७६८१**	**-**
ज	**आ.व. अन्त्यको बाँकी नगद तथा बैङ्क मौज्दात (ज=ङ+च+छ)**	**१६३५२९९४**	**१६६१९२९४**

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

२५.१. प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको उल्लिखित एकीकृत वार्षिक प्रतिवेदन अनुसार वर्षान्तमा नगद तथा बैङ्क मौज्दात रु.१६ अर्ब ३५ करोड २९ लाख ९४ हजार रहेकोमा बैङ्क स्टेटमेन्ट अनुसार

रु.३६ अर्ब १५ करोड ३४ लाख ८१ हजार मौज्दात रहेको छ। एकीकृत वार्षिक प्रतिवेदनको मौज्दात भन्दा बैङ्क मौज्दात रु.१९ अर्ब ८० करोड ४ लाख ८७ हजार बढी रहेको सम्बन्धमा यथार्थता यकिन गरी हिसाब मिलान हुनुपर्दछ।

२५.२. उल्लिखित एकीकृत वार्षिक प्रतिवेदन अनुसार २०७९।८० को अन्तमा रु.१६ अर्ब ६१ करोड ९२ लाख ९४ हजार मौज्दात देखिएकोमा २०८०।८१ मा रु.१४ अर्ब ४२ करोड १५ लाख ९४ हजार मात्र सुरु जिम्मेवारी सारेको देखिन्छ। गत वर्षको भन्दा रु.२ अर्ब १९ करोड ७७ लाख घटी जिम्मेवारी कायम गरेको सम्बन्धमा यथार्थता यकिन गरी लेखा अद्यावधिक गर्नुपर्दछ।

२६. **राजस्व अनुमान र असुली -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय प्रतिवेदन अनुसार २०८०।८१ मा राजस्वको शीर्षकगत लक्ष्य र प्रगति निम्नानुसार रहेको छः

(रु.हजारमा)

राजस्व शीर्षक	लक्ष्य	असुली	असुली प्रतिशत
कर राजस्व	१४३६०४४९	१२८२२८२३	८९.२९
घर जग्गा रजिष्ट्रेशन दस्तुर	१७१८३९३	१७३२०६०	१००.८०
बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर	८२८००००	७२५३८३६	८७.६१
बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	१२६००००	१४३९६२५	११४.२६
बाँडफाँटबाट प्राप्त हुने अन्तःशुल्क	३१०१९००	२३९७१३६	७७.२८
बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	१५६	१६६	१०६.४१
अन्य र विविध राजस्व	१३९९५५३	१५८५५५३	११३.२९
बाँडफाँटबाट प्राप्त हुने वन रोयल्टी	५००००	१४४०४०	२८८.०८
बाँडफाँटबाट प्राप्त हुने दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त आय	२०५५८३	३२६५५	१५.८८
विविध आम्दानी	११४३९७०	१४०८८५८	१२३.१६
जम्मा	**१५७६०००२**	**१४४०८३७६**	**९१.४२**

उल्लिखित विवरणअनुसार २०८०।०८१ मा रु.१५ अर्ब ७६ करोड २ हजार राजस्व सङ्कलन गर्ने अनुमान गरेकोमा रु.१४ अर्ब ४० करोड ८३ लाख ७६ हजार अर्थात् लक्ष्यको तुलनामा ९१.४२ प्रतिशत असुली भएको छ।

२७. **स्थानीय तहबाट राजस्व बाडँफाँट** - प्रदेश आर्थिक ऐन, २०८० को दफा ४ मा मनोरञ्जन कर, दफा ५ मा विज्ञापन कर र दफा ८ मा ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क स्थानीय तहले सङ्कलन गर्ने र सङ्कलित रकमको ४० प्रतिशत मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छः

२७.१. स्थानीय तहबाट २०८०।८१ मा विज्ञापन कर रु.१ लाख ६६ हजार र दहत्तर बहत्तर शुल्क रु.३ करोड २६ लाख ५५ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ। मन्त्रालयले कानुनमा भएको व्यवस्था अनुसार सबै स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुनुपर्ने कर र शुल्क रकम प्रदेश सञ्चित कोषमा दाखिला भएको सम्बन्धमा यकिन गर्नुपर्दछ।

२७.२. मन्त्रालयले यस वर्ष नदीजन्य पदार्थ बिक्री शुल्क बाँडफाँट वापत रु.२० करोड ५५ लाख ८३ हजार राजस्व प्रक्षेपण गरेकोमा रु.३ करोड २३ लाख ५५ हजार प्राप्त भएको छ। यो रकम २०७९।८० को आम्दानीको तुलनामा ७७.९१ प्रतिशतले घटेको छ।

स्थानीय तहबाट राजस्व बाँडफाँट भई प्राप्त हुने रकमको अनुगमन हुनुपर्दछ।

२८. **वित्तीय हस्तान्तरण (स्थानीय तह) -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा १९ मा प्रदेशबाट स्थानीय तहलाई हुने वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था छ। यो वर्ष प्रदेश सरकारमार्फत १३६ स्थानीय तहलाई निम्नानुसार वित्तीय हस्तान्तरण भएको छः

(रु.हजारमा)

अनुदानको प्रकार	वार्षिक बजेट	वित्तीय हस्तान्तरण
समानीकरण	११८०८०४	११७०१२९
समपुरक	२८४०००	५१७५९
विशेष	४२८५००	१८६०५३
जम्मा	**१८९३३०४**	**१४०७९४१**

उल्लिखित विवरणअनुसार यो वर्ष १३६ स्थानीय तहहरूमा सशर्त अनुदान बाहेक रु.१ अर्ब ४० करोड ७९ लाख ४१ हजार वित्तीय हस्तान्तरण भएको छ। समानीकरण अनुदान बाहेक खर्च भई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा फिर्ता भएको रकमको अभिलेख नहुँदा अनुदान रकम नै प्रदेशबाट खर्च देखाउँदा आम्दानी र खर्चको हिसाब वास्तविक रुपमा चित्रण भएको पाइएन। प्राप्ति, खर्च, फिर्ता र बाँकी देखिने विवरण अद्यावधिक गरी राख्न कार्यालयको ध्यान जानुपर्दछ।

२९. **कार्य सञ्चालन कोष -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश अन्तर्गत ५९ कार्यालयमा विविध कोषमा वर्षको अन्तमा रु.८६ करोड ९५ लाख ३७ हजार बाँकी रहेकोमा बैङ्क स्टेटमेन्टअनुसार रु.८७ करोड २१ लाख ३० हजार देखिएको छ। बैङ्कमा रु.२५ लाख ९३ हजार बढी मौज्दात देखिएको सम्बन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्दछ।

३०. **धरौटी -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार धरौटीको अवस्था देहायअनुसार छन्:

गत वर्षको मौज्दात	यो वर्षको प्राप्ति	जम्मा प्राप्ति	भुक्तानी रकम	मौज्दात	बैङ्क अनुसार मौज्दात
११४३९३५	१०२७७८२	२१७१७१७	७७९७४७	१३९१९७०	१४०००८२

उल्लिखित विवरणअनुसार वर्षको अन्त्यमा स्रेस्ता अनुसार रु.१ अर्ब ३९ करोड १९ लाख ७० हजार मौज्दात बाँकी रहेकोमा बैङ्क स्टेटमेन्ट अनुसार रु.१ अर्ब ४० करोड ८२ हजार बाँकी देखिएको छ। बैङ्कमा रु.८१ लाख १२ हजार बढी मौज्दात देखिएको सम्बन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्दछ।

३१. **प्रदेश विभाज्य कोष -** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५(२) र प्रदेश आर्थिक ऐन,२०८० को दफा ३(३) मा प्रदेश विभाज्य कोषमा जम्मा भएको सवारी साधन कर रकमको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रु.२ अर्ब ३७ करोड ९९ लाख ४६ हजार सङ्कलन भएकोमा

रु.२ अर्ब २० करोड ४४ लाख ८१ हजारको बाँडफाँट भएको र रु.१७ करोड ५४ लाख ६५ हजार बाँडफाँट हुन बाँकी देखिन्छ। उक्त रकम बाँडफाँट गर्नुपर्दछ।

३२. **भुक्तानी बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा सम्बन्धित शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले आगामी वर्षमा भुक्तानी दिने गरी राख्न सक्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार आगामी वर्षको लागि रु.४ करोड ३० लाख ६ हजार भुक्तानी दिन बाँकी रहेको छ। विनियोजित बजेट फ्रिज हुने तर काम भएको रकम भुक्तानी हुन नसक्दा अनावश्यक दायित्व सिर्जना भएको देखिन्छ। सम्पन्न भैसकको कामको भुक्तानी सम्बन्धित आर्थिक वर्षमै हुने व्यवस्था मिलाउनुपर्दछ।

३३. **तलबी प्रतिवेदन** - प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ४३ मा प्रदेश निजामती कर्मचारीलाई तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी नगरिने उल्लेख छ। कार्यालयले प्रदेश अन्तर्गतका कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी यस वर्ष पारिश्रमिक कर्मचारी शीर्षकबाट रु.१ अर्ब ५६ करोड ३५ लाख ३३ हजार खर्च लेखेको छ। कानुनमा भएको व्यवस्था बमोजिम कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च गर्नुपर्दछ।

३४. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका प्रत्येक कार्यालय तथा निकायको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा सम्परीक्षण गराई बाँकी बेहोरा मात्र अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको सम्बन्धमा उपलब्ध गराएको विवरणअनुसार नियमित गर्नुपर्ने रु.४ करोड ८० लाख ५८ हजार, असुलउपर गर्नुपर्ने रु.१ करोड २२ लाख ५३ हजार र म्याद नाघेको पेस्की रु.५० करोड ४७ लाख ६२ हजारसमेत रु.५६ करोड ५० लाख ७३ बेरुजु देखिएको छ। कानुनी व्यवस्था अनुसार अन्तिम लेखापरीक्षण हुनु अगावै बेरुजु फर्स्यौंट गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा विनियोजन र खर्च, स्रोतगत अनुमान र खर्च, बजेट वक्तव्यको कार्यान्वयन, रकमान्तर र सम्पत्तिको एकीकृत विवरण, राजस्व बाँडफाँट लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहतका ३ निकायको रु.७ करोड १ लाख ८६ हजार मात्र बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

खेलकुद तथा समाज कल्याण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण र कार्यान्वयन,
- युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा र कार्यान्वयन,
- लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन,
- महिला अधिकार र बाल अधिकार सम्बन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,
- बाल बालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- जेष्ठ नागरिकको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- अपाङ्गता भएका नागरिकको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- अपाङ्गता भएका नागरिक सम्बन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक नागरिकको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख व्यवस्थापन,
- समाज कल्याण र सङ्घ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन।

१. **लेखापरीक्षण अङ्क -** यस मन्त्रालय अन्तर्गतको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार शिक्षा तथा संस्कृति मन्त्रालयमा समावेश छ।

२. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७ देखि २०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भइसकेको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० को स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र. सं.	प्रमुख सूचकहरू	इकाई	आधार वर्ष (२०७५।७६)	लक्ष्य (२०७९।८०)	उपलब्धि (२०७९।८०)
१.	महिला साक्षरता	प्रतिशत	३९	९५	५४.७
२.	ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना	सङ्ख्या	३	७	३
३.	बाल कुपोषण (५ वर्ष मुनिका बच्चामा ख्याउटेपन)	प्रतिशत	१४.४	८	१०
४.	बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह	सङ्ख्या	१	७	२
५.	पूर्ण खोप	प्रतिशत	६५	९५	८५

दोस्रो आवधिक योजना सुरु भइसकेको अवस्थामा पहिलो आवधिक योजनाको चौथो वर्षको लागि तय गरेको लक्ष्यअनुसार मिश्रित उपलब्धि हासिल भएको छ। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रममा आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

३. **वार्षिक नीति तथा कार्यक्रम** - सामाजिक रुपान्तरण तथा लैङ्गिक सशक्तीकरणका लागि मुख्यमन्त्री "बेटी पढाउ, बेटी बचाउ" अभियान अन्तर्गत छोरी बीमा, छात्रवृत्ति, लोक सेवा आयोग तयारी कक्षा, साइकल वितरण लगायत छोरी माथि समाजमा रहेका विभेदको अन्त्यको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने, ११ औं राष्ट्रिय खेलकुद मधेश प्रदेशमा सञ्चालन गर्ने गरी आवश्यक पूर्वाधार निर्माण गर्ने, लैङ्गिक समानता नीति तथा बालबिवाह बिरुद्धको १० वर्षे रणनीतिक योजना निर्माण गर्ने, मधेशका ८ वटै जिल्लाहरूमा जिल्ला स्वास्थ्य केन्द्रमा महिला सहयोग केन्द्र स्थापना गर्ने, दाइजो प्रथा उन्मुलन नीति, लैङ्गिक समानता नीति, बोक्सी आरोप र बालविवाह सम्बन्धी जागरुक अभियान लगायतका कार्यक्रम नीति तथा कार्यक्रममा समावेश गरेकोमा प्रत्येक जिल्लामा महिला सहयोग केन्द्र स्थापना गर्ने र बोक्सी आरोप जागरुक अभियान कार्यक्रम कार्यान्वयन भएको छैन। नीति तथा कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

५. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गर्ने वित्तीय प्रतिवेदन एवं कार्य सञ्चालनसँग सम्बन्धित वित्तीय प्रतिवेदनहरू उल्लिखित व्यवस्था अनुरुप विद्युतीय माध्यमबाट सार्वजनिक गरेको छैन। वित्तीय प्रतिवेदनहरू सार्वजनिक गरी सूचना प्रवाह गर्नुका साथै सम्पादित कार्यलाई पारदर्शी बनाउनुपर्दछ।

६. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.६ करोड ८ लाख ६६ हजार मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्निचर लगायत विभिन्न २० प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। मन्त्रालयले आफू र मातहत कार्यालयहरूको सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक रहे/नरहेको सुनिश्चित गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

७. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा तोकिएको शीर्षकमा बजेट अपुग भए बढी भएको बजेटबाट प्रदेश विनियोजन ऐनको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार सुरु बजेट रु.११ करोड ४९ लाख ५३ हजार बजेट

विनियोजन रहेकोमा रु.९३ करोड १९ लाख ८१ हजार अर्थात् सुरु बजेटको तुलनामा ७१० प्रतिशत थप भएको र रु.४ करोड ३२ लाख सुरु बजेटको तुलनामा ३७.५८ प्रतिशत घटी भई अन्तिम बजेट रु.१ अर्ब ३७ करोड ३४ लाख कायम भएको देखिन्छ। यसरी रकमान्तरबाट सुरु बजेटमा ७७३ प्रतिशत थप भई अन्तिम बजेट कायम भएको देखिन्छ। मन्त्रालयले आवश्यकतामा आधारित बजेट अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **सीप विकास तालिम** - व्यवसायिक सीप विकास तालिम केन्द्र रौतहटले ३२ वटा तालिम सञ्चालन गर्न रु.३ करोड २९ लाख २७ हजार बजेट व्यवस्था भएकोमा तालिम प्रदायक संस्था र कर्मचारी मार्फत २ हजार ५६५ जनालाई सिलाईकटाइ, ड्राइभिङ, चुरा बनाउने लगायतका तालिम प्रदान गरी रु.३ करोड २७ लाख ४८ हजार खर्च लेखेको छ। तालिम पश्चात् प्रशिक्षार्थीहरूले आय आर्जनमा संलग्न भए/नभएको यकिन गर्नुका साथै तालिमको उपलब्धि मापन गरी स्वरोजगारका तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

९. **गत विगतको भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष बारा जिल्लाका १९ योजनाको रु. २ करोड ५५ लाख ४८ हजार र पर्सा जिल्लाका २३ योजनाको रु. २ करोड ५८ लाख ६१ हजार समेत रु. ५ करोड १४ लाख ९ हजार भुक्तानी गरेकोमा कानुनी व्यवस्था बमोजिम भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरेको देखिएन। कानुन बमोजिम भुक्तानी बाँकीको विवरण प्रमाणित गरेर मात्र विगतको खर्च भुक्तानी हुनुपर्दछ।

१०. **दरबन्दी र पदपूर्ति** -प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ मा प्रदेश निजामती सेवाको दरबन्दी र पदपूर्ति सम्बन्धी व्यवस्था छ। मन्त्रालय र मातहतका ५ समेत ६ कार्यालयमा १०३ दरबन्दी रहेकोमा १२ जना पदपूर्ति भई ९१ रिक्त रहेको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा सङ्घीय कार्यालयको खर्च, सवारी साधन खरिद एवं हस्तान्तरण, बजेट कार्यान्वयन, रकमान्तर, बजेट समर्पण लगायतका विषयमा सुझाव दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षण अङ्क शिक्षा तथा संस्कृति मन्त्रालयमा समावेश भएकोले बेरुजु रकम पनि सोही मन्त्रालयमा समावेश छ।

शिक्षा तथा संस्कृति मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,
- प्रदेशस्तरमा पुस्तकालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको शैक्षिक मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण,
- प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा बिस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग,
- संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा र कार्यान्वयन,
- भाषा, लिपि, संस्कृति, ललितकलाको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- ऐतिहासिक, धार्मिक, पुरातात्विक, साँस्कृतिक कला र वास्तुकलाको दृष्टिले महत्वपूर्ण स्थल र धरोहरहरूको अध्ययन, अनुसन्धान तथा संरक्षण एवं सो सम्बन्धी नीति र कानुन तर्जुमा तथा कार्यान्वयन,
- सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, पूर्वाधार निर्माण, कार्यान्वयन र व्यवस्थापन,
- विश्वसम्पदा सूचीमा परेका सम्पदा, प्राचिन स्मारक एवं स्थल र दरबारहरूको संरक्षण, सम्भार, उत्खनन् पुनर्निर्माण तथा व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतका ७ कार्यालयको निम्नानुसार रु.२ अर्ब ५० करोड ५ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। उक्त रकममा खेलकुद तथा समाजकल्याण मन्त्रालय र मातहत ८ कार्यालयको कारोबार समेत समावेश छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२४५३९४२	१०३९०	२७२६४	८९२३	२५००५१९

यो वर्ष समिति तथा अन्य संस्थातर्फ ४ निकायको रु.१ अर्ब ९८ करोड ३१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	२३७०३७	२७६९५०	१८५९३८	६७.१४
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१५६	४२५	८८	२०.६८
२२१०० सेवा महसुल	९७९८	१०९९३	७७४९	७०.४९
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१९५६४	२८८३६	२२४५६	७७.८७

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२३०० कार्यालय सामान तथा सेवाहरू	४३१३३	४९७५८	४५५३३	९१.५१
२२४०० सेवा तथा परामर्श खर्च	७६८३०	९६४०१	५७३४६	५९.४९
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	७८३१६०	९२३०६१	३९७९२४	४३.११
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१२७८६	१४४४६	११६६३	८०.७३
२२७०० विविध खर्च	२२४१	४०४०	३५५६	८८.०२
२६३०० अन्य तहका सरकारहरूलाई	६००००	६००००	१००००	१६.६७
२६४०० सामाजिक सेवा अनुदान	६९०८००	६५१८००	५६२६८१	८६.३३
२७२०० सामाजिक सहायता	४४३१०	४४३१०	२८६४६	६४.६५
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५१७९	११४५९	८६१९	७५.२२
२८९०० भैपरी आउने चालु खर्च	५००	५००	०	०.००
चालु जम्मा	**१९८५४९४**	**२१७२९७९**	**१३४२१९७**	**६१.७७**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१८६३६३१	१८८१६८१	१११७४४	५९.०८
पुँजीगत जम्मा	**१८६३६३१**	**१८८१६८१**	**१११७४४**	**५९.०८**
कुल जम्मा	**३८४९१२५**	**४०५४६६०**	**२४५३९४२**	**६०.५२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६१.७७ प्रतिशत, पुँजीगततर्फ ५९.०८ प्रतिशत र समग्रमा ६०.५२ प्रतिशत खर्च भएको छ। उक्त बजेट खर्चमा खेलकुद तथा समाज कल्याण मन्त्रालयको रकम समेत समावेश छ।

३. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भएको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० सम्मको स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र सं	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८० को लक्ष्य	२०७९।८० को प्रगति	२०८०।८१ को लक्ष्य
१	साक्षरता दर (५ वर्ष वा सो भन्दा माथिको)	प्रतिशत	४९.५	९६	६३.५	९७
२	आधारभूत तहको खुद भर्ना दर (कक्षा १-८)	प्रतिशत	७९.६	९७	९५.५	९९
३	माध्यमिक तहको खुद भर्ना दर (कक्षा ९-१२)	प्रतिशत	३७.९	५६	६२.२	६०
४	विद्यालय छाड्ने दर (आधारभूत)	प्रतिशत	३.९	२.२	तथ्याङ्क नभएको	१
५	सिकाइ दर (आधारभूत कक्षा ८)	प्रतिशत	४०	६५	तथ्याङ्क नभएको	७०
६	प्रदेशको कुल बजेटमा भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा संरक्षणमा छुट्याईएको बजेट अंश	प्रतिशत	०.०६	०.१०	०.००१	०.११
७	पुरातात्विक सम्पदा संरक्षण	प्रतिशत	२०	६०	४०	८०
८	शैक्षिक तालिम सञ्चालन (मातृभाषा पढाउँने शिक्षक)	संख्या	०	६०	२००	७५
९	पुरातात्विक मठ, मन्दिर, मस्जिद, ताल, तलैया आदिको संरक्षण	संख्या	५०	१५०	४०	२००

दोस्रो आवधिक योजना सुरु भइसकेको अवस्थामा पहिलो आवधिक योजनाको चौथो वर्षको लागि तय गरेको लक्ष्यअनुसार केहिमा उपलब्धि हासिल भएको र केहिमा हुन नसकेको अवस्था उल्लिखित तालिकाले दर्शाउछ। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रममा आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलव्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।८१ देखि २०८२।८३ को लागि त्रिवर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। सो अनुसार २०८०।८१ मा यस मन्त्रालयको लागि रु.३ अर्ब ८४ करोड ९१ लाख खर्च प्रक्षेपण भएकोमा रकमान्तर समेत थप भई रु.४ अर्ब ५ करोड ४७ लाख बजेट कायम भएकोमा रु.२ अर्ब ४५ करोड ३९ लाख ४२ हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भएतापनि विनियोजनको ६०.५२ प्रतिशत खर्च भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यस वर्ष वार्षिक नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा युवा स्वयंसेवक, टेली शिक्षा प्रणालीको सुरुवात, विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरू व्यवस्थित गर्ने, नागरिकको गुणस्तरीय शिक्षाको हकलाई आत्मसात गर्दै प्रदेश भित्र रहेका विद्यालयहरूको भौतिक तथा अन्य पूर्वाधारहरूलाई क्रमिक रुपमा विकास गर्ने, गुणस्तरीय शिक्षाको लागि सङ्घीय सरकार र स्थानीय तहहरूको समन्वय तथा सहकार्यमा शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र कन्या आवासीय कलेज स्थापना गर्ने कार्यहरूमा बजेटको व्यवस्था नभएको कारण कार्यान्वयन भएको पाइएन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरूका लागि बजेट व्यवस्था गरी कार्यान्वयन हुनुपर्दछ।

६. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

७. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

८. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.८८ करोड ६९ लाख ४६ हजार मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्निचर लगायत विभिन्न ४९ प्रकारको सम्पत्ति रहेको देखिन्छ। प्राप्त विवरणअनुसार निवास र एम्बुलेन्सको क्रमशः रु.१.०३ र रु.१ मूल्य कायम गरेको देखिन्छ। मन्त्रालय र मातहत कार्यालयहरूको सम्पत्तिको विवरण उक्त प्रणालीमा लगत अद्यावधिक रहे/नरहेको सुनिश्चित गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

९. **कार्य सञ्चालनस्तरका कार्य** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० अनुसार शिक्षा तथा संस्कृति सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन लगायतका कार्य

मन्त्रालयले गर्नुपर्नेमा प्रदेश अन्तर्गतका विभिन्न जिल्लामा रु.२१ करोड ३३ लाख खर्च गरी खेलमैदान स्तरोन्नति, कभर्डहल निर्माण, विद्यालय भवन निर्माण जस्ता कार्यहरू गरेको छ। मन्त्रालय मातहतका ८ कार्यालय/निकायहरू रहेकोमा मन्त्रालय स्वंयले कार्य सञ्चालन स्तरका कार्यक्रम सञ्चालन गर्नु उचित देखिएन।

१०. **नमुना विद्यालय कार्यक्रम** - नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी कार्य गर्ने उल्लेख छ। मन्त्रालयले सिराहाका बरियारपट्टी गाउँपालिका वडा नं. ३ मा श्री जनता माध्यमिक विद्यालय देउरीपट्टी, शिवनगरलाई दोस्रो चरणको शैक्षिक ब्लक निर्माणको लागि यो वर्ष रु.१ करोड र गत वर्ष प्रथम चरणको शैक्षिक ब्लक निर्माणको लागि रु.३ करोड ५५ लाख ५५ हजार समेत रु.४ करोड ५५ लाख ५५ हजार निकासा गरेको छ। स्थानीय तहको अधिकार सूचीमा रहेको माध्यमिक विद्यालय निर्माण सम्बन्धित स्थानीय तह मार्फत स्वीकृत ड्रइङ्ग डिजाइन अनुसार निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

११. **कम्बल वितरण** - मन्त्रालयले प्रदेश अन्तर्गतका जिल्लाहरूमा विपद्मा परेका महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका लागि आपतकालीन सहयोग कार्यक्रमको लागि रु.१० लाख विनियोजन गरी लक्षित वर्गलाई जाडोबाट बच्नको लागि कम्बल वितरण गर्न रु.९ लाख ९० हजारको ४०० कम्बल खरिद गरी राजविराज नगरपालिकाका ३९९ जनालाई एक/एक थान कम्बल वितरण गरेको छ। यस्ता सामग्री वितरण गर्दा अन्य क्षेत्रमा समेत समानुपातिक र आवश्यकताका आधारमा वितरण गर्नुपर्दछ।

१२. **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च बेहोर्नुपर्ने उचित र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को विशेष व्यवस्था समेतको आधार जनाई खेलमैदान स्तरोन्नति, अधुरो वृद्धाश्रम स्तरोन्नति, जिम सेन्टर स्तरोन्नति, अधुरो रंगशाला स्तरोन्नति, ब्याडमिन्टन, कर्भडहल निर्माण, फिटनेश सेन्टर लगायतका निर्माण वापत २०७९।८० को रु.३ करोड ७० लाख ७१ हजार भुक्तानी गरेको छ। त्यसैगरी २०७८।७९ मा कार्य सम्पन्न भएका योजना तथा कार्यक्रमको भुक्तानी सम्बन्धमा गठित उच्चस्तरीय संसदीय छानबिन समितिको प्रतिवेदन अनुसार विभिन्न निर्माणकार्यका लागि रु.४ करोड ४ लाख ७४ हजार भुक्तानी गरेको छ। उक्त भुक्तानी गत विगत वर्षको भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरी भुक्तानी भएको छ। कानुन बमोजिम भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरेर मात्र गत विगतका रकम भुक्तानी गर्नुपर्दछ।

१३. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ। यो वर्ष मन्त्रालयले रु.१ करोड ३३ लाख ३८ हजार कन्टिन्जेन्सी खर्च गरेको छ। कन्टिन्जेन्सीबाट मष्टरोल मार्फत रु.३१ लाख ५९ हजार खर्च लेखेको पाइयो। विभिन्न निर्माण कार्यका लागि कर्मचारी नियुक्त गरी निजहरूलाई पारिश्रमिक वापत उक्त रकम खर्च लेखेको छ। कन्टिन्जेन्सी खर्चलाई योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा गरेको देखिएन। कन्टिन्जेन्सी खर्च रकमको योजनागत अभिलेख राख्नुपर्दछ।

१४. **विद्यालय भर्नादर -** शैक्षिक सत्र २०८० मा कक्षा १ देखि १२ सम्मका कुल विद्यार्थी ७१ लाख ४३ हजार ३०० मध्ये मधेश प्रदेशमा निम्नानुसार १५ लाख ६८ हजार ५०० (२१.९६ प्रतिशत) विद्यार्थी रहेका छन्:

तह	विद्यार्थी	नेपाल	मधेश	प्रतिशत
आधारभूत तह (१-८)	छात्रा	२५८५७००	६२५७००	२४.२०
	छात्र	२७८६०००	६५२४००	२३.४२
	जम्मा	५३७१७००	१२७८१००	२३.७९
माध्यमिक तह (९-१२)	छात्रा	८७९३००	१३९९००	१५.९१
	छात्र	८९२३००	१५०५००	१६.८७
	जम्मा	१७७१६००	२९०४००	१६.३९
कुल	**छात्रा**	**३४६५०००**	**७६५६००**	**२२.१**
	छात्र	**३६७८३००**	**८०२८००**	**२१.८३**
	जम्मा	**७१४३३००**	**१५६८५००**	**२१.९६**

यस शैक्षिक सत्रमा प्रदेशमा भर्ना भएको छात्र र छात्राको अनुपात ५१.०४ प्रतिशत र ४८.९६ प्रतिशत रहेको छ। प्रदेशमा कक्षा १ देखि ८ सम्म १२ लाख ७८ हजार १०० विद्यार्थी भर्ना भएकोमा छात्राको संख्या ६ लाख २५ हजार ७०० र छात्रको संख्या ६ लाख ५२ हजार ४०० रहेको छ। यसैगरी कक्षा ९ देखि १२ सम्म २ लाख ९० हजार ४०० विद्यार्थी भर्ना भएका छन्, जसमा छात्राको संख्या १ लाख ३९ हजार ९०० र छात्रको संख्या १ लाख ५० हजार ५०० रहेको छ।

१५. **एस.ई.ई. नतिजा -** शैक्षिक सत्र २०७९ को माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) मा कुल ४ लाख ८४ हजार ९२४ विद्यार्थी सहभागीमध्ये मधेश प्रदेशबाट ८० हजार सहभागी भएका थिए। राष्ट्रियस्तरमा जि.पि.ए. २.०० देखि २.४० प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २१.१ प्रतिशत रहेकोमा यस प्रदेशमा २०.२७ प्रतिशत रहेको छ। यसैगरी प्रदेशमा जि.पि.ए. ०.८० देखि १.२० प्राप्त गर्ने विद्यार्थीको संख्या सबैभन्दा कम ०.३३ प्रतिशत रहेको छ। शैक्षिक गुणस्तरमा वृद्धि गरी प्रदेशको एस.ई.ई. नतिजामा सुधार गर्नुपर्दछ।

१६. **शिक्षक व्यवस्थापन -** शिक्षा नियमावली, २०५९ को नियम ७७ मा शिक्षक विधार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। मधेश प्रदेशमा ३ हजार ४०१ सामुदायिक र ७५४ संस्थागत विद्यालय रहेका छन। सामुदायिक विद्यालयमा स्थायी १२ हजार २८, अस्थायी १ हजार २४२ र राहत ५ हजार ६९ समेत १८ हजार ३३९ शिक्षक कार्यरत रहेका छन्। शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान सम्बन्धी कार्य भएको छैन।

शिक्षा विकास निर्देशनालय

१७. **छोरी बीमा कार्यक्रम -** मधेश प्रदेशका छोरीहरूको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्था लगायत चौतर्फी विकासका लागि उनीहरूको शिक्षामा पहुँच सुनिश्चित गर्दै भ्रुण हत्या, लैंगिक हिंसा, बाल विवाह नियन्त्रण र लोक कल्याणकारी राज्यको भावना अनुरुप लैङ्गिक विभेदमुक्त समाजको स्थापना हुने परिकल्पनालाई साकार पार्नको लागि मुख्यमन्त्री बेटी पढाउँ बेटी बचाउँ अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को बुँदा नं. ३ अनुसार २०७८।१०।१ गते पछि जन्मेका छोरीहरूको शिक्षा बीमा/मुद्धती बचत कार्यक्रममा आबद्ध गर्न ग्लोबल आइ एम ई बैङ्क छनोट गरी निर्देशनालयले यो वर्ष

३ हजार ७८३ जना छोरीहरूको नाममा खाता खोली २० वर्ष उमेर पुगेपछि रु.३ लाख उपलब्ध गराउने सर्तमा उक्त बैङ्कलाई प्रति छोरी रु.३७ हजार ४५७।६० का दरले रु.१४ करोड १७ लाख २ हजार समेत हालसम्म ८ हजार ७८७ जनाको लागि रु.३२ करोड ९१ लाख ४० हजार उपलब्ध गराएको छ।

शिक्षा विकास इकाईहरू

१८. **भौतिक तथा वित्तीय प्रगति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन्:

१८.१. शिक्षा विकास इकाई, धनुषाले धनुषा तथा महोत्तरी जिल्लाका विभिन्न ४९ विद्यालयहरूमा अधुरो भवन, दुई/चार कोठे भवन, शौचालय निर्माण तथा विज्ञान प्रयोगशाला, कम्पाउण्डवाल, भवन स्तरोन्नति लगायतका विभिन्न निर्माण तथा मर्मत कार्यमध्ये ३७ विद्यालयको मर्मत, स्तरोन्नति र निर्माण कार्यमा शतप्रतिशत भौतिक प्रगति गरेको विवरण पेस भएको छ। विद्यालयहरू निर्माण, मर्मत र स्तरोन्नति गर्न रु.२ करोड १० लाख बजेट व्यवस्था गरेकोमा १२ विद्यालयहरूमा निर्माण समितिसँग सम्झौता नभएकोले कार्य सञ्चालन हुन नसकी समग्रमा ७५.५१ प्रतिशत भौतिक प्रगति गरेको विवरण पेस गरेको छ। विद्यालय छनोट गर्दा उपलब्ध स्रोत र साधन एवं बजेट तथा विद्यालय भवन निर्माणको प्राथमिकीकरण गरि लक्षित कार्य सम्पन्न हुने कार्यक्रम छनोट गर्नुपर्दछ।

१८.२. शिक्षा विकास ईकाई, सर्लाहीले रौतहट जिल्लामा २२ र सर्लाही जिल्लामा ४८ समेत कुल ७० योजना रहेकोमा रौतहट जिल्लामा १८ र सर्लाही जिल्लामा ३६ समेत ५४ योजना सम्पन्न भई ७७.१४ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ। उक्त कार्यका लागि रु.१३ करोड १२ लाख २९ हजार खर्च भई ६६.०९ प्रतिशत वित्तीय प्रगति देखाएको छ। दुई कोठे, चार कोठे विद्यालय भवन निर्माण, शौचालय, मदरसा निर्माण, स्तरोन्नति जस्ता विभिन्न १४ योजनामा रु.५ करोड ५५ लाख बजेट व्यवस्था भएकोमा खर्च हुन सकेको छैन। कार्यालयले तोकिए बमोजिम भौतिक प्रगति गर्नुपर्दछ।

१८.३. शिक्षा विकास इकाई, बाराले ३६ विद्यालय भवन निर्माणमा रु.९ करोड ९१ लाख निकासा गरेको भए तापनि हालसम्म रु.६ करोड ६५ लाख मूल्यको भवन निर्माण कार्य गर्न बाँकी रहेको छ। तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

समिति तथा अन्य संस्था

मधेश विश्वविद्यालय

सर्वसुलभ रुपमा उच्च शिक्षा उपलब्ध गराई राष्ट्रको सर्वाङ्गिण विकासमा दक्ष जनशक्तिको आपूर्ति गर्न र प्रतिस्पर्धाको माध्यमबाट उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै शैक्षिक तथा प्राज्ञिक वातावरणलाई उपलब्धीमूलक बनाउने उद्देश्यले २०७९।५।२३ मा यस विश्वविद्यालयको स्थापना भएको छः

१९. **वित्तीय व्यवस्था** - विश्वविद्यालयको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छ।

(रु.हजारमा)

विवरण	आय	विवरण	व्यय
गत वर्षको जिम्मेवारी	६९७६७	प्रत्यक्ष खर्च	१४९२८
बिक्री/सेवा शुल्क	६३७८	सञ्चालन खर्च	२९०८०
अनुदान	२०००००	वर्षान्तको मौज्दात	२३२८५९
अन्य आय	७२२		
जम्मा	**२७६८६७**		**२७६८६७**

२०. **दरबन्दी र पदपूर्ति** - मधेश विश्वविद्यालय ऐन, २०७९ को दफा १५ बमोजिम विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवा सिफारिस गर्न उपकुलपतिको अध्यक्षतामा पदपूर्ति समिति गठन गर्ने व्यवस्था रहेको छ। विश्वविद्यालयमा शैक्षिक तर्फ उपकुलपति र रजिष्ट्रार समेत ६४ र प्रशासनिक तर्फ ६२ दरबन्दी स्वीकृत भएकोमा क्रमशः २१ र १५ पदपूर्ति भएको देखिन्छ।

२१. **विद्यार्थी भर्ना** - यस शैक्षिक सत्रमा देहाय अनुसार १६५ कोटा निर्धारण भएकोमा ११५ विद्यार्थी भर्ना भएको देखिन्छ।

विषय	कोटा	भर्ना	बीचमा अध्ययन छाडेका
बि.ए.एल.एल.वि.	११०	१०४	६
वि.वि.एम.	५५	११	२
जम्मा	**१६५**	**११५**	**८**

भर्ना भएका विद्यार्थीबाट यस वर्ष प्राप्त हुनु पर्ने रु.३७ लाख २३ हजार सेमिष्टर शुल्क असुल गर्न बाँकी रहेको विवरण प्राप्त भएको छ।

मधेश कृषि विश्वविद्यालय

प्रादेशिक व्यवस्थापनमा उच्च स्तरीय कृषि जनशक्ति तयार गर्न कृषि, पशु तथा वन विज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई समयसापेक्ष, व्यापक, व्यवहारिक र स्तरीय बनाउने उद्देश्यले मधेश कृषि विश्वविद्यालय ऐन, २०७९ अनुसार यस विश्वविद्यालयको स्थापना भएको छ।

२२. **वित्तीय व्यवस्था** - विश्वविद्यालयको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छ।

(रु.हजारमा)

विवरण	आय	विवरण	व्यय
गत वर्षको जिम्मेवारी	२९४३८९	प्रत्यक्ष खर्च	२७६१९८
अनुदान	३०००००	वर्षान्तको मौज्दात	३४१४२०
अन्य आय	२३२२९		
जम्मा	**६१७६१८**		**६१७६१८**

२३. **दरबन्दी र पदपूर्ति -** मधेश कृषि विश्वविद्यालय ऐन, २०७९ को दफा १५ मा विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवा सिफारिस गर्न उपकुलपतिको अध्यक्षतामा पदपूर्ती समिति गठन गर्ने व्यवस्था रहेको छ। विश्वविद्यालयमा विभिन्न पदका ७१ दरबन्दी स्वीकृत भएकोमा उपकुलपति, रजिष्ट्रार, उप-प्राध्यापक ८ सहित १९ पदमा नियुक्ति भई बाँकी रिक्त रहेको देखिन्छ।

२४. **विद्यार्थी भर्ना** - विश्वविद्यालयमा यस वर्ष बि.एस.सी.एजी. मा १०० विद्यार्थी अध्ययनरत रहेको देखिन्छ। अध्ययनरत विद्यार्थीबाट यसवर्ष रु.१ करोड ३६ लाख ७३ हजार शुल्क प्राप्त भएको छ। विश्वविद्यालयले विद्यार्थीबाट उठ्न बाँकी शुल्कको विवरण अद्यावधिक राखेको छैन।

मधेश प्रज्ञा प्रतिष्ठान

प्रदेशको सबै भाषा, साहित्य, ललितकला, संगीत तथा संस्कृतिको अध्ययन अनुसन्धान गरी संरक्षण गर्ने उद्देश्यले मधेश प्रज्ञा प्रतिष्ठान (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७९ बमोजिम २०७९।११।१७ मा यस प्रतिष्ठानको स्थापना भएको छ।

२५. **वित्तीय व्यवस्था** - प्रतिष्ठानको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

विवरण	आय	विवरण	व्यय
गत वर्षको जिम्मेवारी	-	प्रत्यक्ष खर्च	९०९७
अनुदान	२६८१८	सञ्चालन खर्च	१६०९९
अन्य आय	३५४	कर्मचारी खर्च	१६२२
		वर्षान्तको मौज्दात	३५४
जम्मा	**२७१७२**		**२७१७२**

२६. **कार्यसम्पादन** - मधेश प्रज्ञा प्रतिष्ठान (स्थापना तथा सञ्चालन) आदेश, २०७९ को दफा ५ मा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। जस अनुसार प्रतिष्ठानले भाषा, साहित्य, कला सम्बन्धी विभिन्न १३ प्रकारका कार्य गर्ने एवं यो आदेशको उद्देश्य पुरा गर्न अन्य आवश्यक कार्य सम्पादन गर्नुपर्ने उल्लेख छ। प्रतिष्ठानले आफ्नो जिम्मेवारी अनुसारको कार्य प्रभावकारी रुपमा गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **बेरुजु रकमको विवरण -** यो वर्ष कार्यालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ यो वर्ष रु.९ करोड ६९ लाख ३९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.५२ हजार फर्स्यौंट भई रु.९ करोड ६८ लाख ८६ हजार बाँकी रहेको छ। उक्त रकममा खेलकुद तथा समाज कल्याण मन्त्रालयको बेरुजु समेत समावेश छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।
  - समिति र अन्य संस्थातर्फ यो वर्ष रु.२ करोड ९१ लाख ६१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फर्स्यौंट नभएकोले सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- स्वास्थ्य सम्बन्धी विपद् तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन,
- स्वास्थ्यकर्मीको आचार संहिता निर्माण र कार्यान्वयन,
- प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
- प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर निर्धारण,
- राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण,
- खोपको आपूर्ति र व्यवस्थापन,
- सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,
- राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- प्रदेशस्तरको सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- आयुर्वेदिक, युनानी, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा,
- जनसङ्ख्या, बसाइँसराई र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्बन्धमा सङ्घ तथा स्थानीय तहसँग समन्वय।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहत समेत २१ कार्यालयको रु.४ अर्ब १६ करोड २८ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व अन्य प्राप्ति	धरौटी	अन्य कारोबार	जम्मा
३७८६५९८	१६९७	१५७३४३	२१७२६०	४१६२८९८

यो वर्ष समिति तथा अन्य संस्थातर्फ ७ निकायको रु.२ अर्ब ४७ करोड २७ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	६६२९६६	६८६५१६	५०७८४५	७३.९७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४८९६	४८९६	५१६	१०.५४
२२१०० सेवा महसुल	३४९३७	३६१३७	३०७३४	८५.०५
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१०५३०५	१०८२५५	७९७४३	७३.६६
२२३०० कार्यालय सामान तथा सेवाहरू	३७२०५	४०२५५	३७९८०	९४.३५
२२४०० सेवा तथा परामर्श खर्च	२०४८२०	२१०४१९	१६५३५८	७८.५९
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१५२०३१४	१६७३५६६	११६७३४३	६९.७५
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	८३००	८३००	७६९१	९२.६६
२२७०० विविध खर्च	६३५०	९२५०	७८११	८४.४४
२६३०० अन्य तहका सरकारहरूलाई	३२००००	३२००००	९४४१८	२९.५१
२६४०० सामाजिक सेवा अनुदान	२३००००	२३००००	१५००००	६५.२२
२७१०० सामाजिक सुरक्षा	१२००	१२००	३०४	२५.३३
२७२०० सामाजिक सहायता	४६७१५०	४७२६५०	४५९१६२	९७.१५
२८१०० सम्पत्ति सम्बन्धी खर्च	७३६०	८१६०	५६१३	६८.७८
चालु जम्मा	**३६१०८०३**	**३८०९६०४**	**२७१४५१८**	**७१.२५**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१८६२६७५	१८६३८७५	१०७२०८०	५७.५२
पुँजीगत जम्मा	**१८६२६७५**	**१८६३८७५**	**१०७२०८०**	**५७.५२**
कुल जम्मा	**५४७३४७८**	**५६७३४७९**	**३७८६५९८**	**६६.७४**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७१.२५ प्रतिशत, पुँजीगततर्फ ५७.५२ प्रतिशत र समग्रमा ६६.७४ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भएको छ। प्रदेशले दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० सम्मको स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र.सं.	नतिजा सुचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८० सम्मको लक्ष्य	२०७९।८० सम्मको प्रगति
१.	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	संख्या	२३९	१५०	१४०
२.	पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)	संख्या	५२	२५	४३
३.	अस्पताल संख्या	संख्या	१३	२१	१८
४.	चिकित्सक संख्या	संख्या	५२	९०	तथ्याङ्क उपलब्ध नभएको
५.	नर्स संख्या	संख्या	१३४२	१४१५	तथ्याङ्क उपलब्ध नभएको
६.	अस्पताल शय्या संख्या	संख्या	६५५	१०५५	७४०
७.	विशिष्टिकृत अस्पताल संख्या	संख्या	१	५	२
८.	संस्थागत प्रसुती सेवा	प्रतिशत	४५	८५	६४.८
९.	नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा)	संख्या	३०	१५	२७
१०.	शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा)	संख्या	४३	२५	३८
११.	पूर्ण खोप कभरेज	प्रतिशत	६५	९५	८५

दोस्रो आवधिक योजना सुरु भइसकेको अवस्थामा पहिलो आवधिक योजनाले तय गरेको लक्ष्य अनुसार मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) को सूचक बाहेक अन्य सूचकहरूमा बाँकी निर्धारित लक्ष्यभन्दा न्यून प्रगति भएको छ। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रममा आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलब्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।०८१ देखि २०८२।०८३ सम्मको लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। सो अनुसार २०८०।८१ मा यस मन्त्रालयको लागि रु.५ अर्ब ४७ करोड ३४ लाख ७८ हजार खर्च प्रक्षेपण भएकोमा रकमान्तर थप समेत रु.५ अर्ब ६७ करोड ३४ लाख ७८ हजार विनियोजन भई रु.३ अर्ब ७८ करोड ६५ लाख ९७ हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भए तापनि विनियोजनको ६६.७४ प्रतिशत खर्च भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकारले वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। बजेट तथा कार्यक्रममा व्यवस्था भएका रु.२० करोडका बाल अस्पताल स्थापना तथा सञ्चालन, सरुवा रोग अस्पताल, क्यान्सर रोग अस्पताल र बर्न सेन्टर सञ्चालन लगायतका ११ कार्यक्रम कार्यान्वयन भएका छैनन्। वार्षिक बजेट र कार्यक्रममा उल्लेख भएका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ।

६. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

७. **वित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

८. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा रहेको विवरणअनुसार मन्त्रालय र मातहतका कार्यालयका नाममा सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्निचर लगायत विभिन्न ३४ प्रकारको रु.३९ करोड ६४ लाख ३६ हजार मूल्यको सम्पत्ति रहेको देखिन्छ। मन्त्रालय र मातहत कार्यालय समेतको सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित प्रबन्ध गर्नुपर्दछ।

९. **विपन्न उपचार सहायता** – जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को बुँदा नं. ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रबन्ध गरिएको तथा बुँदा नं. ४ मा यस्तो सेवा लिने प्रक्रिया बारेमा व्यवस्था छ। उक्त निर्देशिकाको बुँदा नं. ३(४) मा आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचारको सहुलित उपलब्ध गराउन सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्षको संयोजकत्वमा रहेको समितिले सिफारिस गर्ने र बुँदा नं.३(५) मा उपचारका लागि सिफारिस गरी पठाएका बिरामीहरूको विवरण विद्युतीय प्रविधिमा समेत लगत अभिलेख राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष बजेट व्यवस्था गरी १ हजार विपन्नलाई प्रति व्यक्ति रु.१ लाखको दरले रु.१० करोड खर्च गरेकोमा लाभग्राहीको विवरण सार्वजनिक गरेको छैन।

१०. **फर्निचर सुविधा -** मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ मा फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा) वापत एकमुष्ट सुविधा पाउने उल्लेख छ। ऐनमा रकम नतोकिएकोले प्रदेश मन्त्रिपरिषद् २०७८।३।२१ को निर्णयानुसार एक कार्यकालमा एकपटक फर्निचर वापत मन्त्री तथा राज्यमन्त्रीलाई एकमुष्ट जनही रु.४ लाखको दरले सुविधा दिने निर्णय गरेको छ। सो निर्णय अनुसार मन्त्रालयका दुई मन्त्रीलाई जनही रु.४ लाखको दरले एक कार्यकालका लागि रु.८ लाख भुक्तानी दिनुपर्नेमा पहिलो कार्यकालको लागि २०८० चैत्र र दोस्रो कार्यकालको लागि २०८१ जेष्ठमा गरी रु.१६ लाख भुक्तानी दिएको औचित्यपूर्ण नदेखिएकोले दोहोरो भुक्तानी भएको रु.८ लाख सम्बन्धितबाट असुल गर्नुपर्दछ।

११. **स्वास्थ्य संस्था नियमन -** प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को दफा ११ मा मापदण्ड पुरा गरेका स्वास्थ्य संस्थालाई प्रदेश सरकारको स्वीकृतिमा मन्त्रालयले ५ वर्षको लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने र दफा १५ मा अनुमति प्राप्त संस्थाले अनुमतिको अवधि समाप्त हुनुभन्दा ६ महिना अगावै नवीकरणको लागि मन्त्रालयमा निवेदन दिनुपर्ने व्यवस्था छ। मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार प्रदेशमा अनुमति प्राप्त स्वास्थ्य संस्था २१ रहेकोमा यो वर्ष नवीकरण भएको १५ र नवीकरण नगरेको संस्था ६ रहेको छ। स्वास्थ्य संस्थाको इजाजत तथा नवीकरणको अभिलेख अद्यावधिक गरी ती संस्थाहरूको नियमन गर्नुपर्दछ।

स्वास्थ्य निर्देशनालय

१२. **पोषण सामग्री -** स्वास्थ्य निर्देशनालय, धनुषाले स्वीकृत कार्यक्रम अनुसार गर्भवती, सुत्केरी र जेष्ठ नागरिकहरूका लागि रु.९ करोड ७० लाख ६५ हजारको २ लाख ७७ हजार ५१२ किलोग्राम र मुसहर पोषण विशेष कार्यक्रम अन्तर्गत रु.८ करोड ७४ लाख ४४ हजारको २ लाख ३६ हजार ९७५ किलोग्राम पोषण सामग्री खरिद गरेको छ। यसरी खरिद भएको सामग्री वितरणको लागि विभिन्न स्थानीय तहलाई हस्तान्तरण गरेकोमा स्थानीय तहहरूले प्राप्त सामग्रीको जिन्सी दाखिला गरेको प्रमाण र सामग्री वितरणको भरपाई निर्देशनालयमा पेस गरेका छैनन्। हस्तान्तरित सामग्री लाभग्राहीले प्राप्त गरेको सुनिश्चित गर्नुपर्दछ।

प्रदेश स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्र

१३. **बजेट र खर्च -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमताको आधारमा गर्नुपर्ने उल्लेख छ। यो वर्ष केन्द्रलाई रु.८७ करोड ७९ लाख ७६ हजार बजेट व्यवस्था भएकोमा रु.४२ करोड २५ लाख ६५ हजार (४८.१ प्रतिशत) खर्च भएको छ। आवश्यकता विश्लेषण गरी विनियोजन अनुरुप खर्च गर्नका लागि खर्च दक्षता अभिवृद्धि गर्नुपर्दछ।

१४. **इ.एन.टि. उपकरण -** स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रादेशिक अस्पताल, लाहानको लागि इ.एन.टि. इण्डोस्कोपी र इ.एन.टि. माइक्रोस्कोप खरिद गरी रु.५ करोड ३७ लाख ७२ हजार भुक्तानी गरेको छ। खरिद पश्चात् केन्द्रले २०८१।२।२३ मा उक्त अस्पताललाई आवश्यक उपकरण संख्या, उपकरण सञ्चालन गर्ने जनशक्ति र आवश्यक पूर्वाधार भए/नभएको खुलाई पठाईदिन पत्र लेखेकोमा सो अस्पतालले उपकरण सञ्चालन गर्ने जनशक्ति नरहेकोले जनशक्ति व्यवस्थापन भएपश्चात् उपकरण उपलब्ध गराईदिन २०८१।३।१९ मा जवाफ पठाएको छ। तत्पश्चात प्रादेशिक अस्पताल, जनकपुरलाई उक्त उपकरणहरू हस्तान्तरण गरेको छ। पूर्वाधार बेगर स्वास्थ्य उपकरण खरिद गरेको उचित देखिएन। सञ्चालन गर्न सक्ने क्षमताका आधारमा मात्र उपकरण खरिद गर्नुपर्दछ।

१५. **टुक्रा पारी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.२५ लाखसम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने, रु.५० लाखसम्मको खरिद गर्दा सिलबन्दी दरभाउपत्र र सो भन्दा वढीको खरिद गर्नु परेमा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। केन्द्रले रु.१ करोड १४ लाख ६९ हजारको विभिन्न औषधि तथा टेष्ट किटहरू पटकपटक आपूर्तकसँग दररेट माग गरी सोझै खरिद गरेको छ। कानुनी व्यवस्थाको पालना गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद कार्य गर्नुपर्दछ।

१६. **स्वास्थ्य उपकरण प्रयोग -** केन्द्रले रु.४ करोड ४२ लाख ८४ हजार मूल्यको डिजिटल एक्स-रे मेसिन, एनेस्थेसिया मेसिन, बायोकेमिष्ट्रि एनालाइजर, हेमाटोलोजी एनालाइजर, डेलिभरी बेड, डेण्टल चियर लगायतका विभिन्न ६६ प्रकारका २०५ थान स्वास्थ्य उपकरण एवं मेडिकल तथा सर्जिकल सामग्रीहरू खरिद गरी सर्लाहीको धनकौलमा रहेको आमा तथा बाल अस्पताललाई हस्तान्तरण गरेकोमा उक्त अस्पताल सञ्चालनमा नभएको कारण प्रयोगमा आएको छैन। हस्तान्तरित सामग्रीहरू उपयोग विहिन अवस्थामा रहँदा गुणस्तरमा ह्रास आउने हुन्छ। यसतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

स्वास्थ्य कार्यालयहरू

१७. **उपभोक्ता समितिबाट निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत, सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। स्वास्थ्य कार्यालय, सिराहाले विभिन्न १३ भवन उपभोक्ता समितिबाट निर्माण गराई रु.२ करोड ४४

लाख ६२ हजार र स्वास्थ्य कार्यालय, रौतहटले ४६ भवनका लागि रु.८ करोड ८० लाख भुक्तानी गरेको छ। सरकारी भवनहरू उपभोक्ता समिति मार्फत कार्य गराएको कानुनसम्मत देखिएन।

समिति तथा अन्य संस्था

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७७ बमोजिम २०७७ मा यस प्रतिष्ठानको स्थापना भई सञ्चालनमा रहेको छ। मधेश प्रदेशमा सर्वसाधारणलाई गुणस्तरीय तथा विशिष्टिकृत स्वास्थ्य सेवा उपलव्ध गराउने, स्वास्थ्य सेवामा गुणात्मक तथा संख्यात्मक अभिवृद्धि गर्ने, मधेश प्रदेशमा दक्ष तथा अनुभवी स्वास्थ्यकर्मीहरूको सेवाको सहज उपलव्धता सहित अस्पताललाई ५०० बेडमा स्तरोन्नति गर्ने यस प्रतिष्ठानको मुख्य उद्देश्य रहेको छ।

१८. **वित्तीय स्थिति** - प्रतिष्ठानको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

सि.नं.	विवरण	आय	विवरण	व्यय
१	गत वर्षको मौज्दात	२०२२०३	चालू खर्च	५७४३१४
२	यस वर्षको अनुदान आय	२५१५६२	पुँजीगत खर्च	५९५६२
३	स्वास्थ्य विज्ञान प्रतिष्ठान अनुदान	१५००००	बाँकी मौज्दात	१३०५९
४	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमबाट प्राप्त	२६३०		
५	आन्तरिक आय	४०५४०		
	जम्मा	**६४६९३५**	**जम्मा**	**६४६९३५**

१९. **प्रोत्साहन भत्ता** - स्वास्थ्य विज्ञान प्रतिष्ठान विनियमावली, २०७८ को विनियम १०.१(८) मा प्रदेश सरकारबाट अनुदान प्राप्त हुँदासम्म प्रतिष्ठानको पदाधिकारी, चिकित्सक, शिक्षक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको पारिश्रमिक निर्धारण गर्दा प्रदेश अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ। प्रतिष्ठानले यो वर्ष प्रोत्साहन भत्ताका लागि रु.३ करोड बजेट बाँडफाँट गरी रु.८९ लाख ९६ हजार खर्च गरेकोमा अर्थ मन्त्रालयको सहमति लिएको देखिएन।

सिराहा अस्पताल

२०. **घटी दाखिला** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४(२) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउनु पर्ने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशत जरिवाना रकम दाखिला गर्न लगाई प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने उल्लेख छ। अस्पतालले बिलिङ्ग कार्यको लागि सिस्टम सफ्टवेयर प्रयोगमा ल्याएको छ। उक्त सफ्टवेयर प्रयोग गर्न युजर आइ.डी. लिएका कर्मचारीहरूले असुल गरेको सेवा शुल्कमध्ये रु.३८ लाख ७७ हजार दाखिला गरेको देखिएन। उक्त रकमको दश प्रतिशतले हुने जरिवाना समेत यकिन गरी सम्बन्धित कर्मचारीहरूलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको मन्त्रालयको प्रतिवेदनमा उपकरण खरिद तथा व्यवस्थापन, बरबुझारथ तथा सोझै खरिद लगायतका विषयमा सुझाव दिइएकोमा सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष कार्यालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ यो वर्ष रु.७ करोड २९ लाख ६२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि प्रतिकृयाबाट रु.४४ लाख ५२ हजार बेरुजु फर्स्यौट भई रु.६ करोड ८५ लाख १० हजार बाँकी रहेको छ। जसमध्ये मध्ये म्याद नाघेको पेस्की रु.३७ लाख ६७ हजार रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।
  - समिति र अन्य संस्थातर्फ यो वर्ष रु.८ करोड २३ लाख ९१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रु.२७ लाख ११ हजार फर्स्यौट भई रु.७ करोड ९६ लाख ८० हजार बाँकी रहेको छ। सो मध्ये रु.८ लाख ५६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशभित्रको ग्रामीण तथा सहरी विकास योजना तर्जुमा, ग्रामीण तथा सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार,
- ग्रामीण तथा सहरी आवास/भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन,
- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वयन,
- प्रदेशस्तरमा भवन संहिताको कार्यान्वयन,
- प्रदेशको राजधानी शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन र संयोजन,
- भौगर्भिक अध्ययन, सुरक्षित बसोवास, बस्ती एकीकरण र स्थानान्तरण सम्बन्धी प्रादेशिक योजना तर्जुमा र कार्यान्वयन,
- रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, सडक सुरक्षा, कार्यान्वयन,
- सडक, पुल, झोलुङ्गे पुल लगायत अन्य भौतिक पूर्वाधार व्यवस्थापन योजना,
- आदिबासी,सीमान्तकृत, गरिब, लोपोन्मुख, जेष्ठ नागरिक लक्षित आवास योजना तर्जुमा र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** – यो वर्ष मन्त्रालय र मातहत समेतका १४ कार्यालयको निम्नानुसार रु.७ अर्ब ९८ करोड ५३ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६९५०३००	९४३९	१०१७७५०	७८२७	७९८५३१६

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक / सुविधा	१४९०३२	१४१३४२	७७६३३	५४.९३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	८४१	८४७	३६६	४३.२३
२२१०० सेवा महसुल	९०२६	९१२२	५३९८	५९.१७
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२९८१४	३५६४३	२९२४३	८२.०४
२२३०० कार्यालय सामान तथा सेवाहरू	१०५८५	११७६७	९४८६	८०.६१
२२४०० सेवा तथा परामर्श खर्च	४४३२९	४३७६२	२४२०३	५५.३१
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	८१३५०	८१३५०	१५४७	१.९०

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	७७०५	८७४५	६३६६	७२.७९
२२७०० विविध खर्च	३४८०	४६७२	४२७४	९१.४९
२६३०० अन्य तहका सरकारहरूलाई	७४००००	७४००००	३६८७३३	४९.८३
२८१०० सम्पत्ति सम्बन्धी खर्च	४१००	४२१०	२६९६	६४.०४
२८९०० भैपरी आउने चालु खर्च	१००००	०	०	०.००
चालु जम्मा	**१०९०२६२**	**१०८१४६०**	**५२९९४५**	**४९.००**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१११००५५६	१२५०२५७९	७६०३७३७	६०.८२
पुँजीगत जम्मा	**१११००५५६**	**१२५०२५७९**	**७६०३७३७**	**६०.८२**
कुल जम्मा	**१२१९०८१८**	**१३५८४०३९**	**८१३३६८२**	**५९.८८**

द्रष्टव्यः तालिकामा उल्लेख भएको खर्चमा यो वर्ष लेखापरीक्षण नभएको पूर्वाधार विकास कार्यालय, बाराको रु.१ अर्ब १८ करोड ३३ लाख ८२ हजार समेत समावेश छ।

उल्लिखित विवरणअनुसार चालुतर्फ ४९ प्रतिशत, पुँजीगततर्फ ६०.८२ प्रतिशत र समग्रमा ५९.८८ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भएको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले तय गरेको २०८०।८१ सम्मको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० सम्मको स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र सं	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८० को लक्ष्य	२०७९।८० को प्रगति
१	दुई किलोमिटर दुरी भित्र सर्वयाम सडकको पहुँचभित्र रहेको ग्रामीण जनसंख्या	प्रतिशत	८७.८१	८९.१०	१००
२	सडक घनत्व	वर्ग कि.मि.	५८.९५	७१.६५	६२.७२
३	प्रभावकारी यातायात व्यवस्थापन भएका स्थानीय तह	संख्या	१०	८०	१३६
४	प्रदेश भित्रका सडकको लम्बाई	किलोमिटर	३१७०	३४३१	३३२१
५	सडकको स्तरोन्नति	किलोमिटर	५७५	७७०	७००
६	मापदण्ड लागु भएका सडक	प्रतिशत	४०	७५	तथ्याङ्क नभएको
७	दायाँ बायाँ सडक किनारामा वृक्षारोपण	किलोमिटर	१००	८००	१००
८	एकीकृत नगर विकास योजना कार्यान्वयन भएका नगरपालिकाहरू	प्रतिशत	०	५०	०
९	स्याटेलाइट सिटी निर्माण	संख्या	०	२	०
१०	सहरी करिडोरको विकास	संख्या	०	३	०

प्रदेशभित्र सडक निर्माण तथा स्तरोन्नति र सडक किनारामा वृक्षारोपण गर्ने कार्यमा कम प्रगति भएको देखिन्छ। लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलव्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।८१ देखि २०८२।८३ को लागि त्रिवर्षीय मध्यमकालीन खर्च

संरचना निर्माण गरेको छ। सो अनुसार २०८०।८१ मा यस मन्त्रालयको लागि रु.१२ अर्ब १९ करोड ८ लाख खर्च प्रक्षेपण गरेकोमा रकमान्तर थप समेत रु.१३ अर्ब ५८ करोड ४० लाख ३९ हजार अन्तिम बजेट कायम भई रु.८ अर्ब १३ करोड ३७ लाख खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भए तापनि विनियोजनको ५९.८८ प्रतिशत खर्च भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ मा मन्त्रालयसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू समावेश गरेको छ। यसरी समावेश कार्यक्रम मध्ये मधेश सहिद लोकमार्गको लागि रु.४ करोड, रामनगर बलधुस्वा बीच जमुनी नदी पुलको लागि रु.२ करोड र विभिन्न १७ प्रादेशिक सडकको प्रभावकारिता र उत्थानशीलता अभिवृद्धिको लागि रु.१२ करोड ११ लाख बजेट व्यवस्था भएकोमा उक्त कार्यक्रमहरू कार्यान्वयन भएको पाइएन। कार्यान्वयन योग्य कार्यक्रम प्रस्ताव गरी प्रगति हासिल गर्नुपर्दछ।

६. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

७. **वित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

८. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.६४ करोड ९७ लाख ४ हजार मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्निचर लगायत विभिन्न ४१ प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। मन्त्रालय र मातहत कार्यालय समेतको सम्पत्तिको विवरण उक्त प्रणालीमा लगत अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

९. **परामर्श खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था छ। मन्त्रालयले यो वर्ष एक निर्वाचन क्षेत्र एक सडक योजना अन्तर्गत १८ प्याकेज, विभिन्न पुलका ६ प्याकेज र भवन सम्बन्धी २ प्याकेज गरी २६ प्याकेजमा रु.३ करोड २६ लाख ५२ हजारको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नका लागि सोझै खरिद विधिबाट परामर्श सेवा खरिद गरेको छ। सबै विस्तृत परियोजना प्रतिवेदन उद्देश्य अनुरुप कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

१०. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्यसम्पादन (लम्पसम कन्ट्राक्ट) का आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नमिल्ने उल्लेख छ। मन्त्रालयले डिजाइन एण्ड बिल्ड सम्झौताबाट यो वर्ष बिघि खोला र दुधौरा खोला पुल निर्माण गर्ने निर्माण व्यवसायीलाई रु.१ करोड ४१ लाख ६० हजार मूल्य समायोजन भुक्तानी दिएको छ। डिजाइन एण्ड बिल्ड लम्पसम प्रकृतिको ठेक्का भएकोले ऐनको व्यवस्था अनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन। यस विधिबाट गरिने खरिद कार्यलाई कानुनमा व्यवस्थित गर्नुपर्दछ।

११. **आवास कार्यक्रम** - प्रदेश सरकारले सञ्चालन गरेको आवास कार्यक्रम सम्बन्धमा निम्नानुसार देखिएको छः

११.१. प्रदेश भित्रका असहाय र विपन्न एकल महिला, आर्थिक रुपले विपन्न व्यक्ति लगायत घरवारविहीनलाई आवास व्यवस्था गर्ने उद्देश्यले महेन्द्र नारायण निधि विपन्न योजना कार्यान्वयन कार्यविधि, २०७८ अनुसार मन्त्रालय अन्तर्गतका पूर्वाधार विकास कार्यालय मार्फत यो कार्यक्रम सञ्चालन हुँदै आएको छ। प्रति घर तीन किस्तामा रु.५ लाख ६० हजार अनुदान दिई आवास निर्माण गर्ने गरी कार्यक्रम सञ्चालन भएको देखिन्छ। कार्यक्रम सञ्चालन गर्ने ७ कार्यालयले यो वर्ष रु.५ करोड २६ लाख ८ हजार खर्च गरेका छन्। कार्यक्रम अन्तर्गत सञ्चालित ३ हजार १३ आवास एकाइमध्ये २ हजार ५३ सम्पन्न र ९६० अधुरा अवस्थामा रहेका छन्।

११.२. आर्थिक रुपले विपन्न, लोपोन्मुख, दलित सिमान्तकृत जाति र समुदायका मानिसलाई आवास व्यवस्था गर्ने उद्देश्यले जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ अनुसार मन्त्रालय अन्तर्गतका पूर्वाधार विकास कार्यालय मार्फत यो कार्यक्रम सञ्चालन हुँदै आएको छ। प्रति घर वापत तीन किस्तामा रु.३ लाख ५० हजार अनुदान दिई आवास निर्माण गर्ने गरी कार्यक्रम सञ्चालन भएको देखिन्छ। कार्यक्रम सञ्चालन गर्ने ७ कार्यालयले यस वर्ष जनता आवास कार्यक्रममा रु.२ करोड ६६ लाख ३५ हजार खर्च गरेका छन्। कार्यक्रम अन्तर्गत सञ्चालित ६ हजार ८९८ आवास एकाइमध्ये ४ हजार ७९६ सम्पन्न र २ हजार १०२ अधुरा अवस्थामा रहेका छन्।

समयमा निर्माण सम्पन्न नहुँदा लाभग्राहीहरू आवास सुविधाबाट वञ्चित हुनुपरेको अवस्था छ। समयमै निर्माण सम्पन्न हुने व्यवस्था मिलाई लक्षित समूहलाई आवास सुविधा उपलब्ध गराउनु पर्दछ।

१२. **प्रदेश गौरवका योजना** - मन्त्रालय अन्तर्गत सञ्चालित प्रदेश गौरवका योजनाको कार्यान्वयन अवस्था निम्नानुसार रहेको छः

१२.१. मन्त्रालय अन्तर्गत सञ्चालित प्रदेश गौरवका योजनाको रुपमा रहेको एक निर्वाचन एक सडक योजना अन्तर्गत हरेक निर्वाचन क्षेत्रमा कम्तीमा ५ कि.मि. कालोपत्रे सडक निर्माण गर्ने गरी पहिलो चरणमा ३२० कि.मि. लक्ष्य राखी पूर्वाधार विकास कार्यालय मार्फत कार्यक्रम सञ्चालन हुँदै आएको छ। विभिन्न ७ पूर्वाधार विकास कार्यालय मार्फत यस वर्ष रु.१ अर्ब ३० करोड ७७ लाख ९१ हजार खर्च गरी ५९ सडक योजना कार्यान्वयनमा रहेकोमा २४ सम्पन्न र ३५ निर्माणाधीन रहेका छन्। यसैगरी दोस्रो चरणको सडक निर्माणका लागि मन्त्रालय मार्फत १८ विस्तृत परियोजना प्रतिवेदन तयार गरी रु.२ करोड ८९ लाख ४८ हजार खर्च गरेको छ। निर्माणाधीन सडक तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

१२.२. पसदिखि सप्तरीसम्म ३०७ किलोमिटर सडक निर्माण गर्नेगरी २०८०।८१ को बजेटमा प्रदेश गौरव योजनाको रुपमा मधेश सहिद लोकमार्ग योजना समावेश छ। यो वर्ष उक्त योजनामा रु.४ करोड विनियोजन गरेकोमा सो रकम अन्य कार्यक्रममा रकमान्तर गरेको कारण यो योजना कार्यान्वयनमा आएको छैन। बजेट विनियोजन गरेको कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१३. **सफ्टवेयर खरिद** - मन्त्रालयले यो वर्ष रु.९ लाख ७७ हजारको एकीकृत परियोजना कार्यान्वयन व्यवस्थापन प्रणाली र रु.४ लाख ४४ हजारको कर्मचारी व्यवस्थापन सूचना प्रणाली सफ्टवेयर खरिद गरेको छ। उक्त सफ्टवयेर पूर्णरूपमा कार्यान्वयनमा आईनसकेकोले उद्देश्य अनुरूप प्रयोगमा ल्याउनुपर्दछ।

पूर्वाधार विकास कार्यालयहरू

१४. **ठेक्का व्यवस्थापन** - प्रदेश सरकार अर्थ मन्त्रालयको २०८०।०८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा नं. १४ मा विपद् जोखिम न्युनीकरण आयोजना कार्यक्रमको बाहेक मार्ग मसान्तभित्र ठेक्का लगाई सक्नु पर्ने र माघ मसान्त पछि कुनै पनि किसिमबाट ठेक्का व्यवस्था गरिने छैन र सो पश्चात् गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको स्वीकृतिमा मात्र गर्नुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, सर्लाहीले १७ र पूर्वाधार विकास कार्यालय, रौतहटले ८ समेत २५ योजनामा अर्थ मन्त्रालयको स्वीकृत नलिई रु.१० करोड ३१ लाख ७५ हजारको सम्झौता असार महिनामा गरेको छ। बजेट कार्यान्वय मार्गदर्शन पालना गर्नुपर्दछ।

१५. **परामर्श सेवामा शिरोभार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(४) को अनुसूची-१(क) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा ओभरहेड रकम समावेश गर्ने व्यवस्था रहेको छैन। पूर्वाधार विकास कार्यालय, सर्लाहीले परामर्श सेवामा विभिन्न ५ परामर्शदातालाई १५ प्रतिशत अतिरिक्त खर्च भनी ओभरहेड रु.६ लाख ६ हजार भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

१६. **ट्याक कोट** - सडक विभागबाट स्वीकृत भएको स्टाण्डर्ड स्पेसिफिकेशन फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ संशोधन समेतको सेक्सन १३०० (विटुमिनस सर्फेस एण्ड वेस कोर्स) मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, रौतहटले विभिन्न ६ योजनामा निर्माण व्यवसायीलाई सडक कालोपत्रे कार्यमा अधिकतम ०.६ लिटर/वर्गमिटर भन्दा बढी स्प्रे दरले भुक्तानी दिएको कारण रु.२६ लाख ७६ हजार बढी भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

१७. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीको व्यवस्था रहेको छ। पूर्वाधार विकास कार्यालय, सर्लाहीले रु.१ करोड ७० लाख ८३ हजार, सिराहाले रु.२ करोड २१ लाख ३ हजार, धनुषाले रु.२ करोड ६५ लाख २६ हजार, पर्साले रु.१ करोड ८५ लाख ३० हजार, सप्तरीले रु.१ करोड २४ लाख ४८ हजार, महोत्तरीले रु.२ करोड १५ लाख ९० हजार र रौतहटले रु.५ करोड २३ लाख ६ हजार समेत रु.१७ करोड ५ लाख ८६ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। आयोजनागत खर्च स्पष्ट हुनेगरी अभिलेख खाता राख्नु पर्नेमा एकमुष्ट रुपमा खर्च गरेका छन्। कन्टिन्जेन्सीलाई व्यवस्थित गरी खर्च गर्नुपर्दछ।

१८. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) अनुसार प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्दछ। पूर्वाधार विकास कार्यालय, धनुषाले मोहरा पुलदेखि मधुकरही पछियारीटोल कालोपत्रे सडकका लागि भुक्तानी दिँदा विगतमा गरेको भुक्तानी रु.५१ लाख ७६ हजार कट्टा नगरी भुक्तानी गरेकोले बढी भुक्तानी असुल गर्नुपर्दछ।

१९. **अधुरो ठेक्का** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौताबमोजिमको कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने र दफा ६३ मा कालोसूचीमा राख्न लेखी पठाउन पर्ने व्यवस्था छ। मन्त्रालय र मातहतका निकायबाट खरिद सम्झौता भएका निर्माण कार्यहरू समयमै सम्पन्न नभई अधुरा रहेका केही बेहोरा निम्नानुसार छः

१९.१. पूर्वाधार विकास कार्यालय, सप्तरीले २०८०।१२।६ मा कार्य सम्पन्न गर्नेगरी २०७८।१२।७ मा रु.३१ करोड ३८ लाख ८७ हजारमा खरिद सम्झौता गरेको दिघवा लोखरम सडक निर्माणमा यो वर्ष सम्म रु.८९ लाख ८२ हजार भुक्तानी भएको छ। निर्माण व्यवसायीले सम्झौताबमोजिम २४ महिनाभित्र पुरै कार्य सम्पन्न गर्नुपर्नेमा सो अवधि समाप्त भई म्याद थप अवधि १२ महिनामध्ये १० महिना व्यतित भईसक्दासम्म भुक्तानीको आधारमा २.८६ प्रतिशतमात्र कार्य भएको तथा बाँकी म्याद सकिन लाग्दा ९७.१४ प्रतिशत कार्य बाँकी नै रहेको देखिन्छ।

१९.२. मन्त्रालयले २०७६।६।२८ मा रु.१० करोड १५ लाख ८७ हजारमा खरिद सम्झौता गरेको परवानीपुर प्रष्टोका दुधौरा पुल निर्माणमा यस वर्षसम्म मूल्य समायोजन रु.८५ लाख ८ हजार समेत रु.९ करोड ८२ लाख ३० हजार भुक्तानी भएको छ। निर्माण व्यवसायीले सम्झौताबमोजिम कार्यसम्पन्न नगरेकोले दुई पटक म्याद थप गरी २०८१।१।८ सम्म म्याद कायम गरेकोमा सो अवधि समाप्त भईसक्दा समेत पुल सम्पन्न नभई अधुरै रहेको छ।

१९.३. यसैगरी मन्त्रालयले १५ महिनामा कार्य सम्पन्न गर्नेगरी २०७७।३।२४ मा जनकपुर चुरोट कारखाना लिमिटेड भित्र सडक निर्माण गर्न खरिद सम्झौता गरेको र उक्त कार्यमा दुई पटक भेरिएशन आदेश स्वीकृत गरी सम्झौता रकम रु.७ करोड २२ लाख ३३ हजार कायम भएकोमा यस वर्षसम्म मूल्य समायोजन रु.४६ लाख ५१ हजार समेत रु.७ करोड ७ लाख ४८ हजार भुक्तानी भएको छ। निर्माण व्यवसायीले सम्झौताबमोजिम कार्यसम्पन्न नगरेकोले दुई पटक म्याद थप गरी २०८१।३।३० सम्म कायम भएकोमा उक्त अवधिसम्म कार्य सम्पन्न नभई अधुरै रहेको छ।

समयमै कार्य नगर्ने निर्माण व्यवसायीलाई सम्झौताबमोजिमको कारबाही गरी कार्य सम्पन्न गर्न लगाउनु पर्दछ।

२०. **पेस्की फस्यौंट** - निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्त नं ५७.३ मा सम्झौता रकमको ३० प्रतिशत भन्दा बढी कार्य सम्पन्न पश्चात् प्रत्येक रनिङ बिलबाट बिल रकमको ४० प्रतिशतका दरले पेस्की फस्यौंट गर्नुपर्ने र सम्पूर्ण पेस्की खरिद सम्झौता अवधिको ८० प्रतिशत अवधिभित्र फस्यौंट गरिसक्नु पर्ने उल्लेख छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छः

२०.१. पूर्वाधार विकास कार्यालय, पर्साले सिक्टा खोला पुल निर्माणकार्यको ८५.०७ प्रतिशत भुक्तानी हुँदासम्म रु. ५८ लाख र पूर्वाधार विकास कार्यालय, रौतहटले निजगढ बंकुल सडक निर्माणकार्यको अन्तिम बिल

भुक्तानी भईसक्दा पनि रु.१० लाख ३० हजार पेस्की फस्यौंट हुन बाँकी छ। सम्झौताको विशेष शर्त बमोजिम पेस्की फस्यौंट नगरेकोले उक्त रकम असुल गरी फस्यौंट गर्नुपर्दछ।

२०.२. पूर्वाधार विकास कार्यालय, सप्तरीले एक संयुक्त उपक्रमलाई दिघवा लोखारम सडक निर्माण गर्न प्रदान गरेको रु.२ करोड ६६ लाख र सोही संयुक्त उपक्रमलाई पकरी ढलवा वाग सडक निर्माण गर्न रु.२ करोड ६८ लाख २०७८ चैत्र महिनामा पेस्की प्रदान गरेको छ। उक्त निर्माण व्यवसायीले सम्झौताअनुसार कार्य नगरेको र पेस्की जमानतको अवधि थप नगरेको कारण २०८०।६।२ मा पेस्की जमानत जफत गरी धरौटी खातामा राखेको छ। निर्माण व्यवसायीसँगको सम्झौताको अवधि ८० प्रतिशत समाप्त भई सकेकोमा कार्य तालिकाबमोजिम कार्य प्रगति नगरेको अवस्थामा जफत गरेको पेस्की जमानत सञ्चित कोषमा दाखिला गरी पेस्की फस्यौंट गर्नुपर्नमा उक्त सम्झौताको म्याद २०८१।१२।७ सम्म थप गरी धरौटी खातामा जम्मा गरेको रकम पुनः पेस्की प्रदान गरेको छ। हालसम्म उल्लिखित योजनामा क्रमशः २.८६ प्रतिशत र १.९६ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ। पेस्की लैजाने र काम नगर्ने प्रवृति नियन्त्रण गर्नुपर्दछ।

२०.३. मन्त्रालयले परवानीपुर प्रस्टोका दुधौरा पुल निर्माण गर्न सम्झौता भएको एक संयुक्त उपक्रमलाई प्रदान गरेको पेस्की मध्ये रु.५३ लाख र जनकपुर चुरोट कारखाना भित्र सडक निर्माण गर्ने एक निर्माण व्यवसायीलाई प्रदान गरेको पेस्की मध्ये रु.१५ लाख सम्झौताबमोजिम ८० प्रतिशत भन्दा बढी काम र भुक्तानी भइसक्दा पनि फस्यौंट हुन बाँकी छ। साथै सम्बन्धित निर्माण व्यवसायीले पेस गरेको पेस्की जमानतको अवधि समेत समाप्त भइसकेकोले उक्त पेस्की जोखिममा परेको छ। उक्त पेस्की रकम ब्याज सहित असुल गर्नुपर्दछ।

२१. **भेरिएशन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार सम्झौताभन्दा घटी वा बढी परिमाणको कार्य गर्नुपर्दा भेरिएशन आदेश स्वीकृत गर्नुपर्दछ। पूर्वाधार विकास कार्यालय, सर्लाहीले १ योजनामा रु.६ लाख १४ हजार, धनुषाले १ योजनामा रु.२८ लाख ४१ हजार, पर्साले ४ योजनामा रु.१ करोड १ लाख ७४ हजार र रौतहटले १ योजनामा रु.५५ लाख ९७ हजार समेत रु.१ करोड ९२ लाख २६ हजार सम्झौतामा उल्लिखित परिमाण भन्दा बढी परिमाण भेरिएश आदेश स्वीकृत नगरी भुक्तानी गरेको छ। सम्झौताभन्दा बढी परिमाणको कार्य गराई भुक्तानी गर्दा भेरिएशन आदेश स्वीकृत गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा एकीकृत वित्तीय विवरण, केन्द्रीय प्रगति विवरण, बजेट समर्पण, सम्पत्तिको एकीकृत विवरण, खरिद व्यवस्थापन लगायतका विषयमा सुझाव दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहतका १२ निकायको रु.४९ करोड ३१ लाख ४० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.१ करोड ८८ लाख २० हजार फस्यौंट भई रु.४७ करोड ४३ लाख २२ हजार बाँकी रहेको छ। सो मध्ये रु.१३ करोड ७ लाख ८३ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-**९ मा समावेश छ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको खानेपानी, सिँचाइ, ऊर्जा तथा जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी, नीति, कानुन, मापदण्ड तथा योजना निर्माण र कार्यान्वयन,
- प्रदेशस्तरमा खानेपानी, सिँचाइ तथा ऊर्जा सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण,
- खानेपानी, सिँचाइ तथा ऊर्जा सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण,
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीको जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन,
- प्रदेशको जलस्रोत उपयोग, नदी नियन्त्रण तथा संरक्षण सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,
- खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,
- स्वच्छ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन,
- सबैलाई स्वच्छ खानेपानीको उपलब्धता र स्वच्छ खानेपानीमा पहुँचको सुनिश्चितता,
- ढल निकास तथा सरसफाई व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष मन्त्रालय र मातहत समेतका १७ कार्यालयको निम्नानुसार रु.४ अर्ब ३९ करोड २४ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३८२९३०२	१६८३	५५५३५२	६०७०	४३९२४०७

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	२४२४८८	२६०८८३	१२२९६२	४७.१३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१८०६	१८०६	६७२	३७.१९
२२१०० सेवा महसुल	९६८८	९८३८	७१३३	७२.५०
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४६२९९	४८६८२	४०००७	८२.१८

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२३०० कार्यालय सामान तथा सेवाहरू	१२२५०	१२४५०	१२०५९	९६.८६
२२४०० सेवा तथा परामर्श खर्च	४५५२०	५६३४३	४५८५८	८१.३९
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	५७१००	४६९४०	१३२४	२.८२
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	८८५५	१०१०५	८६६६	८५.७६
२२७०० विविध खर्च	५१९५	५५४५	५४०७	९७.५१
२६३०० अन्य तहका सरकारहरूलाई	५७९४८५	९५००००	४३९९१३	४६.३१
२६४०० सामाजिक सेवा अनुदान	७००००	७००००	०	०.००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१०७१२	११९७९	५६१९	४६.९१
२८९०० भैपरी आउने चालु खर्च	२०००	२०००	०	०.००
चालु जम्मा	**१०९१३९८**	**१४८६५७१**	**६८९६२०**	**४६.३९**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४९००५६५	४९३७५६५	३१३९६८३	६३.५९
३१५०० भैपरी आउने पुँजीगत	५००	५००	०	०.००
पुँजीगत जम्मा	**४९०१०६५**	**४९३८०६५**	**३१३९६८३**	**६३.५८**
कुल जम्मा	**५९९२४६३**	**६४२४६३६**	**३८२९३०२**	**५९.६०**

उल्लिखित विवरणअनुसार चालुतर्फ ४६.३९ प्रतिशत, पुँजीगततर्फ ६३.५८ प्रतिशत र समग्रमा ५९.६० प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भएको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० सम्मको स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र सं	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८० को लक्ष्य	२०७९।८० सम्मको प्रगति
१	आधारभूत खानेपानी पुगेको जनसंख्या	प्रतिशत	८९.००	९८.००	९६.५०
२	पाइपद्वारा खानेपानी पुगेको जनसंख्या	प्रतिशत	५.५२	२७.००	२२.६०
३	सिंचाइयोग्य क्षेत्रमा दिगो र भरपर्दो सिँचाइ सुविधा	प्रतिशत	४३.२	६१.५०	४९.५०

उल्लिखित सूचकहरूमा लक्ष्यको तुलनामा कम प्रगति भएको देखिन्छ। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रममा आवद्ध गरी निर्धारित नतिजा हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलव्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।८१ देखि २०८२।८३ को लागि त्रिवर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। सो अनुसार २०८०।८१ मा यस मन्त्रालयको लागि रु.५ अर्ब ९९ करोड २४ लाख ६३ हजार खर्च प्रक्षेपण भएकोमा रकमान्तर थप समेत रु.६ अर्ब ४२ करोड ४६ लाख ३६ हजार विनियोजन भई रु.३ अर्ब ८२ करोड ९३ लाख २ हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भए तापनि विनियोजनको ५९.६० प्रतिशत खर्च

भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम** - यो वर्षको वार्षिक कार्यक्रममा समावेश मन्त्रालयसँग सम्बन्धित सिँचाइ प्रयोजनका लागि लाग्ने विद्युत महशुलमा कृषकलाई पचास प्रतिशत अनुदान, डिप ट्युवेल क्लष्टर तथा विद्युतीकरण सहितको स्यालो ट्युवेल क्लष्टर बनाई ट्युवेल सिँचाइ प्रणाली जडान, नदीका बाँध र पुल मुनि सुलिस गेट बनाउने, वर्षाको पानी सङ्कलन गर्ने, चुरेक्षेत्रमा जलाशय निर्माण तथा मर्मत सम्भार गर्ने, भूमिगत पुनर्भरण गर्ने, स्वच्छ जल, स्वच्छ जीवन खानेपानी योजनालाई स्थानीय सरकार र सरोकारवालासँग समन्वय गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन्। वार्षिक लक्ष्य अनुसारका कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ।

६. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ मा स्वच्छ खानेपानी पुऱ्याउन वाटर एटिएम निर्माणको लागि रु.२० करोड, एक परिवार एक विद्युतीय चुल्लो कार्यक्रमको लागि रु.१२ करोड, तराई मधेश खानेपानी सुधार कार्यमा रु. ४५ करोड, सार्वजनिक निजी साझेदारीमा वैकल्पिक उर्जा विकास र प्रर्वद्धन गर्न रु.२५ करोड बजेट विनियोजन गरेको छ। मन्त्रालयले यी कार्यक्रमको कार्यान्वयन अवस्था र उपलब्धि मापन गरी प्रतिवेदन तयार गरेको छैन। मन्त्रालयले बजेट वक्तव्यमा उल्लेख गरेका कार्यक्रमहरूको वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ।

७. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

८. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

९. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.१३ करोड २७ लाख ३७ हजार मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्निचर लगायत विभिन्न २७ प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। प्राप्त विवरणअनुसार कार्यालय भवन र जमिनको मूल्याङ्कन सांकेतिक रुपमा रु.१ मूल्य कायम गरेको देखिन्छ। मन्त्रालयले मातहत कार्यालय समेतको सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

१०. **भौतिक प्रगति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। यस वर्ष मन्त्रालयको रु.४६ करोड ५१ लाखको ४८ आयोजना, जलस्रोत तथा सिँचाइ विकास डिभिजन, सर्लाहीको रु.१ करोड ६६ लाखको ८ आयोजना र धनुषाको रु.११ करोड ४६ लाखको ५१ आयोजना कार्यान्वयन भएको देखिएन। बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रम कार्यान्वयन गरी उपलब्धी हासिल गर्नुपर्दछ।

११. **अधुरा आयोजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने व्यवस्था छ। मन्त्रालयमा साविक सङ्घीय खानेपानी मन्त्रालयबाट सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लामा २०६०।६१ देखि सञ्चालित तराई मधेश खानेपानी सुधार कार्यक्रम अन्तर्गतका २४० र सप्तरी, सिराहा, सर्लाही र रौतहट जिल्लामा २०५४।५५ देखि सञ्चालित जलवायु अनुकुलित वृहत खानेपानी आयोजना अन्तर्गतका ४२ समेत २८२ आयोजना जिम्मेवारी सर्दै आएको छ। उक्त आयोजना सम्पन्न गर्न सम्झौता अनुसार रु.१४ अर्ब ५२ करोड ६३ लाख आवश्यक पर्ने देखिएकोमा २०७४।७५ सम्म रु.२ अर्ब ९७ करोड ९१ लाख ६० हजार खर्च भएको देखिन्छ। उक्त आयोजनाहरूमा हाल बजेट विनियोजन नभएकाले निर्माण कार्य अधुरो रहेको देखिन्छ। अधुरा खानेपानी आयोजनामा बजेट विनियोजन गरी निर्माण सम्पन्न गर्नुपर्दछ।

१२. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी व्यवस्था रहेको छ। यस वर्ष लेखापरीक्षण भएका भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन, महोत्तरीले रु.७१ लाख ६७ हजार, सिराहाले रु.५५ लाख ५७ हजार, सर्लाहीले रु.५३ लाख ५१ हजार, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाराले रु.५० लाख २५ हजार तथा जलस्रोत तथा सिँचाइ विकास डिभिजन सर्लाहीले रु.३२ लाख ५० हजार, धनुषाले रु.५१ लाख ३४ हजार, रौतहटले रु.२९ लाख ६७ हजार, बाराले रु.४१ लाख ७० हजार, पर्साले रु.४५ लाख २८ हजार, सिराहले रु.४२ लाख २२ हजार समेत रु.४ करोड ७३ लाख ७१ हजार कन्टिन्जेन्सी खर्च गरेको छ। आयोजनागत खर्च स्पष्ट हुनेगरी तथा वर्क चार्ज स्टाफ खर्च र अन्य खर्च छुट्टिने गरी अभिलेख राख्नु पर्नेमा एकमुष्ट रुपमा खर्च गरेका छन्।

१३. **उपभोक्ता समितिबाट सामान खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ मा उपभोक्ता समिति मार्फत मालसामान खरिद गर्न सक्ने व्यवस्था रहेको छैन। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बारा अन्तर्गतको लालगाउँ खानेपानी उपभोक्ता समिति मार्फत रु.३० लाख ६३ हजार पाईप तथा फिटिङ्गका सामान खरिद गरेको छ। यस्तो खरिद कार्य नियन्त्रण गर्नुपर्दछ।

१४. **एकमुष्ट बजेट** - भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन, पर्सालाई यस वर्षको बजेटमा योजनाको नाम र स्थान नतोकी प्राविधिक अध्ययनको आधारमा मन्त्रालयबाट स्वीकृत योजना कार्यान्वयन गर्ने गरी एकमुष्ट रु.७ करोड बजेट विनियोजन गरेको देखिन्छ। उक्त बजेटबाट मन्त्रालयको स्वीकृतिमा विभिन्न ४४ योजनामा रु.५ करोड ७१ लाख ३८ हजार खर्च गरेको देखिन्छ। यसरी एकमुष्ट बजेट व्यवस्था गरी खर्च गरेको उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।

१५. **पाइप जडान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ्ग बिल तथा अन्य विलको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको

आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सर्लाहीले यस वर्ष २९ खानेपानी आयोजनाको लागि विभिन्न साइजको ६७ हजार ५४१ मिटर एच.डी.पी.ई. पाइप उपलब्ध गराएकोमा आयोजनाको नापी किताब अनुसार ३१ हजार ९६० मिटर जडान गरेको देखिन्छ। सो कार्यालयले आयोजनाहरूलाई उपलब्ध गराएको मध्ये रु.१ करोड ३० लाख ४ हजारको ३५ हजार ५८१ मिटर र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, महोत्तरीले २ आयोजनाले उपलब्ध गराएकोमध्ये रु.३३ लाख ९८ हजारको १३ हजार ८३३ मिटर एच.डी.पी.ई. पाइप जडान हुन बाँकी देखिन्छ। उक्त पाइप कार्यालयले खर्च लेखिसकेकोले आयोजनामा जडान भएको सुनिश्चित गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा नीति तर्जुमा तथा कार्यान्वयन, वित्तीय जिम्मेवारी तथा जवाफदेहीता, परार्मश सेवा, पाईप तथा फिटिङ मौज्दात, अधुरो आयोजना लगायतका विषयमा सुझाव दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहतका १७ निकायको रु.८ करोड ९ लाख बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.१ लाख २ हजार फर्स्यौट भई रु.८ करोड ७ लाख ९८ हजार बाँकी रहेको छ। सो मध्ये रु.३ करोड ६९ लाख ५ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार, नियमन र अपराध नियन्त्रण,
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता, प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,
- जडिबुटी खेती प्रविधि प्रर्वद्धन, बिस्तार तथा बजारीकरण, नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलन,
- वन तथा वातावरण विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम, नीति, समन्वय र सहयोग,
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन,
- वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा र कार्यान्वयन,
- वातावरणीय सूचना प्रणालीको स्थापना एवं वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति र अनुगमन,
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण र कार्यान्वयन,
- वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,
- वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन,
- प्रदेशभित्र वृक्षारोपण तथा संभार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहत समेतका १३ कार्यालयको निम्नानुसार रु.१ अर्ब ८२ करोड ६ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१३३४८१४	१२३७०१	१५४७९८	२०७३६४	१८२०६७७

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक / सुविधा	६९२४७४	६९७१२४	५१२६०७	७३.५३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४३९६	४३९६	२८२६	६४.२९
२२१०० सेवा महसुल	१४०७५	१४६५५	११७०६	७९.८८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र	३४७६८	३८२५८	३३५५१	८७.७०
२२३०० कार्यालय सामान तथा सेवाहरू	१६७११	१७०८१	१५४०७	९०.२०
२२४०० सेवा तथा परामर्श खर्च	७५७०२	५८८०२	२७६०८	४६.९५

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१७२२८०	१२३२५०	३९२७१	३१.८६
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१०६७०	१०३२०	९६००	९३.०३
२२७०० विविध खर्च	६१६५	५७२५	५०७६	८८.६६
२६३०० अन्य तहका सरकारहरूलाई	०	९६०००	५०४२६	५२.५३
२८१०० सम्पत्ति सम्बन्धी खर्च	६३७२	६२५२	५४१३	८६.५८
चालु जम्मा	**१०३३६१३**	**१०७१८६३**	**७१३४९२**	**६६.५७**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	७९७१८९	७८०६८७	६२१३२२	७९.५९
पुँजीगत जम्मा	**७९७१८९**	**७८०६८७**	**६२१३२२**	**७९.५९**
कुल जम्मा	**१८३०८०२**	**१८५२५५०**	**१३३४८१४**	**७२.०५**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६६.५७ प्रतिशत, पुँजीगततर्फ ७९.५९ प्रतिशत र समग्रमा ७२.०५ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भएको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० सम्मको स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र. सं.	प्रमुख सुचकहरू	एकाइ	आधार वर्ष (२०७५।७६)	२०७९।८० सम्मको लक्ष्य	२०७९।८० सम्मको प्रगति
१.	वनले ढाकेको क्षेत्रफल	प्रतिशत	२७.२९	२७.६८	२४
२.	वैज्ञानिक वन व्यवस्थापन	हेक्टर	४५९६०	५०५५६	४८१६२
३.	सीमसार क्षेत्र	संख्या	३५०	५२५	५००
४.	वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने स्थानीय तह	संख्या	०	११०	११०
५.	फोहोरमैला व्यवस्थापन र ढल निर्माणमा सहकार्य गरिने नगरपालिका	प्रतिशत	०	४०	४०

उल्लिखित तालिकाअनुसार वातावरणसँग सम्बन्धित लक्ष्य प्राप्त भएको र वन सम्बन्धी लक्ष्य अपेक्षित कार्यक्रम प्राप्त नभएको देखिन्छ । आवधिक योजनाको लक्ष्य हासिल हुनेगरी कार्य गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलव्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।८१ देखि २०८२।८३ को लागि त्रिवर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। सो अनुसार २०८०।८१ मा यस मन्त्रालयको लागि रु.१ अर्ब ८३ करोड ८० लाख खर्च प्रक्षेपण भएकोमा रकमान्तर थपसमेत रु.१ अर्ब ८५ करोड २५ लाख ५० हजार विनियोजन भई रु.१ अर्ब ३३ करोड ४८ लाख १४ हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भए तापनि विनियोजनको ७२.०५ प्रतिशत खर्च भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारको २०८०।८१ को नीति तथा कार्यक्रममा जलवायु अनुकुल वन तथा वातावरण संरक्षण गुरुयोजना, जडिबुटी प्रशोधन केन्द्रको स्थापना, चुरे संरक्षण तथा व्यवस्थापन

ऐन निर्माण लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन भएको देखिएन। नीति र कार्यक्रमको व्यवस्था कार्यान्वयन गराउनुपर्दछ।

६. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा कार्तिक मसान्तभित्र पेस गरी सक्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

७. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.१४ करोड ३९ लाख ३७ हजार मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्निचर लगायत विभिन्न २५ प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। मन्त्रालयले मातहत कार्यालय समेतको सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

८. **वित्तीय प्रतिवेदन सार्वजनिक** -प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले उल्लिखित व्यवस्था अनुरुप वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। वित्तीय प्रतिवेदनहरू सार्वजनिक गरी सूचना प्रवाहित गर्नुका साथै सम्पादित कार्यलाई पारदर्शी समेत बनाउनुपर्दछ।

डिभिजन वन कार्यालयहरू

९. **विरुवाको मौज्दात -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार ८ डिभिजन कार्यालयहरूमा गत वर्षको जिम्मेवारी, यस वर्षको उत्पादन, वृक्षारोपण र बाँकी विरुवा निम्नानुसार रहेको छः-

जिल्ला	गत वर्षको जिम्मेवारी	यस वर्षको उत्पादन	यस वर्षको वृक्षारोपण	यस वर्ष सम्मको बाँकी
सप्तरी	०	४८००००	३७९४१७	१००५८३
सिराहा	०	४३४०००	२०००००	२३४०००
धनुषा	१०००००	५८१५५०	३३१५५०	३५००००
महोत्तरी	२०००००	७८००००	५९००००	३९००००
सर्लाही	०	१२५००००	९०००००	३५००००
रौतहट	२४२३९६	५०४०००	२७११००	४७५२९६
बारा	०	२०००००	१०५०००	९५०००
पर्सा	०	२०००००	१०००००	१०००००
जम्मा	**५४२३९६**	**४४२९५५०**	**२८७७०६७**	**२०९४८७९**

यस वर्ष विरुवा उत्पादनको लागि रु.४ करोड ४२ लाख ९५ हजार खर्च लागेको आधारमा यस वर्षको उत्पादन लागत औसतमा प्रति विरुवा रु.१० रहेको छ। वितरण भएको विरुवाको लागत रु.२ करोड ८७ लाख ७० हजार र बाँकी विरुवाको लागत रु.२ करोड ९ लाख ४८ हजार रहेको देखिन्छ। मन्त्रालयले वितरण गरेका विरुवाको वृक्षारोपण कार्य सुनिश्चित गर्नुपर्दछ।

१०. **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ८ मा अधिकार प्राप्त व्यक्तिबाट पट्टा पुर्जि पाएको बाहेक वन क्षेत्रको जग्गामा कुनै किसिमको हक नहुने उल्लेख छ। वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा तोकिएको कार्यविधि बनाई अतिक्रमण हुन नदिने र अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। प्रदेश अन्तर्गतका ७ डिभिजन कार्यालयहरू (महोत्तरी, सिराहा, सर्लाही, रौतहट, बारा, पर्सा, सप्तरी) बाट प्राप्त विवरणअनुसार ५ हजार ७६६ हेक्टर क्षेत्रफल वन अतिक्रमण भएकोमा ५८० हेक्टर क्षेत्रफल अतिक्रमण हटाइएको, ४६ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरेको र ५ हजार १८६ हेक्टर वन अतिक्रमण हटाउन सकेको देखिएन। अतिक्रमण हटाई वृक्षारोपण गर्नुपर्दछ।

११. **वन मुद्दा** - वन ऐन, २०७६ को दफा ६७ अनुसार रु.२ लाख रुपैयाँसम्म जरिवाना लगाउने वा एक वर्ष कैद वा दुवै सजाय हुने वन सम्बन्धी मुद्दा नेपाल सरकारको वन अधिकृतले कारबाही र किनारा लगाउन सक्ने व्यवस्था छ। प्रदेश वन ऐन, २०७७ ले वन मुद्दा हेर्ने अधिकार वन अधिकृतलाई प्रदान नगरेकोले यी दुई ऐन बीच सामञ्जस्यता कायम भएको देखिएन। प्रदेश अन्तर्गतका डिभिजन कार्यालयबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म ७३४ र यस वर्ष ३१८ मुद्दा समेत १ हजार ५२ मध्ये जिल्ला अदालतमा १५ मुद्दा दायर भई १ हजार ३७ मुद्दा फर्स्यौट हुन बाँकी छन्।

१२. **समृद्धिका लागि वन कार्यक्रम** - विश्व बैङ्क तथा वन तथा वातावरण मन्त्रालयबीच भएको सम्झौताअनुसार १६ जुलाई २०२१ देखि ३० सेप्टेम्बर २०२५ सम्मको लागि समृद्धिका लागि वन कार्यक्रम सम्बन्धी सम्झौता भएको छ। यस कार्यक्रमको कुल लागत २४ मिलियन अमेरिकी डलर (१७.९ मिलियन ऋण र ६.१ मिलियन डलर अनुदान) रहेको छ। यस वर्ष प्रदेशलाई प्राप्त बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छ।

(रु.हजारमा)

क्र.सं.	कार्यक्रमको नाम	विनियोजित बजेट	खर्च	वित्तिय प्रगति %
१	प्रदेश परियोजना व्यवस्थापन इकाई, जनकपुरधाम	३०८७०	२०४४७	६६.२३
२	आठ डिभिजन वन कार्यालयहरू	५०७३०	२९९७९	५९.१०
३	पच्चिस पालिकाहरू	११८५००	४४०६६	३७.१९
	जम्मा	**२००१००**	**९४४९३**	**४७.२२**

तालिका अनुसार वित्तीय प्रगति न्यून हुनाको कारण यकिन गरी खर्च गर्ने क्षमता अभिवृद्धि गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१३. **राजस्व बाँडफाँट** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७(१) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच सङ्घीय कानुन बमोजिम प्रादेशिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्न नेपाल सरकारले सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालयहरू रौतहट र बाराले यस वर्ष काठ दाउराको ठेक्काबाट प्राप्त रु.७ करोड २३ लाख ३७ हजार विविध कोषमा जम्मा गरेकाले ऐनमा भएको व्यवस्था बमोजिम सङ्घीय विभाज्य कोषमा दाखिला गर्नुपर्दछ।

१४. **क्षतिपूर्ति वृक्षारोपण** - वन नियमावली, २०७९ को नियम ९२ मा वृक्षारोपण गर्ने जग्गा प्राप्त नभएमा अनुसूची ५१ बमोजिमको रकम वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छ:

१४.१. वन नियामावली, २०७९ को नियम ९१ मा विकास आयोजनाले वन विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनुपर्ने, जग्गा उपलब्ध गराउन नसकेमा जग्गा प्राप्ति सहजीकरण समितिमा लेखि पठाउनुपर्ने, जग्गा प्राप्ति सहजीकरण समितिले जग्गा उपलब्ध गराउन नसकेमा विभागमा लेखी पठाउने र क्षतिपूर्ति वापतको रकम वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। वन नियमावली, २०७९ को नियम ९३(५) र (६) मा आयोजनाले वृक्षारोपणको लागत अनुमान तयार गर्दा हटाईने रुख र बल्लाबल्लीको संख्याको दश गुणाका दरले हुने विरुवाको वृक्षारोपण गर्न लाग्ने शुल्क र पाँच वर्षसम्म हेरचाह गर्दा लाग्ने शुल्कलाई आधारमानी तयार गर्नुपर्ने व्यवस्था छ।

१४.२. नेपाल विद्युत प्राधिकरण ४०० के.भी. (हेटौडा-ढल्केवर-दुहवी) विद्युत प्रसारण लाईन जडान गर्न स्थायी ५.१२ हेक्टर र अस्थायी २१५.५८ हेक्टर जग्गा २५ वर्षका लागि भोगाधिकार उपलब्ध गराउने र सो क्षेत्रमा रहेका रुखविरुवाहरू हटाउन स्वीकृति दिने नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७२।११।६ को निर्णयानुसार १३ हजार ७७१ रुख कटान भएको छ। सम्झौताअनुसार आयोजनाले १:२५ का दरले जिल्ला वन कार्यालयले तोकेको क्षेत्रमा वृक्षारोपण गरी पाँच वर्षसम्म संरक्षण गरी जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्ने र यस्तो वृक्षारोपणको कार्य ५ वर्षभित्र सम्पन्न गरिसक्नुपर्नेमा आयोजनाले हालसम्म ३९.४५ हेक्टरमा ६१ हजार ८०० वृक्षारोपण भएको विवरणबाट देखिन्छ। आयोजनाले ३ लाख ४४ हजार २७५ विरुवा रोप्नुपर्नेमा ६१ हजार ८०० विरुवा वृक्षारोपण गरेको छ। बाँकी कार्यसम्पन्न गर्नुपर्दछ।

१४.३. काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजना र वन तथा भू-संरक्षण विभागबीच २०७४।८।१४ मा आयोजनाको राइट अफ वे मा पर्ने वन क्षेत्रमा रहेका १२ हजार ४५७ रुख हटाउने सम्झौता भएकोमा २०८०।१०।२२ मा थप २ हजार ५०५ रुख कटान गर्ने पुरक सम्झौता भएको छ। सुरु सम्झौता अनुसार हटाउने प्रति रुखको २५ का दरले बृक्षारोपण गर्नुपर्नेमा सो सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा नीति तथा कार्यक्रम, जलवायु परिवर्तन, बजेट कार्यान्वयन, विरुवा उत्पादन र वितरण, काठदाउरा बिक्री लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत निकायको रु.१३ करोड ४८ लाख ८६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रु.१ लाख ८१ हजार फर्स्यौट भई रु.१३ करोड ४७ लाख ५ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- उद्योग तथा वाणिज्य सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा र कार्यान्वयन,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी,
- औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन,
- प्रादेशिक व्यापार प्रवर्धन, समन्वय तथा तथ्याङ्क प्रणाली,
- बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन र अनुसन्धान,
- व्यापारिक फर्महरूको दर्ता, नवीकरण र खारेजी,
- वस्तु तथा सेवा आपूर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- सङ्घ र स्थानीय तहसँगको समन्वयमा सिन्डिकेट, कार्टेलिङ, अनुचित मूल्यवृद्धि, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् बजार अनुगमन,
- करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन,
- प्रदेशस्तरमा औद्योगिक हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,
- प्रदेशभित्रका ठूला, साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्धन सम्बन्धमा नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- औद्योगिक तथा व्यापारिक प्रदर्शनीको आयोजना,
- प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण र कार्यान्वयन,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्धन,
- पर्यटकीय होटल, मोटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ऱ्याफ्टिङ्ग, क्यानोइङ्ग आदिको दर्ता, अनुमति र नवीकरण।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेतका १३ कार्यालयको निम्नानुसार रु.१ अर्ब १६ करोड २४ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१०२६१९९	८५१२९	५०१२३	९८४	११६२४३५

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	११२३१०	११८१०७	५०२४७	४२.५४
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१२८३	१२८३	२६३	२०.५०
२२१०० सेवा महसुल	५९८६	६२६६	४९०९	७८.३४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२२९६५	२५५२५	२३२४४	९१.०६

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२३०० कार्यालय सामान तथा सेवाहरू	१२९३९	१४९६८	१४२९२	९५.४८
२२४०० सेवा तथा परामर्श खर्च	२८५७३	२९८३३	२१७६२	७२.९५
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	६२७८९	६४०८९	५७११२	८९.१२
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	७२७३	८४४३	८०३०	९५.११
२२७०० विविध खर्च	४४००	४७५०	४६८२	९८.५७
२५३०० अन्य सहायता	५५०	५५०	३४९	६३.४५
२८१०० सम्पत्ति सम्बन्धी खर्च	६४२०	६५२०	५३०२	८१.३२
चालु जम्मा	**२६५४८८**	**२८०३३४**	**१९०१९२**	**६७.८४**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१३८१२७८	१३८६२७८	८३६००७	६०.३१
पुँजीगत जम्मा	**१३८१२७८**	**१३८६२७८**	**८३६००७**	**६०.३१**
कुल जम्मा	**१६४६७६६**	**१६६६६१२**	**१०२६१९९**	**६१.५७**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६७.८४ प्रतिशत, पुँजीगततर्फ ६०.३१ प्रतिशत र समग्रमा ६१.५७ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६।०७७ देखि २०८०।०८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भईसकेको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० सम्मको स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र. सं.	प्रमुख सूचकहरू	एकाइ	आधार वर्ष (२०७५।७६)	लक्ष्य (२०७९।८०)	उपलब्धि (२०७९।८०)
१.	ठूला उद्योग	संख्या	१३५	२५०	१६१
२.	मझौला उद्योग	संख्या	२२५	४५०	२७१
३.	पर्यटकीय गन्तव्यहरूको विद्युतीय नक्साङ्कन	प्रतिशत	०	८०	०
४.	पर्यटकीय स्थलहरूको जिल्लागत प्रोफाइल	संख्या	०	५	०
५.	पर्यटकीय सर्किट निर्माण	प्रतिशत	०	२	०
६.	स्थानीय तहमा पर्यटन सम्पर्क व्यक्ति तोकिने स्थानीय तह	संख्या	०	१००	०

दोस्रो आवधिक योजना सुरु भई सकेको अवस्थामा पहिलो आवधिक योजनाको चौथो वर्षको लागि तय गरेको लक्ष्यअनुसार उपलब्धि हासिल हुन नसकेको अवस्था छ। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रममा आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलव्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।८१ देखि २०८२।८३ को लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। सो अनुसार २०८०।८१ मा यस मन्त्रालयको लागि रु.१ अर्ब ६४ करोड ६७ लाख ६६ हजार खर्च प्रक्षेपण गरेकोमा रकमान्तर थप समेत रु.१ अर्ब ६६ करोड ६६ लाख १२ हजार विनियोजन भई रु.१ अर्ब २ करोड ६१ लाख ९९ हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भएतापनि विनियोजनको ६१.५७ प्रतिशत खर्च भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने

क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित कृषिमा आधारित कृषि उद्योग स्थापना गर्ने, लघु घरेलु तथा साना उद्योगलाई प्रवर्धन गर्ने, नवीनतम प्रविधिको उपयोग गर्ने, तुलानात्मक लाभका क्षेत्रहरूको पहिचान गर्ने, श्रम उत्पादकत्व, प्रतिस्पर्धाको स्वरुप लगायतका व्यवहारिक कार्यनीतिक योजना बनाउने लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन्। कार्यान्वयनयोग्य विषय मात्र नीति तथा कार्यक्रममा समावेश गरी उपलब्धि हासिल गर्नुपर्दछ।

६. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।०८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

७. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

८. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.३५ करोड ६ लाख २७ हजार मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्निचर लगायत विभिन्न ४० प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। मन्त्रालयले आफू र मातहत कार्यालयहरूको सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक रहे/नरहेको सुनिश्चित गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

९. **प्रविधि हस्तान्तरण** – लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रको वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित उद्यम प्रवर्धन, सीप विकास र प्रविधि सहयोग, प्रविधि हस्तान्तरण, बिउ पुँजीमा सहयोग तथा औद्योगिक प्रदर्शनी लगायतका कार्यक्रम सञ्चालन गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८० जारी गरेको छ। यस वर्ष मन्त्रालय अन्तर्गतका ५ घरेलु तथा साना उद्योग कार्यालहरूबाट रु.६० लाख ४४ हजार बराबरको प्रविधि हस्तान्तरण गरिएको र लाभग्राहीको योगदान रु.१३ लाख ८९ हजार रहेको छ। कार्यविधिको बुँदा नं. ३३ अनुसार कार्यक्रम तथा उद्यमीलाई हस्तान्तरण गरेको प्रविधिको समुचित सञ्चालन र व्यवस्थापन सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ।

घरेलु तथा साना उद्योग कार्यालय

१०. **उद्योग र वाणिज्य अभिलेख** - प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ को दफा ३ बमोजिम उद्योग सञ्चालन गर्न दर्ता गराउनु पर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गतका उद्योग विभाग र घरेलु तथा साना उद्योग कार्यालयबाट २०८०।८१ मा दर्ता, नवीकरण, खारेजी र स्थानान्तरणको स्थिति निम्नानुसार छः

विवरण	दर्ता	नवीकरण	खारेजी	स्थानान्तरण
उद्योग	४९७२	७२०१	९६४	७७७
वाणिज्य	५४२७	११७०२	१६९०	१७५
जम्मा	**१०३९९**	**१८९०३**	**२६५४**	**९५२**

कार्यालयहरूमा हालसम्म दर्ता भएका उद्योग र वाणिज्यको अभिलेख अद्यावधिक गरेको पाइएन। अभिलेख अद्यावधिक गर्नुपर्दछ।

११. **राजस्व सङ्कलन** - मन्त्रालय अन्तर्गत उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरू र पर्यटन विकास कार्यालयहरूबाट उद्योग र वाणिज्य दर्ता, नवीकरण, स्थानान्तरण र खारेजी लगायतमा राजस्व सङ्कलन गर्दै आएको छ। मन्त्रालय मातहतका विभाग र कार्यालयहरूबाट २०८०।८१ मा रु.८ करोड ५१ लाख २९ हजार राजस्व सङ्कलन गरेको छ। कार्यालयहरूको क्षमता वृद्धि गरी उद्योग वाणिज्य क्षेत्रको सवलीकरण र नियमन मार्फत राजस्व वृद्धि गर्नुपर्दछ।

पर्यटन विकास कार्यालय

१२. **अधुरो आयोजना** - पर्यटन विकास कार्यालय, पर्साले गढीमाई पर्यटन पूर्वाधार स्तरउन्नति कार्य २०८१।३।१० मा सम्पन्न गर्ने गरी २०८१।२।८ मा रु.९६ लाख १६ हजारको ठेक्का सम्झौता गरेको छ। सम्झौता अनुसार यस वर्ष दोस्रो रनिङ बिलसम्म रु.४७ लाख ४० हजार (४९.२९ प्रतिशत) भुक्तानी भई अधुरो अवस्थामा रहेको छ। उक्त योजनामा २०८१।८२ मा बजेट विनियोजन भएको देखिएन।

१३. **कार्यक्रम खर्च** - पर्यटन विकास कार्यालयले उद्देश्य अनुसार पर्यटन प्रर्वद्धन हुने क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा धनुषा पर्यटन विकास कार्यालयले एक सरकारी कार्यालयको प्राङ्गनमा हरितपार्क निर्माण गरी रु.१४ लाख ४३ हजार भुक्तानी गरेको छ। कार्यालयले उद्देश्य अनुसार सम्पादन गर्नुपर्ने कार्यक्षेत्र भन्दा फरक सरकारी कार्यालयमा खर्च गरेको उचित देखिएन। यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा कार्यजिम्मेवारी अनुसारका कार्य हुन बाँकी रहेको, बजेट कार्यान्वयन प्रभावकारी नभएको, समयमा बजेट समर्पण नगरेको लगायतका विषय औंल्याएकोमा यो वर्ष पनि स्थिति यथावत रहेको छ। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालयसमेत १२ निकायको रु.४४ लाख २३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फर्स्यौट नभई सोही रकम बाँकी रहेको छ।सो मध्ये रु.४९ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

श्रम तथा यातायात मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश श्रम सल्लाहकार परिषद्, श्रम र सामाजिक सम्वाद सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन,
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,
- रोजगारी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन,
- प्रदेशभित्र रोजगारी प्रवर्धन सम्बन्धमा स्थानीय तहसँग समन्वय र सहकार्य,
- बैदेशिक रोजगारमा जाने र फर्कने नागरिकको अभिलेख व्यवस्थापन,
- गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिब घरपरिवार पहिचान र सोको अभिलेख व्यवस्थापन,
- यातायात सम्बद्ध कार्यालयहरूको व्यवस्थापन सुधार सहित आधुनिक र विश्वसनीय प्रविधिको प्रयोग एवं व्यवस्थापन गरी प्रदेशमा नागरिकलाई झन्झटरहित, बिचौलियारहित, अनियमिततारहित र सुशासनको पूर्ण प्रत्याभूति सहित सवारी दर्ता र नवीकरण, सार्वजनिक यातायातको रुट अनुमति, चालक अनुमति र नवीकरण लगायत यातायात सम्बद्ध कार्य र सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन,
- प्रदेशभित्र सार्वजनिक यातायातको मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण,
- वातावरणमैत्री, अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्धन तथा व्यवस्थापन, सुरक्षित यातायात र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहत समेत १० कार्यालयको निम्नानुसार रु.३ अर्ब ५६ करोड ३९ लाख ६३ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३०१५६७	३२६०५९५	१८०१	०	३५६३९६३

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक / सुविधा	३५३५०	१६५४७५	११३७०२	६८.७१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१४०	७९८	४७३	५९.२६
२२१०० सेवा महसुल	२०५०	७५५९	५२६५	६९.६५
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३९१६	१९०८२	१५९८६	८३.७७
२२३०० कार्यालय सामान तथा सेवाहरू	२१३५५०	२३४०५०	२७०७१	११.५७
२२४०० सेवा तथा परामर्श खर्च	३२९७	३५७९९	२६५४९	७४.१६

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	६८९९०	६८९९०	२५६३७	३७.१६
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२३१५	६५१५	४५४७	६९.७९
२२७०० विविध खर्च	१६१०	६५२०	५९४७	९१.२१
२५३०० अन्य सहायता	१५००००	१५००००	०	०.००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१३००	९९३०	८५५०	८६.१०
२८९०० भैपरी आउने चालु खर्च	२८००००	५७८०१	०	०.००
चालु जम्मा	**७६२५१८**	**७६२५१९**	**२३३७२६**	**३०.६५**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१९८०६७	२५५६६७	६७८४१	२६.५३
३१५०० भैपरी आउने पुँजीगत	२००००	४०००	०	०.००
पुँजीगत जम्मा	**२१८०६७**	**२५९६६७**	**६७८४१**	**२६.१३**
कुल जम्मा	**९८०५८५**	**१०२२१८६**	**३०१५६७**	**२९.५०**

उल्लिखित विवरणअनुसार चालुतर्फ ३०.६५ प्रतिशत, पुँजीगततर्फ २६.१३ प्रतिशत र समग्रमा २९.५० प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भएको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० सम्मको स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र. सं.	सूचक	एकाइ	आधार वर्ष (२०७५।७६)	२०७९।८० को लक्ष्य	२०७९।८० सम्मको प्रगति
१.	बेरोजगारी दर	प्रतिशत	२०.१	१२	सर्वेक्षण नभएको
२.	जनसंख्यामा रोजगारी अनुपात (१५ वर्ष भन्दा माथि)	प्रतिशत	३१.८	३९	सर्वेक्षण नभएको
३.	औपचारिक क्षेत्रमा रोजगारी (१५ वर्ष भन्दा माथि)	प्रतिशत	८.१	१३.३	सर्वेक्षण नभएको
४.	वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न स्थानीय तहको क्षमता वृद्धि	स्थानीय तह संख्या	०	४०	३७
५.	ट्राफिक पोष्ट स्थापना तथा सुदृढीकरण	गोटा	१३०	२७५	१३०
६.	यातायात कर्मचारी र ट्राफिक प्रहरीलाई तालिम वार्षिक	संख्या	२०	४५	तथ्याङ्क नभएको
७.	भार परीक्षण प्रदुषण परीक्षण केन्द्र	संख्या	५	१३	-

दोस्रो आवधिक योजना सुरु भैसकेको अवस्थामा पहिलो आवधिक योजनाको चौथो वर्षको लागि तय गरेको लक्ष्य अनुसार अधिकांश सूचकहरूमा सर्वेक्षण एवं तथ्याङ्क नभएको कारण उल्लेख गरी २०७९।८० को प्रगति स्थिति खुलाएको छैन। प्रगति खुलाएको सूचकमा समेत लक्ष्य अनुसार प्रगति भएको छैन।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलव्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।८१ देखि २०८२।८३ को लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। सो अनुसार २०८०।८१ मा यस मन्त्रालयको लागि रु.९८ करोड ५ लाख ८५ हजार खर्च प्रक्षेपण भएकोमा रमान्तर थप समेत रु.१ अर्ब २ करोड २१ लाख ८५ हजार

विनियोजन भई रु.३० करोड १५ लाख ६७ हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भएतापनि विनियोजनको २९.५० प्रतिशत मात्र खर्च भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ ले यस मन्त्रालयले कार्यान्वयन गर्ने गरी वैदेशिक रोजगारीमा जाने तथा फर्किएका युवालाई सीप विकास तालिम, प्राविधिक सहयोग, अनुदानमा आधारित ऋण लगायतका कार्यक्रमहरू सञ्चालन गर्न रु.१० करोड, सवारी चालक अनुमति पत्र स्मार्ट कार्डको छपाई गर्न रु.३० करोड, वैदेशिक रोजगारबाट फर्केका युवाहरूको ज्ञान, सीप र पुँजीलाई उच्चतम उपयोग गर्न आवश्यक सीप विकास, प्राविधिक सहयोग र अनुदान मार्फत रोजगारी सिर्जना गर्ने र यो कार्यको लागि निजी क्षेत्र र वित्तीय संस्थाहरूसँग समन्वय र सहकार्य गर्न रु.५ करोड र स्टार्टअप र सहुलियतपूर्ण ऋण सहितको कार्यक्रम सञ्चालन गर्न रु.१० करोड समेत रु.५५ करोडको कार्यक्रम समावेश गरेकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएको पाइएन। कार्यान्वयनयोग्य कार्यक्रम प्रस्ताव गरी प्रगति हासिल गर्नुपर्दछ ।

६. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

७. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

८. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.५ करोड ७९ लाख ६१ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायत विभिन्न २४ प्रकारको सम्पत्ति रहेको देखिन्छ। मन्त्रालयले मातहत कार्यालय समेतको सम्पत्तिको विवरण उक्त प्रणालीमा लगत अद्यावधिक रहे/नरहेको सुनिश्चित गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

९. **सवारी साधन खरिद** - बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८०।८१ अनुसार अर्थ मन्त्रालयको सहमति लिई रु.३ करोड ६५ लाख ९९ हजारमा चार पाङ्ग्रे सवारी साधन ५ थान खरिद गरेको छ। खरिद भएको मध्ये १ सवारी साधन भौतिक पूर्वाधार विकास मन्त्रालयका मन्त्रीले प्रयोग गर्ने गरी उक्त

मन्त्रालयका लेखा अधिकृतले बुझिलिएको छ। यसरी प्रदान गरेको सवारी साधन फिर्ताको लागि मन्त्रालयले पटक पटक पत्राचार गरेको भएतापनि फिर्ता भएको छैन।

१०. **राजस्व असुली र अभिलेख** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार यस वर्ष ८ यातायात व्यवस्था कार्यालयबाट रु.३ अर्ब २६ करोड ६ लाख राजस्व असुली भएको छ। प्रदेश अन्तर्गत यस वर्ष सवारी चालक अनुमति पत्र जारी संख्या १ लाख ५ हजार २८७, नवीकरण ४ हजार ८८७, सवारी जाँचपास २२ हजार ८८७ र सवारी साधन दर्ता ५३ हजार ८५८ रहेको छ।

११. **ईजाजत दस्तुर** - प्रदेश आर्थिक ऐन, २०८० को अनुसूची-२ को १४(आ) मा नेपालमा कायम भएका बाटोहरूमा सञ्चालन गर्ने ठूला तथा मझौला पर्यटकीय सवारीहरू, संस्थानका सवारीहरू र सार्वजनिक ट्रकहरूको राष्ट्रव्यापी बाटो ईजाजत दस्तुर रु.१० हजार लिने व्यवस्था रहेको छ। सो बमोजिमको राजस्व असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहतसमेत ९ निकायको रु.२ करोड २० लाख १६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.५ लाख ७७ हजार फर्स्यौट भई रु.२ करोड १४ लाख ३९ हजार बाँकी रहेको छ। सो मध्ये रु.१ करोड ८० लाख ९० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश संरचना निर्माणका लागि सङ्घ वा स्थानीय तहसँग समन्वय गरी उपयुक्त सरकारी वा सार्वजनिक जग्गाको खोजी र प्राप्ति गर्ने, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन एवं स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण,
- नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना,
- क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,
- प्रदेशको स्वामित्वमा रहेको सरकारी जग्गा भाडामा दिने वा उपयोग गर्ने सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन,
- गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम् सो सम्बन्धमा सङ्घ र स्थानीय तहसँग समन्वय,
- चरन तथा खर्क सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन,
- कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
- सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक नीति, कानुन र मापदण्डको तर्जुमा, कार्यान्वयन,
- सहकारी सम्बन्धी सङ्घीय, अन्तरप्रादेशिक र स्थानीय तहका निकायसँग समन्वय र सहकार्य,
- सहकारी क्षेत्रको विकास तथा प्रवर्धन, क्षमता अभिवृद्धि र परिचालन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहत समेत २७ कार्यालयको निम्नानुसार रु.१ अर्ब २७ करोड ८४ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
११७६९१०	४७२०	८१५२६	१५२४८	१२७८४०४

यो वर्ष समिति तथा अन्य संस्थातर्फ १ निकायको रु.३ करोड ५१ लाख २२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	२९२९१९	२९२९१९	१४९१२९	५०.९१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२०५६	२०५६	७५४	३६.६९
२२१०० सेवा महसुल	१४७७८	१४७७८	१०६९५	७२.३७
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४६४९०	४६४९०	३८५४१	८२.९०
२२३०० कार्यालय सामान तथा सेवाहरू	१६८९५	१६८९५	१५१७०	८९.७९
२२४०० सेवा तथा परामर्श खर्च	५८३१५	५८३१५	४६९१५	८०.४५
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	८२३७६२	८२८७६२	२२९९८९	२७.७५
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२३८१३	२३८१३	१६४८७	६९.२३
२२७०० विविध खर्च	६२८७	६२८७	५५४९	८८.२६
२६३०० अन्य तहका सरकारहरूलाई	८००००	८००००	६०७७९	७५.९७
२८१०० सम्पत्ति सम्बन्धी खर्च	३२४५	३२४५	२५२२	७७.७२
२८९०० भैपरी आउने चालु खर्च	५०००	०	०	०.००
चालु जम्मा	**१३७३५६०**	**१३७३५६०**	**५७६५३०**	**४१.९७**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१२४९९६७	१२५४९६७	६००३८०	४७.८४
३१५०० भैपरी आउने पुँजीगत	५०००	०	०	०.००
पुँजीगत जम्मा	**१२५४९६७**	**१२५४९६७**	**६००३८०**	**४७.८४**
कुल जम्मा	**२६२८५२७**	**२६२८५२७**	**११७६९१०**	**४४.७७**

उल्लिखित विवरणअनुसार चालुतर्फ ४१.९७ प्रतिशत, पुँजीगततर्फ ४७.८४ प्रतिशत र समग्रमा ४४.७७ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भएको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० सम्मको स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र.सं.	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८० को लक्ष्य	२०७९।८० को प्रगति
१	कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान	रु. अर्बमा	१७७.८०	२२१.७१	२१७.६०
२	प्रति व्यक्ति खाद्यान्न उत्पादन	किलोग्राम	१६१.९	१९६.७०	मूल्याङ्कन नभएको
३	उन्नत प्रविधिमा पहुँच भएका कृषक	प्रतिशत	२०	८०	मूल्याङ्कन नभएको
४	भूउपयोग नीति लागु भएका स्थानीय तह	संख्या	०	३२	०
५	भूउपयोग सहितको वैज्ञानिक नक्सांकन एवं विद्युतीय अभिलेख तयार भएका स्थानीय तह	संख्या	०	६०	०
६	सहकारी संख्या	संख्या	५६५७	५९२२	४१५३
७	सहकारीमा सङ्लनकर्ता	संख्या हजारमा	६५८	७३०	५५५
८	निक्षेप सङ्लन	रु.करोडमा	५९१	१०५०	२३१९
९	ऋण परिचालन	रु.करोडमा	८१३	१८००	१५०५

उल्लिखित विवरणअनुसार दुई सूचकको मूल्याङ्कननै नभएको, दुई सूचकमा शून्य प्रगति भएको र दुई सूचकमा लक्ष्यको तुलनामा कम प्रगति भएको देखिन्छ। निर्धारित लक्ष्य पूरा गर्ने गरी आवधिक योजनाको कार्यान्वयन गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलब्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।८१ देखि २०८२।८३ सम्म त्रिवर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। सो अनुसार २०८०।८१ मा यस मन्त्रालयको लागि रु.२ अर्ब ६२ करोड ८५ लाख २७ हजार बजेट प्रक्षेपण भएकोमा सोही बमोजिम विनियोजन भई रु.१ अर्ब १७ करोड ६९ लाख १० हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भए तापनि विनियोजनको ४४.७७ प्रतिशत मात्र खर्च भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ मा यस मन्त्रालयसँग सम्बन्धित एक टोल एक सामुहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र कार्यक्रममा रु.१० करोड, कृषि प्रणालीलाई आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमा रु.२५ करोड, किसानलाई सरल सहज रुपमा उन्नत जातको बिउ बिजन, मल उपलब्ध गराउन, कृषि तथा पशु बीमा, उत्पादन सङ्कलन केन्द्र निर्माण, प्रशोधन भण्डारण र बिक्री व्यवस्थापन गर्न रु.२० करोड, माटो र कृषि उपजको गुणस्तर परीक्षण गर्न प्रयोगशाला निर्माण र सुदृढीकरण गर्न रु.२ करोड, घुम्ती कृत्रिम गर्भधारण कार्यक्रम सञ्चालन गर्न रु.१ करोड र प्रत्येक जिल्लामा एकीकृत बजार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न रु.२ करोड ४० लाख बजेट विनियोजन भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। कार्यान्वयनयोग्य कार्यक्रम प्रस्ताव गरी प्रगति हासिल गर्नुपर्दछ।

६. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

७. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

८. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.३६ करोड ९३ लाख ३२ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जिप,

मोटरसाइकल, उपकरण, फर्निचर लगायत विभिन्न ४० प्रकारका सम्पत्तिहरू रहेको देखिन्छ। उक्त विवरणअनुसार कार्यालय भवनको रु.६ र जमिनको रु.१० सांकेतिक मूल्याङ्कन कायम गरेको देखिन्छ। मन्त्रालयले उक्त प्रणाली मार्फत मातहत कार्यालय समेतको सम्पत्तिको लगत अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

९. **सहकारी संस्थाको नियमन** - प्रदेश सरकारले सहकारी संस्थाहरूको दर्ता तथा नियमन गर्न सहकारी ऐन, २०७९ लागु गरेको छ। प्रदेश सरकारको नियमन क्षेत्रमा पर्ने सहकारीको संख्या ८१९ रहेको छ। सहकारी ऐनको दफा ५० मा सहकारीमा राखेको बचतको ब्याज र ऋणको व्याजदरको बीचको औसत अन्तर ६ प्रतिशत भन्दा बढी हुन नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकरण गरी सो को आधारमा व्याज लगाउन नपाइने, सहकारीले अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण लगायतमा खर्च गर्न नपाइने, कुल ऋण लगानी मध्ये कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनीशल क्षेत्रमा लगानी गर्नुपर्ने र एक सदस्यले विभिन्न सहकारीमा आवद्ध भई लाभ लिएको हुनसक्ने जस्ता क्षेत्रमा अनुगमन गरी सुधार गर्नुपर्नेमा सोको अनुगमन गरेको छैन। समग्र क्षेत्रको अनुगमन गरी उपर्युक्त बेहोरा कार्यान्वयन भएको सुनिश्चित हुनुपर्दछ।

१०. **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले बिलभरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले २०७८।७९ को छुट योजना भुक्तानी रकमको मूल्याङ्कनमध्ये भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत ११६ योजनाको साविक तथा हालको मूल्याङ्कन रु.६ करोड ३९ लाख ८७ हजार भएकोमा ८ जिल्लामा दुग्ध विकास तथा मासु मिसन कार्यक्रम अन्तर्गत ९६ योजनाको रु.४ करोड ४९ लाख ८७ हजार भुक्तानी गरेको छ। उक्त भुक्तानी गत वर्षको भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.न २२१) प्रमाणित नगरी मन्त्रालयस्तरीय छानबिन समिति र प्रदेश सभाको उच्चस्तरीय छानबिन समितिको सिफारिसको आधारमा भुक्तानी गरेको छ। भुक्तानी मध्ये नमुना छनोटको आधारमा विभिन्न ५ फर्महरूलाई भुक्तानी भएको रु.६५ लाख २४ हजारको परीक्षण गर्दा केहीमा दुई पक्षीय सम्झौता फाइल नरहेको, सम्झौतामा मिति नखुलेको, कार्यादेशमा मिति नखुलेको, कार्यसम्पन्न प्रतिवेदन स्वीकृत नभएको लगायतका बेहोरा देखिएका छन् जसले गर्दा अनुदान रकमको सही सदुपयोग भए नभएको सम्बन्धमा आश्वस्त हुन सकिएन। भुक्तानी प्राप्त फर्महरू भुक्तानी पश्चात् सञ्चालनमा रहेको र अनुदान पाएको रकमको सदुपयोग गरेको सुनिश्चित हुनुपर्दछ।

कृषि ज्ञान केन्द्र

११. **स्यालो ट्युवेल जडान** - स्यालो ट्युववेल/पम्प सेट/मोटर/इनार कार्यक्रम सञ्चालन विधि, २०७७ को बुँदा नं. ९ मा कार्यालयले जडान/निर्माण भएको स्यालो ट्युववेल/इनारको जिपिएस कोड अभिलेख राख्नु पर्ने र बुँदा नं. ११ मा सम्पन्न भएका कार्यको सूची सार्वजनिक गर्नुपर्ने उल्लेख छ। यो वर्ष कृषि ज्ञान केन्द्र, बारालें रु.३ करोड ५२ लाख १४ हजारको ६३१, पर्सालें रु.१ करोड १७ लाख ९६ हजारको १२३ र रौतहटले रु.१ करोड २८ लाख ३५ हजारको २६६ जनालाई स्यालो ट्युवेल अनुदान प्रदान गरेको छ। प्रदान भएको अनुदानबाट जडान भएका स्यालो ट्युवेलको जीपीएस कोड अभिलेख नराखेको तथा सम्पन्न कार्यको सूची सार्वजनिक समेत गरेको छैन।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

१२. **अनुदान वितरण** – कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ बमोजिम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सर्लाहीले नयाँ मत्स्य पोखरी निर्माण, प्रस्तावमा आधारित पशुपन्छी विकास पशु, पन्छी फर्म सुदृढीकरण लगायतका कार्यक्रममा विभिन्न ९१ संस्था सहकारी र व्यक्तिहरूलाई रु.३ करोड ४२ लाख ३० हजार, पर्साले ६८ अनुदानग्राहीलाई रु.२ करोड ७२ लाख ४१ हजार, महोत्तरीले ७२ अनुदानग्राहीलाई रु.१ करोड २९ लाख ९८ हजार र सप्तरीले नयाँ माछापोखरी निर्माणमा २३ अनुदानग्राहीलाई रु.८८ लाख ६४ हजार अनुदान प्रदान गरेको छ। यसरी प्रदान गरेको अनुदानको दिगोपना, निरन्तरता, उपयोगिता र प्रतिफलको अनुगमन गरी अनुदान पाउने व्यक्ति तथा संस्थाको नाम सार्वजनिक गरिनुपर्दछ।

समिति तथा अन्य संस्था

दुग्ध विकास बोर्ड

१३. **दुग्ध उपकरण अनुदान** – बोर्डले यस वर्ष प्रदेश भित्रका विभिन्न ६६ संस्थालाई चिलिङ भ्याट, डीप फ्रिज लगायतका दुग्ध उपकरणको लागि रु.४२ लाख ७३ हजार अनुदान प्रदान गरेको छ। वितरण भएको अनुदान पाउनेको विवरण सार्वजनिक गरी प्रदान गरेको अनुदानको उपयोग र प्रतिफल सुनिश्चित गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा एकीकृत वित्तीय विवरण, केन्द्रीय प्रगति विवरण, बजेट समर्पण, सम्पत्तिको एकीकृत विवरण लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - सरकारी कार्यालयतर्फ यो वर्ष रु.३ करोड ६९ लाख ९० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.१२ लाख ७७ हजार फर्स्यौट र रु.६ लाख ३० हजार थप भई रु.३ करोड ६३ लाख ४२ हजार बाँकी रहेको छ। सो मध्ये रु.५१ लाख ८ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।
    - समिति र अन्य संस्थातर्फ यो वर्ष रु.६ लाख १० हजार बेरुजु देखिएको छ। यस सम्बन्धी विवरण **अनसूची-१०** मा समावेश छ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेशको सर्वाङ्गीण एवं दिगो विकासको लागि प्रदेश विकासका नीति तथा योजनाको तर्जुमा अनुगमन र मूल्याङ्कन गर्न प्रदेश नीति आयोगको गठन तथा कार्यसञ्चालन ऐन, २०७५ अनुसार यस आयोगको गठन भएको छ।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष आयोगको रु.२ करोड २७ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२२२६१	७	२४	४७४	२२७६६

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	११५१२	१३५३७	९००६	६६.५३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	५३	५३	१६	३०.९४
२२१०० सेवा महसुल	५५८	५५८	१४२	२५.३८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	५३१०	६११०	२७८१	४५.५२
२२३०० कार्यालय सामान तथा सेवाहरू	३२१०	३२१०	११७६	३६.६३
२२४०० सेवा तथा परामर्श खर्च	४२७५	४२७५	१९१६	४४.८२
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१०८००	१०८००	७८१	७.२४
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	६१४८२	५८६५७	२०१४	३.४३
२२७०० विविध खर्च	१०००	१०००	३०६	३०.६२
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१८००	१८००	१८००	१००.००
चालु जम्मा	**१००००० **	**१००००० **	**१९९३८**	**१९.९४**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१००००	१००००	२३२३	२३.२३
पुँजीगत जम्मा	**१०००० **	**१०००० **	**२३२३**	**२३.२३**
कुल जम्मा	**११०००० **	**११०००० **	**२२२६१**	**२०.२४**

उल्लिखित विवरणअनुसार चालुतर्फ १९.९४ प्रतिशत, पुँजीगततर्फ २३.२३ प्रतिशत र समग्रमा २०.२४ प्रतिशत खर्च भएको छ।

३. **आयोगको गठन -** प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन, २०७५ को दफा ३ मा प्रदेश विकास नीति तथा योजनाको तर्जुमा, अनुगमन तथा मुल्याङ्कन गर्न मुख्यमन्त्री अध्यक्ष, प्रदेश सरकारबाट नियुक्त १ उपाध्यक्ष, कम्तीमा १ महिला सहित ६ सदस्य र अर्थ मन्त्रालयको प्रदेश सचिव सदस्य सचिवको रुपमा रहने गरी आयोगको गठन हुने व्यवस्था छ। आयोगमा उपाध्यक्ष र २ महिला सहित ५ सदस्य रहेका छन्।

४. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना

लागु भएको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गर्नुपर्नेमा २०७९।८० सम्मको स्थिति समीक्षा गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन अनुसार सो वर्षको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

क्र.सं.	प्रमुख सुचकहरू	एकाइ	आधार वर्ष (२०७५।७६)	परिमाणात्मक लक्ष्य (२०७९।८०)	परिमाणात्मक प्रगति (२०७९।८०)
१.	वार्षिक आर्थिक वृद्धिदर	प्रतिशत	६.५३	१०	१.९
२.	कुल गार्हस्थ्य उत्पादन	रु. अर्ब	४८८	६१५.८७	७०५
३.	औसत आयु	वर्ष	७०.२	७२.२	७२.९
४.	गरिबीको रेखामुनी	प्रतिशत	२६.६९	२२	२२.५३
५.	खानेपानी सुविधा पुगेको घरपरिवार	प्रतिशत	८९	९८	९६.५
६.	साक्षरता दर	प्रतिशत	४९.५	९६	६३.५
७.	शौचालय सुविधा	प्रतिशत	६५	९६	८८

दोस्रो आवधिक योजना सुरु भईसकेको अवस्थामा पहिलो आवधिक योजनाको चौथो वर्षको लागि तय गरेको लक्ष्यअनुसार वार्षिक आर्थिक वृद्धि दर, साक्षरता दर, शौचालय सुविधा लगायतको सूचकहरूमा लक्ष्य अनुसार उपलब्धि रहेको छैन। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रममा आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

५. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले २०८०।८१ देखि २०८२।८३ को लागि त्रिवर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। उक्त खर्च संरचना अनुसार २०८०।८१ मा प्रदेश सरकारको रु.१५ अर्ब ७६ करोड २ हजार आन्तरिक आय (राजस्व बाँडफाँट सहित) हुने प्रक्षेपण गरेकोमा रु.१४ अर्ब ४० करोड ८३ लाख ७६ हजार अर्थात् ९१.४२ प्रतिशत आय प्राप्त भएको छ। यसैगरी रु.४४ अर्ब ११ करोड ४६ लाख खर्च प्रक्षेपण गरेकोमा सोही बमोजिम बजेट व्यवस्था भई रु.२४ अर्ब ५४ करोड ४९ लाख अर्थात् ५५.६४ प्रतिशत मात्र खर्च भएको छ। विनियोजन अनुरुप खर्च नभएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न सक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

६. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा आयोजना बैङ्क सम्बन्धी व्यवस्था रहेको छ। लाभ लागत र आन्तरिक प्रतिफल दर विश्लेषण आयोजना सञ्चालन ढाँचा लगायतको सूचकको आधारमा आयोगले प्रदेशको आयोजना बैङ्क प्रकाशन गरेको छ। उक्त प्रकाशनमा प्रदेश सरकारको विषयगत मन्त्रालयले कार्यान्वयन गर्ने २८ र प्रदेश सरकार निजी क्षेत्र र नागरिक समाजको समन्वय र सहकार्यमा कार्यान्वयन हुने ३० समेत ५८ आयोजनाहरू छनोट गरी सूचीकृत गरेको छ। आयोगले आयोजना बैङ्क सञ्चालन निर्देशिका बनाई यसमा सूचीकृत भएका आयोजनाहरूको लागि बजेट विनियोजन हुने व्यवस्था गर्नुपर्दछ।

७. **मधेश गौरव आयोजना** - प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाको रुपमा घोषणा गरेका आयोजनामा यस वर्षको बजेट र खर्च स्थिति निम्नानुसार रहेको छ।

(रु.हजारमा)

क.सं.	आयोजना	बजेट	खर्च	खर्च प्रतिशत
१	मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुर धनुषा	६४६९३५	६३३८७७	९७.९८
२	मधेश सहिद लोकमार्ग (३०७ कि मी पर्सा देखि सप्तरी)	४००००	०	०
३	मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ	०	०	०
४	एक निर्वाचन क्षेत्र एक सडक (५ कि.मी. प्रति निर्वाचन क्षेत्र)	१८५४५४०	१५९७२७	८.६१
५	मधेश कृषि विश्वविद्यालय, राजविराज, सप्तरी	३२३२२९	२७६१९७	८५.४५
६	आमा तथा बाल अस्पताल, धनकौल, सप्तरी	५००००	४४२८४	८८.५७
७	सरुवा रोग अस्पताल, झिट्कैया, बारा	०	०	०
८	मधेश विश्वविद्यालय, विरगंज, पर्सा	२०७०९९	४४००८	२१.२५
९	ट्रमा अस्पताल, पथलैया, बारा	०	०	०
	जम्मा	**३१२१८०३**	**११५८०९३**	**३७.१०**

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, एक निर्वाचन क्षेत्र एक सडक, मधेश कृषि विश्व विद्यालय, मधेश विश्वविद्यालय र आमा तथा बाल अस्पतालका लागि कुल रु.३ अर्ब १२ करोड १८ लाख ३ हजार बजेट बिनियोजन भएकोमा रु.१ अर्ब १५ करोड ८० लाख ९३ हजार अर्थात् ३७.१० प्रतिशत खर्च भएको छ। आयोजनागत रुपमा सुरु अवधिदेखिको खर्चको एकीकृत विवरण तयार गरेको छैन। गौरवका आयोजनाको रुपमा प्रस्तुत गरेको मधेश सहिद लोकमार्गमा बजेट व्यवस्था भएकोमा खर्च नभएको एवं मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ, ट्रमा अस्पताल र सरुवा रोग अस्पतालमा यस वर्ष बजेट व्यवस्था भएको देखिएन। आवश्यक बजेटको व्यवस्था गरी निर्धारित योजना समयमै सम्पन्न गर्नुपर्दछ।

८. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.२९ लाख २० हजार मूल्यको कम्प्युटर तथा विद्युतीय मालसामान, सूचना कम्प्युटर तथा दूरसञ्चार उपकरण, फर्निचर लगायत विभिन्न ९ प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। आयोगको सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

९. **दरबन्दी र पदपूर्ति** - प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ मा प्रदेश निजामती सेवाको पदपूर्ति सम्बन्धी व्यवस्था छ। आयोगबाट प्राप्त विवरणअनुसार ४९ स्वीकृत दरबन्दी रहेकोमा १२ पदपूर्ति भई ३७ रिक्त रहेको छ।

१०. **वार्षिक प्रतिवेदन** - प्रदेश नीति आयोगको गठन तथा कार्यसञ्चालन ऐन, २०७५ को दफा २४ मा आयोगले वर्षभरीमा सम्पादन गरेका मुख्य कार्य, स्वीकृत गरेका योजना तथा कार्यक्रम र सो अनुसार प्रदेश स्तरका निकायबाट प्राप्त उपलब्धि समावेश भएको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। आयोगले ऐन बमोजिम वार्षिक प्रतिवेदन पेस नगरेको बेहोरा गत वर्षको प्रतिवेदनमा औल्याएकोमा यस वर्षमा समेत स्थितिमा सुधार आएको छैन। कानुनी व्यवस्था बमोजिम वार्षिक प्रतिवेदन पेस गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा आन्तरिक नियन्त्रण, आयोगको गठन, आवधिक योजना, दिगो विकास लक्ष्य, मध्यमकालीन खर्च संरचना, आयोजना बैङ्क लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष आयोगको प्रारम्भिक प्रतिवेदनमा लगति बेरुजु देखिएन। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सँगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सँगठित संस्थाको पदमा योग्यता प्रणाली व्यवस्थित गरी उपयुक्त उम्मेदवार छनोट मार्फत सार्वजनिक प्रशासन सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी बनाउन प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार सञ्चालनमा रहेको छ।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष आयोगको रु.७ करोड ६२ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६८०६८	७९३३	२९७	०	७६२९८

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक / सुविधा	२२५६५	२२५६५	११८४६	५२.५०
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	६७७	६७७	२४	३.५५
२२१०० सेवा महसुल	२३६०	२३६०	१७६३	७४.७०
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	७०५५	७०५५	५९०२	८३.६५
२२३०० कार्यालय सामान तथा सेवाहरू	५९७४	५९७४	५१८३	८६.७६
२२४०० सेवा तथा परामर्श खर्च	७०६६	७०६६	४६२४	६५.४४
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	४३१९०	४३१९०	२२५४२	५२.१९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२४००	२४००	८७७	३६.५६
२२७०० विविध खर्च	२०००	२०००	१९९६	९९.७८
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५०१०	५०१०	२६५२	५२.९३
चालु जम्मा	**९८२९७**	**९८२९७**	**५७४०८**	**५८.४०**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२७९१९	२७९१९	१०६६०	३८.१८
पुँजीगत जम्मा	**२७९१९**	**२७९१९**	**१०६६०**	**३८.१८**
कुल जम्मा	**१२६२१६**	**१२६२१६**	**६८०६८**	**५३.९३**

उल्लिखित विवरणअनुसार चालुतर्फ ५८.४० प्रतिशत, पुँजीगततर्फ ३८.१८ प्रतिशत र समग्रमा ५३.९३ प्रतिशत खर्च भएको छ।

३. **सेवा प्रवाह** - आयोगको पाँचौ वार्षिक प्रतिवेदन २०८०।०८१ अनुसार आयोगले अधिकृत र सहायक तहका खुला, बढुवा तथा अन्तरसेवा समेत १८९ पदको लागि १३१ विज्ञापन गरेकोमा १० हजार ३३३ दरखास्त प्राप्त भएको छ। दरखास्त आह्वान गरेको मध्ये अधिकृत एघारौं बाहेक अन्य सबै पदको लिखित परीक्षा सञ्चालन भएतापनि नतिजा प्रकाशन, अन्तवार्ता तथा सिफारिस गरेको छैन। आयोगको

कार्यतालिका अनुसार अधिकृत स्तरको माघ/फागुनमा अन्तर्वार्ता तथा सिफारिस भैसक्नुपर्नेमा आयोगले नवौ तहसम्म मात्र परीक्षा सञ्चालन गरेको छ।

४. **आयोगको परामर्श** - प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २(झ) मा प्रदेश सेवाको पद अन्तर्गत प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सँगठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सँगठित संस्थाको सेवा, प्रदेश प्रहरी सेवा र नगर प्रहरी सेवा पर्ने उल्लेख छ। सोही ऐनको दफा ९(ख) मा प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। आयोगको पाँचौं वार्षिक प्रतिवेदनमा प्रतिवेदनको अवधिभर कुनै पनि निकायका कर्मचारी सेवा सर्तसम्बन्धी कानुनका विषयमा परामर्श माग भई नआएकोले परामर्श सेवा प्रदान नभएको उल्लेख छ।

५. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.३ करोड ४७ लाख ७५ हजार मूल्यको सवारी साधान, उपकरण, फर्निचर लगायत विभिन्न २२ प्रकारको सम्पत्ति रहेको देखिन्छ। आयोगले आफ्नो स्वामित्वमा रहेका सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

६. **निरीक्षण** - प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७० मा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, सचिवालय वा कार्यालयले नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा यो ऐन, अन्य कानुन तथा आयोगले विभिन्न समयमा दिएको निर्देशन पालना गरे नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्ने व्यवस्था अनुसार अनुगमन तथा निरीक्षण गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आयोगको परामर्श तथा निरीक्षण लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - आयोगतर्फ रु.४ लाख ५१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु रु.३ हजार फर्स्यौट भई रु.४ लाख ४८ हजार बाँकी रहेको छ। सो मध्ये रु.३ लाख म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारको रुपमा संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने कर्तव्य सहित यस कार्यालयको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष कार्यालयको रु.२ करोड ३३ लाख ८३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२१८१५	७२८	८४०	०	२३३८३

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	५७०५	५७०५	३८१५	६६.८७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३४	३४	१८	५१.७६
२२१०० सेवा महसुल	९९३	९९३	७७५	७८.०३
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२९२०	२९२०	१७५८	६०.१९
२२३०० कार्यालय सामान तथा सेवाहरू	१९९०	१९९०	१७९२	९०.०७
२२४०० सेवा तथा परामर्श खर्च	८९०५	८९०५	६३५९	७१.४१
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	९१५०	९१५०	३१४६	३४.३९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१३५०	१३५०	८६८	६४.३२
२२७०० विविध खर्च	८००	८००	७०२	८७.७८
२८१०० सम्पत्ति सम्बन्धी खर्च	८४०	८४०	५४६	६५.००
चालु जम्मा	**३२६८७**	**३२६८७**	**१९७७९**	**६०.५१**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४४००	४४००	२०३६	४६.२८
पुँजीगत जम्मा	**४४००**	**४४००**	**२०३६**	**४६.२८**
कुल जम्मा	**३७०८७**	**३७०८७**	**२१८१५**	**५८.८२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६०.५१ प्रतिशत, पुँजीगततर्फ ४६.२८ प्रतिशत र समग्रमा ५८.८२ प्रतिशत खर्च भएको छ।

३. **बहस पैरवी -** कार्यालयको यस वर्षको वार्षिक प्रतिवेदन अनुसार प्रदेश सरकार र यस अन्तर्गतका कार्यालयलाई विपक्षी बनाई दर्ता गरिएका उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, निषेधाज्ञा, अदातलको अवहेलना, रिट निवेदन तथा अन्य समेत गरी ५४४ मुद्दा लगत रहेकोमा चालु वर्षमा ३३१ मुद्दा फर्स्यौंट भई २१३ बाँकी रहेको देखिन्छ।

४. **कानुनी सहायता -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कानुनी सहायता अधिकृतको नियुक्ति तथा सेवा शर्तसम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। निर्देशिका बमोजिम ८ कानुनी सहायता अधिकृत नियुक्ति गरी रु.३५ लाख २५ हजार पारिश्रमिक भुक्तानी गरेको छ।

नियुक्त कानुनी सहायता अधिकृत मार्फत् ६२१ कानुनी सहायता प्राप्त गरेको छ। कार्यक्षेत्र अन्तर्गतका जिल्लामा मानाचामल, सम्बन्ध विच्छेद, लेनदेन, नागरिकता विवाद, चेक अनादर, लिखत बदर, कुटपिट, निषेधाज्ञा, मुद्दाहरू न्यूनतम समयमा निराकरण तथा छिनोफानो गर्नुपर्दछ।

५. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार यस कार्यालयमा रु.२ करोड ६८ लाख १८ हजार मूल्यको कार, जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायत विभिन्न १९ प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। कार्यालयको सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा बहस पैरवी तथा मुद्दा फर्स्यौटको स्थिति लगायतका विषयमा सुझाव दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - कार्यालयतर्फ प्रारम्भिक प्रतिवेदनमा लगति बेरुजु देखिएन। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँकार्यपालिका वा नगरकार्यपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँकार्यपालिका र नगरकार्यपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार -** नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना -** कुल ७५३ स्थानीय तहमध्ये मधेश प्रदेशमा १३६ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि २१ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा १ महानगरपालिका, ३ उप-महानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउन

सकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा गत वर्ष औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यप्रणालीसम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोबार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न आवश्यक कानुन बनाई लागु गर्नुपर्दछ।

६. **समग्र आय-व्यय** - मधेश प्रदेशका १३६ स्थानीय तह र वक्यौता ६ (सप्तरीको विष्णुपुर गाउँपालिका, सिराहाको वरियारपट्टी गाउँपालिका, सर्लाहीको कविलासी नगरपालिका बाराको सिम्रौनगढ नगरपालिकाको २०७९।८०, पर्साको ठोरी (सुवर्णपुर) गाउँपालिकाको २०७५।७६ र सर्लाहीको धनकौल गाउँपालिकाको २०७६।७७) समेत यो वर्ष १४२ स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको देहाय अनुसार गत बर्षको जिम्मेवारी रु.१५ अर्ब ७९ करोड ५३ लाख ७८ हजार र यो वर्षको आय रु.८७ अर्ब ९ करोड ८२ लाख ४८ हजार गरी जम्मा रु.१ खर्ब २ अर्ब ८९ करोड ३६ लाख २६ हजारमध्ये रु.८९ अर्ब ३६ करोड ५३ लाख २ हजार खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रु.४४ अर्ब २८ करोड ३६ लाख ६६ हजार, पुँजीगत खर्च रु.२० अर्ब ७० करोड ८८ लाख ७ हजार र वित्तीय व्यवस्था तथा अन्य खर्च रु.२४ अर्ब ३७ करोड २८ लाख ३९ हजारसमेत जम्मा रु.८९ अर्ब ३६ करोड ५३ लाख २ हजार खर्च गरी रु.१३ अर्ब ५२ करोड ८३ लाख १ हजार जिम्मेवारी सारेको छ। यस सम्बन्धीविवरण **अनुसूची-१४** मा छ।

(रु.हजारमा)

क्र.सं.	स्थानीय तह	संख्या	सुरु मौज्दात	सङ्घीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
१	महानगरपालिका	१	३५७०९९	१३०६१९७	३७५९५	४७३४१४	६१८०५६	६८४७६४	३१२००२६	१७५३५३४	६८०७२३	७२७३६८	३१६१६२४	३१५५०१
२	उपमहानगरपालिका	३	१०४९२२३	२३१४१४५	६६३६०	८६६७२०	४१४२६६	११२५३५९	४७८६८५०	२७२३८४७	११७५२१२	१०२५००८	४९२४०६७	९१२००६
३	नगरपालिका	७४	९२२५९५७	२७८७५२६७	८९१६६०	८००४४७५	१८४३०८५	१३१६०४७१	५१७७४९५९	२५६२४७७०	११९५११२०	१५२२९८०३	५२८०५६९३	८१९५२२२
४	गाउँपालिका	६४	५१६३०९९	१५०६२८१६	५५४२१५	४४०९१३५	४८२३९१	६९०७८४७	२७४१६५१२	१४१८१५१४	६९०१७५३	७३९०६६०	२८४७३९१७	४१०५५७२
	जम्मा	**१४२**	**१५७९५३७८**	**४६५५८४२६**	**१५४९८३०**	**१३७५३७४४**	**३३५७८०६**	**२१८७८४४१**	**८७०९८२४८**	**४४२८३६६६**	**२०७०८८०७**	**२४३७२८३९**	**८९३६५३०२**	**१३५२८३०१**

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट १३६ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

क्र.सं.	अनुदानको किसिम	स्वीकृत बजेट			यथार्थ हस्तान्तरण		
		सङ्घ	प्रदेश	जम्मा	सङ्घ	प्रदेश	जम्मा
१	वित्तीय समानीकरण	१६१११७००	११८०८०४	१७२९२५०४	१४९६२९०८	११७०१२९	१६१३२०३७
२	सशर्त	२८४६३२००	०	२८४६३२००	२४७५६९४२	०	२४७५६९४२
३	विशेष	५१५१२००	४२८५००	५५७९७००	९२७३९५	१८६०५३	१११३४४८
४	समपुरक	११८८००	२८४०००	४०२८००	८२८६२४	५१७५९	८८०३८३
	जम्मा	**४९८४४९००**	**१८९३३०४**	**५१७३८२०४**	**४१४७५८६९**	**१४०७९४१**	**४२८८३८१०**

स्थानीय तहका लागि वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ९६.७१ प्रतिशत तथा प्रदेश सरकारबाट ३.२९ प्रतिशत हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका १४२ स्थानीय

तहको २०८०।८१ को कुल आन्तरिक आय रु.३ अर्ब ३५ करोड ७८ लाख ६ हजार रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु खर्च समेत धान्न नसकेको अवस्था छ। स्थानीय तहको राजस्व क्षमता बढाई आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा बजेट पेस र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। मधेश प्रदेशमा रहेका १३६ स्थानीय तहमध्ये बक्यौता समेत गरी १४२ लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रु.४४ अर्ब २८ करोड ३६ लाख ६६ हजार (४९.५५ प्रतिशत), पुँजीगत खर्च रु.२० अर्ब ७० करोड ८८ लाख ७ हजार (२३.१८ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्य खर्च रु.२४ अर्ब ३७ करोड २८ लाख ३९ हजार (२७.२७ प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय सरकार** बी**चको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। मधेश प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने, सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ।साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६ बक्यौता समेत १४२ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ९ हजार ६१० दफा र लगति १३ हजार ७३० दफाबाट रु.६ अर्ब ९५ करोड ९९ लाख ५१ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहबाट प्राप्त प्रतिकृयाबाट १५ सैद्वान्तिक र ८२१ लगतिबाट रु.५५ करोड ५४ लाख ३ हजार बेरुजु फर्स्यौंट भई रु.६ अर्ब ४० करोड ४५ लाख ४८ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	बेरुजु अङ्क रु	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**५७८७२६**	**९.०३**
२. नियमित गर्नुपर्ने	**४८४५३९१**	**७६.४४**
२.१ अनियमित भएको	१०२०२९०	१५.९३
२.२ प्रमाण कागज पेस नभएको	३८६६९८४	६०.३७
२.३ शोधभर्ना नलिएको	८११७	०.१३
३. पेस्की	**९३०४३०**	**१४.५३**
जम्मा बेरुजु	**६४०४५४८**	**१००**

द्रष्टव्य १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	स्थानीय तहको नाम	संख्या	लेखापरीक्षण रकम	बेरुजु रकम	बेरुजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
१	महानगरपालिका	१	६२८१६५०	२२७५०७	५१५०	३.६२	३.३४
२	उप महानगरपालिका	३	९७१०९१८	४०५२३२	८३३४०	४.१७	३.३१
३	नगरपालिका	७४	१०४५८०६५२	३८०३४०५	५५२०४०	३.६४	३.११
४	गाउँपालिका	६४	५५८९०३४७	१९७०४०१	२८९९००	३.५३	३.००
	जम्मा	**१४२**	**१७६४६३५६७**	**६४०४५४८**	**९३०४३०**	**३.६३**	**३.१०**

यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१४** मा समावेश छ। बक्यौता समेत समावेश छ।

१२. **असुली** - यो वर्ष स्थानीय तहको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पठाएपछि प्राप्त प्रतिक्रिया र सम्परीक्षणबाट रु.२४ करोड ४६ लाख ९९ हजार असुली भएको छ । असुली रकमको विवरण निम्नानुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	विवरण	रकम
१	लेखापरीक्षणको क्रममा	७५६७०
२	प्रारम्भिक प्रतिवेदन पठाएपश्चात्	३९२४८
३	सम्परीक्षणबाट	१२९७८१
	जम्मा	**२४४६९९**

१३. **लेखापरीक्षणबाट देखिएका समग्र बेहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य बेहोरा देहाय अनुसार छन्:

- **कानुन निर्माण तथा परिपालना** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत बेहोरा देखिएका छन्।

- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरू प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरू स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौंट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ।

- **सङ्गठन संरचना तथा मानव संशाधन** - कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्फर गरेको,

पदाधिकारी तथा कर्मचारीलाई कानुन व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायत बेहोरा देखिएका छन्।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम** - केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजस्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ।

- **आन्तरिक आय**- लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजस्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजस्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजस्व बाँडफाँट नगरेको लगायत बेहोरा देखिएका छन्।

- **खरिद व्यवस्थापन**- आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेस भएका प्रतिवेदनहरू स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका बेहोरा देखिएका छन्।

- **खर्च व्यवस्थापन**– आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्याद भित्र फस्यौंट नगरेको, विद्यालयका शिक्षकहरूको पारिश्रमिक तथा अन्य रकमहरू बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत बेहोरा देखिएका छन्।

- **अभिलेख तथा अनुगमन**- स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फस्यौंट हुन बाँकी पेस्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ। लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका बेहोराहरू सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

१४. **बेरुजु फर्स्यौट तथा सम्परीक्षण -** मधेश प्रदेशका १४२ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रु.६५ अर्ब ८४ करोड ६१ लाख ७३ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रु.९० करोड ९८ लाख ३८ हजार फर्स्यौट भई रु.६४ अर्ब ९३ करोड ६३ लाख ३५ हजार बाँकी रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको रु.६ अर्ब ४० करोड ४५ लाख ४८ हजारसमेत रु.७१ अर्ब ३४ करोड ८ लाख ८४ हजार बेरुजु बाँकी रहेको छ।

१४.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरिसकेपछि अलगअलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फर्स्यौट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानुनी व्यवस्था गरी बेरुजु फर्स्यौटमा तदारूकता ल्याउनुपर्दछ।

१५. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। यस प्रदेश अन्तर्गत देहायका १८ स्थानीय तहले २१ आर्थिक वर्षको लेखापरीक्षण नगराएकाले वक्यौता रहेको छ ।

क्र.सं.	जिल्ला	स्थानीय तहको नाम	लेखापरीक्षण वक्यौता वर्ष
१	धनुषा	कमला नगरपालिका	२०७८।७९
२	धनुषा	धनौजी गाउँपालिका	२०७८।७९
३	धनुषा	औरही गाउँपालिका	२०७७।७८
४	धनुषा	जनकपुरधाम उप-महानगरपालिका	२०७५।७६
५	पर्सा	धोविनी गाउँपालिका	२०७७।७८
६	पर्सा	पकाहामैनपुर गाउँपालिका	२०७६।७७
७	महोत्तरी	साम्सी गाउँपालिका	२०७७।७८, २०७४।७५ र २०७३।७४
८	महोत्तरी	रामगोपलपुर गाउँपालिका	२०७७।७८
९	महोत्तरी	गौशाला नगरपालिका	२०७३।७४
१०	महोत्तरी	लोहरपट्टी नगरपालिका	२०७३।७४
११	महोत्तरी	पिपरा गाउँपालिका	२०७३।७४
१२	रौतहट	कटहरिया नगरपालिका	२०७६।७७
१३	रौतहट	गढीमाई नगरपालिका	२०७६।७७
१७	सप्तरी	छिन्नमस्ता गाउँपालिका	२०७८।७९
१५	सर्लाही	ब्रम्हपुरी गाउँपालिका	२०७७।७८
१६	सर्लाही	बलरा नगरपालिका	२०७७।७८ र २०७४।७५
१७	सर्लाही	कविलासी नगरपालिका	२०७५।७६
१८	सर्लाही	बसबरिया गाउँपालिका	२०७५।७६

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ।

१. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस गर्ने व्यवस्था छ। महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ६ वटा प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेस गरेकोमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा दफाबार छलफल शुरु भएको छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी समितिको निर्णय कार्यान्वयनको सुनिश्चितिता गर्नुपर्दछ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ १४२ कार्यालयको लेखापरीक्षण भएकोमा १२१ कार्यालयको सैद्धान्तिक दफा १ हजार ६५० र लगति दफा १ हजार १०३ बाट रु. १ अर्ब ८ करोड १ लाख ८८ हजार बेरुजु देखिएकोमा कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा १२ र लगति दफा ९४ को रु. २ करोड ६५ लाख ४३ हजार फर्स्यौंट तथा रु.६ लाख ३२ हजार बेरुजु थप भई यो वर्ष रु. १ अर्ब ५ करोड ४२ लाख ७७ हजार बाँकी रहेको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १७ निकायको सैद्धान्तिक दफा २३४ र लगति दफा १९७ बाट रु.११ करोड २२ लाख ३७ हजार बेरुजु देखिएकोमा लगति दफा ३ को रु.२७ लाख १२ हजार बेरुजु प्रतिक्रियाबाट फर्स्यौंट भई यो वर्षको रु.१० करोड ९५ लाख २५ हजार बाँकी रहेको छ। कानुनबमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ।

३. **सम्परीक्षण** - गत वर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रु.८ अर्ब ३१ करोड ८ लाख ५८ हजार बेरुजु रहेकोमा रु.२८ करोड १२ लाख ८८ हजार सम्परीक्षण भएको छ। सम्परीक्षणबाट थप भएको रु.१ करोड १ लाख ८७ हजार समेत गत वर्ष सम्मको रु. ८ अर्ब ३ करोड ९७ लाख ५७ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष रु.१ अर्ब १६ करोड ३८ लाख २ हजार थप भई रु. ९ अर्ब २० करोड ३५ लाख ५९ हजार बेरुजु बाँकी रहेको छ।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

दिगो विकासका लागि स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्न प्रयत्नशील रहनुपर्दछ। प्रदेशले यसका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी उपयुक्त सँगठनात्मक संरचना, कर्मचारी व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालन लगायतका कार्यहरू गर्नुपर्दछ। प्रदेश सरकारको यो वर्षको लेखापरीक्षणबाट देखिएका कमी कमजोरीहरूमा पुनरावृत्ति नहुने गरी आर्थिक र वित्तीय अनुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

शासकीय प्रबन्ध

१. प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक कानुन सम्बद्ध पक्षसँगको समन्वयमा तर्जुमा गरी कार्य सम्पादन प्रभावकारी बनाउनुपर्दछ।

२. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकारक्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ । यस्ता कानुन बनाउने अधिकारको स्रोत सो कानुनमा उल्लेख गरेको हुनुपर्दछ।

३. सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन बञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

४. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

५. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजु बारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

६. मातहतका कार्यालयहरूबाट गराउनु पर्ने कार्यहरू मन्त्रालयमा एकमुष्ट बजेट राखी आफैं गराउने गरेको देखिएकोले मन्त्रालयहरू कार्य सञ्चालन स्तरका काममा संलग्न नभई नियमन, समन्वय, अनुगमन लगायत कार्यमा केन्द्रित रहनुपर्दछ।

७. सङ्घ, प्रदेश र स्थानीय तहबीच संरचना र काममा हुने दोहोरोपनालाई अन्त्य गर्दै सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

८. नेपालको संविधानको धारा ५९ को उपधारा ७ बमोजिम बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा सङ्घीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

९. संविधान र प्रचलित कानुनबमोजिम प्रतिवद्धता जनाइएका अनुदान (समानीकरण) बजेटमा उल्लेख भएबमोजिम निकासा नहुँदा बजेट अभाव भई प्रदेश र स्थानीय तहमा कतिपय खर्चहरु आगामी आर्थिक वर्षमा भुक्तानी गरेको देखिएकोले त्यस्तो अनुदान कटौती नहुने सुनिश्चितता हुनुपर्दछ ।

सार्वजनिक वित्त व्यवस्थापन

१०. क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था र जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयन योग्य बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

११. पूर्वानुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अवण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने कार्यबाट विकास निर्माण कार्यको गुणस्तरमा समेत कमि आउने भएकोले यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

१२. पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१३. प्राप्त अनुदान वर्षान्तमा बाँकी रहेमा कानुन बमोजिम फिर्ता गर्नुपर्नेमा आर्थिक वर्ष समाप्तिपश्चात् मात्र फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

१४. निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।

१५. राजस्वबाट चालु खर्च धान्न कठिनाई भई रहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद र कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायहरूको आवश्यकता सम्बन्धमा पुनरावलोकन गरिनु पर्दछ।

१६. अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुनेगरी मात्र अनुदान प्रदान गर्नुपर्दछ।

१७. व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पूँजीगत प्रकृतिको कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरूमा लगानी गर्दा लगानीको प्रकृति (शेयर वा ऋण) उल्लेख गर्नुपर्दछ। संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको बाहेका जग्गा वा सम्पत्तिमा गर्नुपर्दछ।

१८. सेवाग्राही समेतको योगदानमा आधारितमा रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चतता हुनुपर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

१९. मूआब्जा वितरण भइसकेका जग्गा अनिवार्यरुपमा सरकारी स्वामित्वमा ल्याइ सोको अभिलेख संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२०. सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

२१. मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार गरी सार्वजनिक सम्पत्तिको उच्चतम उपयोग गर्नुपर्दछ।

२२. प्रयोगको सुनिश्चितता आधारमा मात्र जिन्सी सामान, यन्त्र, उपकरण तथा औजार खरिद गर्नुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

२३. जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोग हुने सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।

२४. खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तन पश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलव्ध गराउने व्यवस्था गर्नुपर्दछ।

विकास व्यवस्थापन

२५. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

२६. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

२७. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

२८. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्नेगरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई समेत जवाफदेही बनाउनुपर्दछ ।

२९. प्रदेश सरकारले आयोजना बैङ्क स्थापना गरी आयोजना बैङ्कमा राखेका आयोजनाहरूलाई मात्र बजेट विनियोजन गरी आयोजनाहरू कार्यान्वयन गर्नुपर्दछ।

३०. सङ्घबाट प्रदेशमा हस्तान्तरण भएका र प्रदेशबाटै कार्यान्वयन सुरु गरिएका क्रमागत योजनाहरूलाई बजेट विनियोजन नगरी अधुरो राख्ने गरेको देखिएकोले ती योजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्दछ। लाभ लागतको दृष्टिकोणले उपयुक्त नदेखिएमा सोको कारण खुलाई कानुन बमोजिम टुङ्ग्याउनुपर्दछ।

३१. विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ । कार्यालयमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने र विशेष प्राविधिक विज्ञता आवश्यक पर्ने कार्यमा मात्र परामर्श सेवा लिनुपर्दछ।

३२. दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेटबीच सामाञ्जस्यता कायम गर्नुपर्दछ।

सूचना प्रविधि

३३. सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

३४. एकै प्रकारको कामको लागि निकायगतरूपमा भिन्ना भिन्नै सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३५. प्रदेश मातहतका कार्यालयहरूले प्रयोग गरेको विद्युतीय सवारी दर्ता प्रणालीले कार्यालयहरूको आवश्यकतानुसार सूचना प्रदान गर्न नसकेकोले यसमा सुधार हुनुपर्दछ।

३६. तथ्याङ्क सत्यापान गर्ने प्रणालीको विकास गर्ने तथा सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमितरुपमा परीक्षण गरी सूचना प्रविधिको विश्वसनियतामा अभिवृद्धि गर्नुपर्दछ।

३७. खरिद भएका सफ्टवेयरहरूको सोर्सकोड प्राप्त गरी सञ्चालनमा ल्याउनुपर्दछ।

सार्वजनिक प्रशासन

३८. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

३९. प्रादेशिक अस्पतालहरूमा प्रयोग नभएका स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ बिग्रिएका उपकरणहरू मर्मत सम्भार र सञ्चालन गरी स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउनुपर्दछ।

४०. स्वास्थ्य संस्थाको इजाजत तथा नवीकरणको अभिलेख अद्यावधिक गरी ती संस्थाहरूको नियमन गर्नुपर्दछ।

४१. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवालाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

४२. प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सवलीकरण गरी बहुसीपमूलक जनशक्ति तयार गर्न पर्याप्त तालिम प्रदान गर्नुपर्दछ।

४३. एउटै कर्मचारीलाई एकभन्दा बढी निकायको जिम्मेवारी दिने, विकल्प हुँदा समेत निमित्तबाट प्रशासन सञ्चालन गर्ने एवं कानुनी व्यवस्था विपरीत ३ महिना भन्दा बढि काजमा खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

४४. सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थता सहितको सेवा प्रवाह तय गरिनुपर्दछ । प्रमाणयोग्य कागजातहरुको शुरु प्रशोधन मात्र निःशुल्क गर्नुपर्दछ।

४५. अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सोप्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

सुशासन

४६. सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।

४७. लेखापरीक्षण प्रतिवेदनहरू समयमै छलफल भई विषयवस्तुको निरूपण गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

४८. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

४९. प्रदेश सभाका विशेष समिति, प्रदेश मन्त्रिपरिषद्, प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

उपर्युक्त अनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची-१
(प्रतिवेदनको परिच्छेद २ दफा ४.२ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार
२०८०।८१

(रु.हजारमा)

क.सं.	मन्त्रालय / निकायकोनाम	कार्यालय संख्या	बेरुजु भएका कार्यालयको संख्या	बेरुजु
१.	प्रदेश सभा सचिवालय	१	१	१८७७२
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२	०
३.	गृह सञ्चार तथा कानुन मन्त्रालय	१	१	४७४४५
४.	अर्थ मन्त्रालय	५	३	७०१८६
५.	खेलकुद तथा समाजकल्याण मन्त्रालय	१५	१	०
६.	शिक्षा तथा संस्कृति मन्त्रालय		१२	९६८८६
७.	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	२१	१८	६८५१०
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१४	१२	४७४३२२
९.	ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय	१७	१७	८०७९८
१०.	वन तथा वातावरण मन्त्रालय	१३	११	१३४७०५
११.	उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	१३	१२	४४२३
१२.	श्रम तथा यातायात मन्त्रालय	१०	९	२१४३९
१३.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७	१९	३६३४२
१४.	प्रदेश नीति तथा योजना आयोग	१	१	०
१५.	प्रदेश लोक सेवा आयोग	१	१	४४८
१६.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	०
	जम्मा	**१४२**	**१२१**	**१०५४२७७**

अनुसूची - १ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण

२०८०।०८१

क.सं.	लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण	इकाईगत संख्या	मन्त्रालयगत संख्या
	सरकारी कार्यालयहरूतर्फ		
१.	**प्रदेश सभा सचिवालय**		**१**
२.	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**		**२**
२.१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	
२.२.	प्रदेश जनलोकपाल आयोग	१	
३.	**गृह सञ्चार तथा कानुन मन्त्रालय**		१
३.१.	मन्त्रालय	१	
४.	**अर्थ मन्त्रालय**		**५**
४.१.	मन्त्रालय	१	
४.२.	प्रदेश लेखा नियन्त्रक कार्यालय	१	
४.३.	प्रदेश लेखा इकाई कार्यालयहरू	३	
५.	**खेलकुद तथा समाजकल्याण मन्त्रालय**		**८**
५.१.	मन्त्रालय	१	
५.२.	व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरू	२	
५.३.	सामाजिक विकास इकाइ कार्यालयहरू	४	
५.४.	दलित विकास समितिको कार्यालय	१	
६.	**शिक्षा तथा संस्कृति मन्त्रालय**		**७**
६.१.	मन्त्रालय	१	
६.२.	शिक्षा विकास निर्देशनालय	१	
६.३.	शिक्षा तालिम केन्द्र	१	
६.४.	शिक्षा विकास इकाईहरू	४	
७.	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**		**२२**
७.१.	मन्त्रालय	१	
७.२.	स्वास्थ्य निर्देशनालय	१	
७.३.	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र	१	
७.४.	स्वास्थ्य कार्यालयहरू	८	
७.५.	जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरू	२	
७.६.	प्रदेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय	६	
७.७.	प्रदेश स्वास्थ्य तालिम केन्द्र	१	
७.८.	प्रदेश जनस्वास्थ्य प्रयोगशाला	१	
७.९.	मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान	१	
८.	**भौतिक पूर्वाधार विकास मन्त्रालय**		**१४**
८.१.	मन्त्रालय	१	
८.२.	यातायात पूर्वाधार निर्देशनालय	१	
८.३.	सडक डिभिजन कार्यालयहरू	२	
८.४.	पूर्वाधार विकास कार्यालयहरू	७	
८.५.	शहरी विकास तथा भवन कार्यालय	२	
८.६.	प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना प्रादेशिक आयोजना व्यवस्थापन इकाइ	१	
९.	**ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय**		**१७**
९.१.	मन्त्रालय	१	
९.२.	खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू	४	

क.सं.	लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण	इकाईगत संख्या	मन्त्रालयगत संख्या
९.३.	जलश्रोत तथा सिंचाई विकास डिभिजन	८	
९.४.	भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन	४	
१०.	**वन तथा वातावरण मन्त्रालय**		**१३**
१०.१.	मन्त्रालय	१	
१०.२.	प्रदेश वन निर्देशनालय	१	
१०.३.	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र	१	
१०.४.	डिभिजन वन कार्यालयहरू	८	
१०.५.	भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू	२	
११.	**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**		**१३**
११.१.	मन्त्रालय	१	
११.२.	घरेलु तथा साना उद्योग कार्यालयहरू	८	
११.३.	पर्यटन विकास कार्यालयहरू	३	
११.४.	उद्योग विभाग	१	
१२.	**श्रम तथा यातायात मन्त्रालय**		१०
१२.१.	मन्त्रालय	१	
१२.२.	यातायात व्यवस्था सेवा कार्यालय	३	
१२.३.	यातायात व्यवस्था कार्यालय	५	
१२.४.	रोजगार सूचना केन्द्र	१	
१३.	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**		**२७**
१३.१.	मन्त्रालय	१	
१३.२.	कृषि विकास निर्देशनालय	१	
१३.३.	पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	१	
१३.४.	बाली संरक्षण प्रयोगशाला	१	
१३.५.	कृषि ज्ञान केन्द्रहरू	८	
१३.६.	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू	८	
१३.७.	मत्स्य विकास केन्द्रहरू	२	
१३.८.	माटो तथा मल परीक्षण प्रयोगशाला	१	
१३.९.	कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र	१	
१३.१०.	पशु सेवा तालिम केन्द्र	१	
१३.११.	बिउबिजन प्रयोगशाला	१	
१३.१२.	उष्ण प्रदेशीय बागबानी केन्द्र	१	
१४.	**प्रदेश नीति तथा योजना आयोग**		**१**
१५.	**प्रदेश लोक सेवा आयोग**		**१**
१६.	**मुख्य न्यायाधिवक्ताको कार्यालय**		**१**
		जम्मा	**१४२**
अन्य संस्था तथा समितितर्फ			
१	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**		**१**
१.१	प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र	१	
२	**गृह सञ्चार तथा कानुन मन्त्रालय**		**३**
२.१	चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन बोर्ड	१	
२.२	मिडिया काउन्सील	१	
२.३	आम सञ्चार प्राधिकरण	१	
३	**शिक्षा तथा संस्कृति मन्त्रालय**		**३**
३.१	मधेश कृषि विश्वविद्यालय	१	
३.२	मधेश विश्वविद्यालय	१	

क.सं.	लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण	इकाईगत संख्या	मन्त्रालयगत संख्या
३.३	मधेश प्रज्ञा प्रतिष्ठान	१	
४	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**		**१**
४.१	दुग्ध विकास बोर्ड	१	
५	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**		**८**
५.१	प्रादेशिक अस्पताल (वक्यौता १ समेत)	२	
५.२	जिल्ला अस्पतालहरू	६	
	जम्मा		**१६**
	कुल जम्मा		**१५९**

अनुसूची-२
(प्रतिवेदनको परिच्छेद १ को दफा १.१ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको लेखापरीक्षण रकम
२०८०।८१

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/ निकायको नाम	विनियोजन रकम				राजस्व				धरौटी				अन्य कोष				जम्मा
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१	प्रदेश सभा सचिवालय	१	३१७८७०	१	३१७८७०	१	४८७	१	४८७	१	४०१४	१	४०१४	१	६३४	१	६३४	३२३००५
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२	१५०४३२	२	१५०४३२	१	३५४०	१	३५४०	१	५२०६०	१	५२०६०	१	४४१६०६	१	४४१६०६	६४७६३८
३	गृह सञ्चार तथा कानून मन्त्रालय	१	३९३३९०	१	३९३३९०	१	२८५७	१	२८५७	१	२३५१४	१	२३५१४	१	२०९२१४	१	२०९२१४	६२८९७५
४	अर्थ मन्त्रालय	५	१५२८०८०	५	१५२८०८०	२	१०८९५४७०	२	१०८९५४७०	४	८९२६	४	८९२६	३	२६७८८	३	२६७८८	१२४५९२६४
५	शिक्षा तथा संस्कृति मन्त्रालय	१५	२४५३९४२	१५	२४५३९४२	१०	१०३९०	१०	१०३९०	११	२७२६४	११	२७२६४	२	८९२३	२	८९२३	२५००५१९
६	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२१	३७८६५९८	२१	३७८६५९८	१४	१६९७	१४	१६९७	१८	१५७३४३	१८	१५७३४३	१४	२१७२६०	१४	२१७२६०	४१६२८९८
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	१५	८१३३६८२	१४	६९५०३००	१२	९५८८	११	९४३९	१२	१०५३८३५	१२	१०१७७५०	१	७८२७	१	७८२७	७९८५३१६
८	उर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय	१७	३८२९३०२	१७	३८२९३०२	१५	१६८३	१५	१६८३	१७	५५५३५२	१७	५५५३५२	५	६०७०	५	६०७०	४३९२४०७
९	वन तथा वातावरण मन्त्रालय	१३	१३३४८१४	१३	१३३४८१४	१३	१२३७०१	१३	१२३७०१	१२	१५४७९८	१२	१५४७९८	७	२०७३६४	७	२०७३६४	१८२०६७७
१०	उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	१३	१०२६१९९	१३	१०२६१९९	१३	८५१२९	१३	८५१२९	१३	५०१२३	१३	५०१२३	३	९८४	३	९८४	११६२४३५
११	श्रम तथा यातायात मन्त्रालय	१०	३०१५६७	११	३०१५६७	१०	३२६०५९५	१०	३२६०५९५	५	१८०१	५	१८०१	०	०	०	०	३५६३९६३
१२	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७	११७६९१०	२७	११७६९१०	२७	४७२०	२७	४७२०	२७	८१५२६	२७	८१५२६	४	१५२४८	४	१५२४८	१२७८४०४
१३	प्रदेश लोकसेवा आयोग	१	६८०६८	१	६८०६८	१	७९३३	१	७९३३	१	२९७	१	२९७	०	०	०	०	७६२९८
१४	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	२१८१५	१	२१८१५	१	७२८	१	७२८	१	८४०	१	८४०	०	०	०	०	२३३८३
१५	प्रदेश नीति तथा योजना आयोग	१	२२२६१	१	२२२६१	१	७	१	७	१	२४	१	२४	१	४७४	१	४७४	२२७६६
	जम्मा	**१४३**	**२४५४४९३०**	**१४२**	**२३३६१५४८**	**१२३**	**१४१४८५२५**	**१२२**	**१४४०८३७६**	**१२६**	**२१७१७१७**	**१२५**	**२१३५६३२**	**४३**	**११४२३९२**	**४३**	**११४२३९२**	**४१०४७९४८**

द्रष्टव्यः *१. खेलकुद तथा समाजकल्याण मन्त्रालयको ८ इकाई र लेखापरीक्षण अङ्क शिक्षा तथा संस्कृति मन्त्रालयमा समावेश रहेको।*

२. पूर्वाधार विकास कार्यालय बाराको विनियोजन रु.१ अर्ब १८ करोड ३३ लाख ८२ हजार, राजस्व रु.१ लाख ४९ हजार र धरौटी रु.३ करोड ६० लाख ८५ हजार समावेश छैन।

३. राजस्वतर्फ सङ्घीय वित्तीय हस्तान्तरण रकम समावेश छैन ।

अनुसूची-२ क
(प्रतिवेदनको परिच्छेद १ को दफा १.३ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको बक्यौता लेखापरीक्षण रकम
२०८०।८१

(रु.हजारमा)

क्र.स.	मन्त्रालय/ निकायको नाम	विनियोजन रकम	राजस्व	धरौटी	अन्य कोष	जम्मा
१	पूर्वाधार विकास कार्यालय बारा	११८३३८२	१४९	३६०८५	०	१२१९६१६
	जम्मा	**११८३३८२**	**१४९**	**३६०८५**	**०**	**१२१९६१६**

अनुसूची-३
(प्रतिवेदनको परिच्छेद १ को दफा १ र १.२ सँग सम्बन्धित)

अन्य संस्था तथा समितिको लेखापरीक्षण विवरण
२०८०।८१

(रु.हजारमा)

क्र. सं	संस्थाको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	०	१	१०१७१७	०
२.	गृह, सञ्चार तथा कानुन मन्त्रालय	३	३	०	३	३४३९३	०
३.	शिक्षा तथा संस्कृति मन्त्रालय	३	३	०	३	९०४५२४	०
४.	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	९	९	०	९	३८७६८०२	०
५.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१	१	०	१	३५१२३	०
	जम्मा	**१७**	**१७**	**०**	**१७**	**४९५२५५९**	**०**

अनुसूची-४

प्रतिवेदनको परिच्छेद १ को दफा १.२ सँग सम्बन्धित)

आय-व्यय हिसाब तयार गर्ने सँगठित संस्था, समिति र अन्य संस्थाको लेखापरीक्षण रकम बेरुजु र संचालन नतिजा

२०८०।८१

(रु.हजारमा)

क्र. सं	कार्यालयको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम	वर्षको सुरु मौज्दात	आय				व्यय					यो वर्षको बचत	वर्षान्तको मौज्दात
						बिक्री / सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष	संचालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,मधेश प्रदेश															
१	प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुरधाम	२०८०।८१	१०१७१८	७५	७५२	०	५०४१९	७३०	५११४८	१११८७	१३८५१	१०८८३	१४६४९	५०५७०	५७९	१३३१
	गृह,संचार तथा कानुन मन्त्रालय															
२	मिडिया काउन्सील, जनकपुर	२०८०।८१	११६८२	०	२४७०	०	३८२०	२२२०	६०४०	०	४१४९	१४९३	०	५६४२	३९८	२८६८
३	आम सञ्चार प्राधिकरण,जनकपुर	२०८०।८१	१६८०१	०	३१८५	०	४८६२	२५००	७३६२	४८६२	४५७७	०	०	९४३९	-२०७७	११०७
४	चलचित्र तथा लोक संचार प्रवर्द्धन बोर्ड, जनकपुर	२०८०।८१	५९१०	०	२५६२६	०	०	२५०	२५०	३५०	४५९८	७१२	०	५६६०	-५४१०	२०२१६
	शिक्षा तथा संस्कृति मन्त्रालय,जनकपुर															
५	मधेश विश्वविद्यालय	२०८०।८१	२५११०८	०	६९७६७	६३७८	२०००००	७२२	२०७०९९	१४९२८	२९०८०	०	०	४४००८	१६३०९१	२३२८५९
६	मधेश प्रज्ञा प्रतिष्ठान	२०८०।८१	५३९८९	०	०	०	२६८१८	३५४	२७१७२	९०९७	१६०९९	१६२२	०	२६८१८	३५४	३५४
७	मधेश कृषि विश्वविद्यालय	२०८०।८१	५९९४२७	२९१६१	२९४३८९	०	३०००००	२३२२९	३२३२२९	२७६१९८	०	०	०	२७६१९८	४७०३२	३४१४२१
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जनकपुर															
८	मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान	२०८०।८१	१०७८६०९	९९४७	२०२२०३	१४३१३०	१५०००	१५१६०२	४४४७३२	५९५६२	४००७३५	१७०८९१	२६८८	६३३८७६	-१८९१४४	१३०५८
९	प्रादेशिक अस्पताल, धनुषा	२०७९।८०	३३१२४०	१६५२२	२६०१२	१४२	१६०१४६	७२०	१६१००८	८९४२७	०	०	८०८०६	१७०२३२	-९२२४	१६७८९
१०	प्रादेशिक अस्पताल, धनुषा	२०८०।८१	३५०९६४	२१३७६	१४७३९	०	१६९३७१	१७८७	१७११५८	९९३०२	०	०	८०५०४	१७९८०६	-८६४९	६०९०
११	लहान अस्पताल, सिराहा	२०८०।८१	३३४६९८	१६२३१	७४५२	५६०५०	१०८५४३	१७५६	१६६३५०	५८५७	४४२१	७२९२९	८५१४१	१६८३४८	-१९९८	५४५४
१२	मलंगवा अस्पताल, सर्लाही	२०८०।८१	४३८७७८	२९१०	२४७२	३०५९९	१९१४१२	७२५०	२२९२६१	१७८१९३	२९५००	०	१८२४	२०९५१७	१९७४४	२२२१६
१३	जिल्ला अस्पताल जलेश्वर	२०८०।८१	२५१९०४	१२८२	३१११	१५८७३	१२८९००	५	१४४७७८	९२१५५	१४९७१	०	०	१०७१२७	३७६५१	४०७६१
१४	गौर अस्पताल रौतहट	२०८०।८१	३३८२१५	९५	६९९	११९१३	१५९१२०	८६१८	१७९६५१	७४३७१	२११८०	६३०१३	०	१५८५६४	२१०८७	२१७८६
१५	कलैया अस्पताल, बारा	२०८०।८१	४२६९६८	१४००	११५५	६२३४२	१५११५९	०	२१३५०१	६२३०९	०	१५११५९	०	२१३४६८	३३	११८८
१६	सिराहा अस्पताल, सिराहा	२०८०।८१	३२५४२५	९९१६	५४३०	५०९६७	१०८७३०	५७८०	१६५४७८	११६३५	१०८६३२	३८२८०	१४००	१५९९४७	५५३०	१०९६१
	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय															
१७	दुग्ध विकास बोर्ड, धनुषा	२०८०।८१	३५१२२	६१०	०	०	१७४११	३००	१७७११	०	३०३४	२२०५	१२१७१	१७४११	३००	३००
		जम्मा	**४९५२५५९**	**१०९५२५**	**६५९४६२**	**३७७३९४**	**१९३०७१०**	**२०७८२४**	**२५१५९२८**	**९८९४३३**	**६५४८२८**	**५१३१८७**	**२७९१८३**	**२४३६६३१**	**७९२९७**	**७३८७५९**

अनुसूची - ५

(प्रतिवेदनको परिच्छेद २ दफा ४.७ र ४.८ सँग सम्बन्धित)

सरकारी निकायको पेस्की बाँकी रकम

२०८०।८१

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय / निकाय	गतवर्षसम्मको बाँकी		यो वर्षको फर्स्यौट		यो वर्षको थप पेस्की		बाँकी पेस्की		हालसम्मको जम्मा
		कर्मचारी/अन्य	मोबिलाइजेसन	कर्मचारी/अन्य	मोबिलाइजेसन	कर्मचारी/अन्य	मोबिलाइजेसन	कर्मचारी/अन्य	मोबिलाइजेसन	
१	सरकारी कार्यालय तर्फ	९३६५०१	१७१३७९४	५९६५	५६५०८	२९८६१	१६५२९७	९६०३९७	१८२२५८३	२७८२९८०
२	अन्य संस्था तथा समितितर्फ	३०४४६	१०९०९	१६५४	१०४९	८५६	०	२९६४८	९८६०	३९५०८
	जम्मा	**९६६९४७**	**१७२४७०३**	**७६१९**	**५७५५७**	**३०७१७**	**१६५२९७**	**९९००४५**	**१८३२४४३**	**२८२२४८८**

अनुसूची - ६

(प्रतिवेदनको परिच्छेद २ दफा ४.९ सँग सम्बन्धित)

कुल असुली
२०८०।८१

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय / निकाय		विनियोजन, राजस्व र धरौटी			कुल जम्मा
		कार्यालय संख्या	लेखापरीक्षणको क्रममा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	
१	सरकारी कार्यलयतर्फ	२५	३२६३	१०२२	३९५०९	४३७९४
२	अन्य संस्था तथा समितितर्फ	६	७४	४४९	१६२०	२१४३
	जम्मा	**३१**	**३३३७**	**१४७१**	**४११२९**	**४५९३७**

अनुसूची - ७

(प्रतिवेदनको परिच्छेद २ दफा ४.१० सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति
२०८०।८१

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय / निकाय	असुल गर्नुपर्ने		असुली		असुल गर्न बाँकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१	सरकारी कार्यालयतर्फ	१०	३५९	१	१६	३४३
२	अन्य संस्था तथा समितितर्फ	३	२८१	०	०	२८१
	जम्मा	**१३**	**६४०**	**१**	**१६**	**६२४**

अनुसूची - ८
(प्रतिवेदनको परिच्छेद १ दफा २.४ सँग सम्बन्धित)

राजस्वको शीर्षकगत आम्दानी विवरण
२०८०।८१

(रु.हजारमा)

क्र.सं.	राजस्व शीर्षक	रकम
१	११३१५-बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर	१७३२०६०
२	११४११-बाँडफाड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर	७२५३८३६
३	११४२१-बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क	२३९७१३७
४	११४७२-बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर	१६६
५	१४१५३-बाँडफाँड भई प्राप्त वन रोयल्टी	३०४५७
६	१४१५७-बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	३२६५५
७	१४२११-कृषिउत्पादनको विक्रीबाट प्राप्त रकम	६५८२
८	१४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम	१७०
९	१४२१३-अन्यविक्रीबाट प्राप्त रकम	१८८
१०	१४२१६-निजीधारा वापतको शुल्क	१९४
११	१४२१९-अन्यसेवा शुल्क तथा विक्री	३२०७३
१२	१४२२१-न्यायिकदस्तूर	४१८१
१३	१४२२३-शिक्षाक्षेत्रको आम्दानी	८७
१४	१४२२४-परीक्षाशुल्क	८४२०
१५	१४२२५-यातायातक्षेत्रको आम्दानी	९०७२९
१६	१४२२९-अन्यप्रशासनिक सेवा शुल्क	८९४५८
१७	१४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर	७४७८३
१८	१४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर	७७५९५७
१९	१४२६३-जलस्रोत सम्बन्धी अन्य दस्तुर	१
२०	१४२६४-वन क्षेत्रको अन्य आय	९१७
२१	१४३११-न्यायिकदण्ड,जरिवाना र जफत	५९
२२	१४३१२-प्रशासनिकदण्ड,जरिवाना र जफत	४३०५
२३	१४३१३-धरौटी सदरस्याहा	८
२४	१४५११-बीमादावी प्राप्ति	४४
२५	१४५२९-अन्यराजस्व	१४२०२
२६	१५१११-बेरूजू	६२९९३
२७	१५११२-निकासा फिर्ता	८३२७६
२८	१५११३-अनुदान फिर्ता	१६०२३३
२९	३३३४१-सवारीसाधन कर	१४३९६२५
३०	३३३६१-वन क्षेत्रको रोयल्टी	११३५८३
	जम्मा	**१४४०८३७६**

अनुसूची - ९
(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको बेरुजु वर्गीकरण (प्रदेश तह)
२०८०।८१

(रु.हजारमा)

क्र. सं.	कार्यालय	का.सं.	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
			दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने					
			सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेस नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	जम्मा पेस्की
१	प्रदेश सभा सचिवालय	१	२३	८	१९८५०	०	४	१०७८	०	२३	४	१८७७२	०	१८७७२	०	०	०	१८७७२	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२४	०	०	०	०	०	०	२४	०	०	०	०	०	०	०	०	०
३	गृह, सञ्चार तथा कानून मन्त्रालय	१	३३	३७	४७४४५	०	०	०	०	३३	३७	४७४४५	१०५	२८९८	४४२८७	०	०	४७१८४	१५६
४	अर्थ मन्त्रालय	३	५९	१	७०१८६	११	०	०	०	४८	१	७०१८६	०	०	७०१८६	०	०	७०१८६	०
५	खेलकुद तथा समाज कल्याण मन्त्रालय	१	१३	०	०	०	०	०	०	१३	०	०	०	०	०	०	०	०	०
६	शिक्षा तथा संस्कृति मन्त्रालय	१२	१२१	८१	९६९३९	०	३	५२	०	१२१	७८	९६८८६	१२८७	१०१३५	८५४६५	०	०	९५५९९	०
७	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१८	१८५	२७९	७२९६२	०	२१	४४५२	०	१८५	२५८	६८५१०	१९०६	११०११	५१८२७	०	०	६२८३७	३७६७
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	१२	२६६	२१६	४९३१४०	०	९	१८८२०	२	२६६	२०७	४७४३२२	७७६९५	७८८८९	१८६९५४	०	०	२६५८४४	१३०७८३
९	ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय	१७	२६५	१०७	८०९००	१	९	१०२	०	२६४	९८	८०७९८	२५०१	१४८३१	२६५६२	०	०	४१३९३	३६९०५
१०	वन तथा वातावरण मन्त्रालय	११	२१४	११५	१३४८८६	०	१५	१८१	०	२१४	१००	१३४७०५	११३९७	१९१	१२३११७	०	०	१२३३०८	०
११	उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	१२	१०४	११२	४४२३	०	०	०	०	१०४	११२	४४२३	७१४	०	३६६१	०	०	३६६१	४९
१२	श्रम तथा यातायात मन्त्रालय	९	१००	५४	२२०१६	०	२०	५७७	०	१००	३४	२१४३९	४७९	९६९	१९००	०	०	२८७०	१८०९०
१३	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१९	२०६	८५	३६९९०	०	११	१२७७	६३०	२०६	७४	३६३४२	५६५	९५३६	२११३४	०	०	३०६७०	५१०८
१४	प्रदेश लोक सेवा आयोग	१	१०	८	४५१	०	२	३	०	१०	६	४४८	०	०	१४८	०	०	१४८	३००
